सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१७ कात्तिक २०८०, शुक्रबार (3 Nov 2023, Friday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक १९७ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

बोक्सी आरोपमा फेरि ज्यादती

दलित महिलाको हात भाँचियो, छोराको टाउको फुटाइयो

परिवारका ६ सदस्यमाथि आक्रमण, १५ दिनमै दुईपटक कुटपिट, संलग्न चारमध्ये दुई पक्राउ



जनकपुरस्थित सहयोगी अस्पतालमा उपचाररत इतरियादेवी राम र उनका छोरा सुरेन्द्र राम।

■ घाइते सुरेन्द्र रामले अस्पतालको बेडबाट भने-

आमालाई कुटिरहेको सुनेपछि दौडिँदै जाँदा मेरो टाउकोमा पनि चिर्पटले हाने

म घरभित्र कोठामा थिएँ। बाहिर आमालाई कुटिरहेको र आमा कराएको सुनेपछि हतार-हतार निस्किएँ। आमा भएतिर जाँदै गर्दा मेरो टाउकोमा चिर्पटले हाने। आमा, बुबा, श्रीमती, भाइ र बुहारीले कुटाइ खाइरहँदा पनि जोगाउन सकिनँ। मेरो परिवारमाथि बोक्सी भनेर आरोप लगाउने र कुटपिट गर्नेलाई कारबाही होस्।

महोत्तरीबाट **रञ्जन भण्डारी**

महोत्तरीमा कथित बोक्सी आरोपमा फेरि दलित महिलासहित उनका परिवारका सदस्यमाथि नै कुटपिट भएको छ। गौशाला नगरपालिका- ११, लक्ष्मीनियाका चन्द्रशेखर यादव, सन्तोष यादव, विनोद पासमान र राम केवल भनिने केवल महतो नुनियाले मंगलबार स्थानीय ६६ वर्षीया इतरियादेवी रामसहित परिवारका ६ सदस्यहरूमाथि आक्रमण गरेका हुन्।

कुटपिटबाट इतरियादेवी, श्रीमान् रामचन्द्र राम, छोराहरू देवेन्द्र राम र सुरेन्द्र राम तथा बुहारीहरू सम्तोलियादेवी र सुन्दरदेवी घाइते भएको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता डिएसपी दिलीपकुमार गिरीले जानकारी दिए। उनका अनुसार कुटाइबाट इतरियादेवीको बायाँ हात भाँचिनुका साथै शरीरभर चोट लागेको छ, सुरेन्द्रको टाउको फुटेर ६ टाँका लगाउनुपरेको छ, सम्तोलियादेवीको कम्मरमा गम्भीर चोट लागेको छ भने देवेन्द्रको पनि शरीरभर चोट छ। इतरिया र सम्तोलियाको जनकपुरस्थित सहयोगी अस्पतालमा उपचार भइरहेको छ। देवेन्द्र र सुरेन्द्रको गौशालास्थित प्राथमिक स्वास्थ्य केन्द्रमा उपचार भइरहेको छ। त्यस्तै, कुटपिटबाट चोट लागेका रामचन्द्र र सुन्दरदेवी प्राथमिक स्वास्थ्य केन्द्रमा उपचारपछि हाल डिस्चार्ज भइसकेका छन्।

मलमूत्र खुवाउने धम्कीसमेत दिएको प्रारम्भिक जानकारी पाएका छौं



● डिएसपी दिलीपकुमार गिरी
प्रवक्ता, जिल्ला प्रहरी कार्यालय, महोत्तरी

बोक्सी भनेर कुटपिट गरेको र मलमूत्र खुवाउने धम्कीसमेत दिएको प्रारम्भिक जानकारी पाएका छौं। घटनाबारे सत्यतथ्य पत्ता लगाउँदै छौं। दोषीमाथि कारबाही हुन्छ।

घटनाबारे घाइते सुरेन्द्रले भने, 'म घरभित्र कोठामा थिएँ। बाहिर आमालाई कुटिरहेको र आमा कराएको सुनेपछि हतार-हतार निस्किएँ। आमा भएतिर जाँदै गर्दा मेरो टाउकोमा चिर्पटले हाने। आमा, बुबा, श्रीमती, भाइ र बुहारीले कुटाइ खाइरहँदा पनि जोगाउन सकिनँ।' उनले आमालगायत आफूहरूमाथि कुटपिट गर्नेलाई कारबाहीको माग गरेका छन्।

प्रहरीले आक्रमणकारीमध्ये सन्तोष यादव र विनोद पासमानलाई बुधबार पक्राउ गरेको छ। पीडित पक्षको जाहेरीलगत्तै उनीहरूलाई पक्राउ गरेको हो। उनीहरूविरुद्ध बोक्सी आरोपमा गरेको कुटपिट कसुरमा मुद्दा दर्ता भई अदालतबाट समेत म्याद लिएर अनुसन्धान भइरहेको प्रवक्ता गिरीले बताए। 'बोक्सी भनेर कुटपिट गरेको र मलमूत्र खुवाउने धम्कीसमेत दिएको प्रारम्भिक जानकारी पाएका छौं,' उनले भने, 'दुईजना पक्राउ परिसकेका छन्, घटनाको सत्यतथ्य पत्ता लगाएर दोषीमाथि कारबाही हुन्छ।'

» पृष्ठ ११ मा क्रमशः

■ कार्यपालिकाको स्वेच्छाचारितामा सर्वोच्चको लगाम

रिगललाई माफी दिने निर्णय बदर

■ तीन न्यायाधीशको संयुक्त इजलासको आदेशमा भनिएको छ-



ईश्वरप्रसाद खतिवडा | सपना मल्ल प्रधान | कुमार चुडाल

रिगललाई कर्तव्य ज्यान मुद्दामा सुरु बाँके जिल्ला अदालत र उच्च अदालत तुलसीपुर नेपालगन्ज इजलासबाट हुने ठहर गरिएको जन्मकैदको सजायमध्ये भुक्तान गर्न बाँकी कैद सजाय कट्टा गर्ने गरी भएको कामकारबाही सम्माननीय राष्ट्रपतिबाट भएको निर्णय र सोसम्बन्धी पत्राचारहरूसमेत उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ।

पक्राउ परे रिगल



सर्वोच्चको आदेशसँगै नेपालगन्जका योगराज ढकाल (रिगल)लाई बाँके प्रहरीले पक्राउ गरेको छ। आत्मसमर्पणका लागि जिल्ला प्रहरी कार्यालय जाँदै गर्दा उनलाई सेतु विक चोकनजिकबाट पक्राउ गरिएको हो।

टेकराज थामी/नयाँ पत्रिका

खुँडा प्रहार गरी व्यक्ति हत्या गरेको अभियोगमा जन्मकैद सजाय पाएका योगराज ढकाल 'रिगल'लाई कैद कट्टा गरी माफी दिने सरकारको निर्णय सर्वोच्च अदालतले बदर गरिदिएको छ। काय्ममुकाय्म प्रधानन्यायाधीश ईश्वरप्रसाद खतिवडा, न्यायाधीशद्वय सपना प्रधान मल्ल र कुमार चुडालको संयुक्त इजलासले बिहीबार रिगलले संविधान दिवसका अवसरमा

» पृष्ठ ११ मा क्रमशः

■ संघीय संसद्का १० महिना

एउटा मात्रै कानुन निर्माण, २२ विधेयक विचाराधीन, संकल्प प्रस्तावमा भएन छलफल



(विस्तृत पृष्ठ ३ मा)

कतारमा 'अन कल क्लिनर' काम गर्ने नेपाली महिला शोषणमा



कतारमा रहेका करिब १५ हजार महिला श्रमिक अधिकांश क्लिनर भिसामै

(विस्तृत पृष्ठ ९ मा)

भारतीले भक्कानिँदै सर्वोच्चको आँगन ढोगेर भनिन्-

कानुन मरेको छैन, मैले न्याय पाएँ





तस्बिरहरू : **संजित परियार**/नयाँ पत्रिका

१० कात्तिकदेखि माइतीघर मण्डलामा आमरण अनशनमा बसेकी मृतक चेतन मानन्धरकी पूर्वपत्नी भारती शेर्पा बिहीबार अपराह्नसम्म सर्वोच्चको निर्णय कस्तो आउला भनेर बेचैन थिइन्। लामो आमरण अनशनका कारण गलेकी उनी लखतरान हालतमा न्यायको पर्खाइमा थिइन्। जब सर्वोच्चको फैसला उनको पक्षमा आयो, क्षणभरमै बेचैन समाप्त भयो।

सहयोगीसँगै भारती सर्वोच्चको प्रांगण पुगिन्। सर्वोच्चको दैलोअगाडिको पेटीमा निहुरिएर भक्कानिँदै लामो समयसम्म ढोगिरहिन्। सर्वोच्चबाटै उनले भनिन्, 'कानुन मरेको छैन, मैले न्याय पाएँ।' यसपटक भारतीको दोस्रो आमरण अनशन थियो। यसअघि उनले गत १७ असोजमा अनशन गरेकी थिइन्। दसैंका कारण अनशन प्रभावित बनेको थियो। दसैंमा स्थगित अनशन उनले १० कात्तिकबाट पुनः सुरु गरेकी थिइन्।

'फौजदारी न्याय प्रणाली सुधारमा कोसेढुंगा'

अब कैद छुट/माफी दिँदा पीडितको मञ्जुरी अनिवार्य

फौजदारी न्याय प्रणालीमा सुधार आउनेछ



● **राजेन्द्रसिंह भण्डारी**, पूर्वएआइजी

यो फैसलाले राज्य पीडितको पक्षमा उभिनुपर्दछ भन्ने दायित्व सम्झाइदिएको छ। यसले फौजदारी न्याय प्रणालीमा केही हदसम्म सुधार ल्याउनेछ। अपराधीमैत्री बनेको राज्यसत्तालाई सच्चिनका लागि सन्देश गएको छ।

अहिलेको प्रावधानमा पुनर्विचार गर्छौं



● **नारायणप्रसाद भट्टराई**, प्रवक्ता, गृह मन्त्रालय

सर्वोच्चको फैसलालाई सकारात्मक रूपमा लिएका छौं। कैद छुटको विषय व्यवस्थित गराउन यो फैसलालाई अवसरका रूपमा लिएका छौं। अहिलेको प्रावधानमा पुनर्विचार गर्छौं।

नवराज मैनाली/नयाँ पत्रिका

राज्य अपराधीमैत्री बन्दै गइरहेका बेला बिहीबार सर्वोच्च अदालतको फैसलाले फौजदारी न्याय प्रणालीमा दूरगामी प्रभाव पार्ने कानुनविद् तथा प्रहरी अधिकारीले बताएका छन्। फैसला कार्यान्वयन भएमा आगामी दिनमा कार्यपालिकाले मनमौजी रूपमा कैद छुट तथा माफी दिने विकृति धेरै हदसम्म नियन्त्रण हुनेछ।

» पृष्ठ ११ मा क्रमशः



खाद्य कम्पनीले नकिन्दा बजारमा सस्तोमा धान बेच्न बाध्य छन् किसान

२६ असारमै धानको समर्थन मूल्य तोकेको खाद्य व्यवस्था तथा व्यापार कम्पनीले कात्तिक दोस्रो सातासम्म पनि खरिद गरेन किसानको धान

धनगढीबाट **तेजराज भट्ट**
कञ्चनपुरबाट **मोहन विष्ट**

सरकारी कम्पनी खाद्य व्यवस्था तथा व्यापारले समयमै धान नकिन्दा कैलालीका किसान बजारमा सस्तोमा बेच्न बाध्य भएका छन्। किसानले धानको न्यूनतम मूल्य नपाउने समस्या हल गर्न भन्दै सरकारले रोपाइँताका अर्थात् २६ असारमा नै धानको समर्थन मूल्य तोकेको थियो। तर, किसानबाट धान किनेर बजारमा प्रतिस्पर्धी भाउ बनाउने जिम्मा पाएको कम्पनीले कात्तिक दोस्रो सातासम्म पनि खरिद गरेको छैन। जसकारण यहाँका किसान न्यूनतम समर्थन मूल्यभन्दा पनि कम भाउमा धान बेच्न बाध्य भएका हुन्।

धान बेचेर हिउँदे खेतीका लागि खर्चको जोहो गर्नुपर्ने भएकाले किसानहरू व्यापारीले भनेकै मूल्य अर्थात् मोटो धान प्रतिक्विन्टल अधिकतम दुई हजार ७५० र मसिनो धान प्रतिक्विन्टल अधिकतम दुई हजार नौ सय रुपैयाँमा बिक्री गरिरहेका हुन्।

जब कि सरकारले ६ असारमा ०८०/८१ का लागि मोटो धानको न्यूनतम समर्थन मूल्य प्रतिक्विन्टल तीन हजार १९८ रुपैयाँ र मध्यम मसिनो धानको प्रतिक्विन्टल तीन हजार तीन सय ६२ रुपैयाँ मूल्य तोकेको थियो।

» पृष्ठ ११ मा क्रमशः

■ खाद्यलाई धान बेच्न वडाको सिफारिस, शुल्क असुल्दै पालिका



खाद्य कम्पनीको महेन्द्रनगर शाखामा धान बिक्री गर्दै किसान

सरकारी खाद्य कम्पनीले धान नकिनिदिँदा कैलालीका किसान व्यापारीलाई सस्तोमा बेच्न बाध्य छन्। कञ्चनपुरका किसान भने खाद्य कम्पनीलाई बेच्न पालिकाबाट सिफारिस लिनुपर्ने झन्झट बेहोर्दै छन्, वडाले पैसासमेत उठाएका छन्। कञ्चनपुरमा खाद्य कम्पनीलाई धान बेच्न सम्बन्धित वडाको सिफारिसपत्र अनिवार्य गरिएको छ। भीमदत्त नगरपालिकाका केही वडाले सिफारिसका लागि एक सय १० रुपैयाँसम्म शुल्क लिइरहेका छन्। धान बिक्री गर्न वडाबाट सिफारिसका लागि भीमदत्त नगरपालिका- १० ले एक सय १० रुपैयाँ शुल्क लिएको सुकासालका किसान उर्वादत्त जोशीले बताए।

श्रम स्वीकृतिलगायतका नक्कली कागजात बनाउने दुईजना पक्राउ

काठमाडौं/ श्रम स्वीकृतिलगायतका नक्कली कागजात बनाएको अभियोगमा प्रहरीले दुईजनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा गोरखा बारपाक सुलिकोट गाउँपालिका-४ घर भई हाल काठमाडौं वनस्थली बस्ने २३ वर्षीय अजित फेवाली र गोरखा बारपाक सुलिकोट गाउँपालिका-४ घर भई काठमाडौं नागार्जुन नगरपालिका-१, रानीवन बस्ने २१ वर्षीय विपिन ढकाल रहेका छन्।

भिजिट भिसामा विदेश जान लागेका व्यक्तिहरूको कागजात शंकास्पद रहेको भनी त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट १२ कात्तिकमा पठाइएका कागजातमध्ये सुजल हेङ्गजुको नामको श्रम स्वीकृति नक्कली देखिएकोमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मीनभवनबाट खटिएको प्रहरीले उक्त कागजात बनाउने दुवैजनालाई काठमाडौं महानगरपालिका-१३, सोल्टीमोडस्थित वैदेशक रोजगारसम्बन्धी काम गर्ने ट्राभल्सबाट पक्राउ गरेको हो। साथै, उक्त ट्राभल्सको कोठाबाट मोबाइल दुई थान र सिपियू एक थानसमेत प्रहरीले बरामद गरेको छ। उनीहरूलाई थप अनुसन्धान तथा कारबाहीका लागि प्रहरी वृत्त कालिमाटी पठाइएको छ।

द्रुत बसको सेवा खुम्चियो, १० बस मात्रै सञ्चालनमा

शिवहरि घिमिरे/ नयाँ पत्रिका

डेढ महिनाअघि २५ वटा बसबाट शुभारम्भ भएको द्रुत बसको सेवा खुम्चिएको छ। १५ वटा बस बाहिरिएसँगै अब १० वटा बसले मात्रै सर्वसाधारणलाई द्रुत सेवा दिने भएका हुन्।

सरकारले ३ असोज (संविधान दिवस)देखि भक्तपुरको सूर्यविनायकदेखि काठमाडौंको रत्नपार्कसम्म द्रुत बस सेवा सुरु गरेको थियो। पर्याप्त सडक पूर्वाधार नभएको र सरकारले सहजीकरण नगरिदिएको भन्दै १५ वटा बस बाहिरिएका हुन्। यातायात व्यवस्था विभागका प्रवक्ता ईश्वरीदत्त पनेरूले भने १५ नबाहिरिएको बताए। ती बस दसैँमा घर गएकालाई काठमाडौं फर्काउनमा प्रयोग भइरहेको उनले जानकारी दिए। उनका अनुसार द्रुत बसलाई व्यवस्थित गर्न डेडिकेटेड लेनमा तोकिएको समयमा डोरी बाँध्ने, ट्राफिक व्यवस्था सहज पार्नेलगायत तयारी भइरहेको छ। उनले दुई-तीन दिनभित्रमा २५ वटै द्रुत बस तोकिएको रुटमा सञ्चालन हुने बताए। 'द्रुत बस सेवाअन्तर्गतका बस बाहिरिएका छैनन्। तत्काल संख्या कम भएको मात्रै हो,' उनले भने, 'दसैँका वेला करिब १३ लाख मानिस उपत्यकाबाट बाहिरिएका थिए, उनीहरू फर्कने क्रम बढ्दो छ, त्यसैले बसहरू यात्रु ओसार्न लामो रुटमा चलेका छन्, कुनै-कुनै बस भाडामा पनि प्रयोग भएका छन्।'



● सुरुदेखि नै द्रुत बसको सेवा सुस्त

विनापूर्वतयारी सुरु गरिएको द्रुत बस ट्राफिक व्यवस्थापन सहज नहुँदा समयमै गन्तव्यमा समेत पुग्न सकेका थिएनन्। अन्य सवारीसाधनले बाटो छेकिदिँदा द्रुत बसले पाइला-पाइलामा सास्ती खेप्दै आएका थिए। सरकारले यी बसलाई ट्राफिक लाइट वा अन्य ट्राफिक नियम नलाग्ने बताए पनि त्यसअनुसार ट्राफिक सहजीकरण नभएको बस व्यवसायीको आरोप छ। यसअघि पनि सरकारले सुरु गरेको रात्रिकालीन बस सेवा यस्तै पूर्वाधार र संरचना निर्माण नहुँदा बन्द भएका थिए।

● द्रुत बस सेवा बन्द नगर्न यातायातविज्ञको सुझाव

यातायातविज्ञ आशिष गजुरेलले द्रुत बस सेवालाई बन्द गर्न नहुने बताउँदै यसमा सरकारको ध्यानाकर्षण गराए। 'बन्द गर्नु समस्याको समाधान होइन, ठूला र आधुनिक सहरमा यस प्रकारको बस सेवा चाहिन्छ,' उनले भने, 'बरु, यातायात व्यवसायीका माग सम्बोधन गर्ने र पूर्वाधार व्यवस्थित बनाउनेतर्फ ध्यान दिनु जरुरी छ।'

द्रुत बस सेवामार्फत ४५ मिनेटमा रत्नपार्कदेखि सूर्यविनायकसम्म पुग्ने दाबी गरिएको थियो। तर, अव्यवस्थित सडक पूर्वाधार र ट्राफिक व्यवस्थापन कमजोरीका कारण पहिलो दिनबाहेक कुनै दिन ती बस समयमा पुगेनन्। सरकारले सहयोग नगरेको भन्दै यातायात व्यवसायीहरूले यस रुटमा बस चलाउन आनाकानी गर्दै आइरहेका छन्। नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका वरिष्ठ उपाध्यक्ष सरोज सिटौलाले सरकारी पक्षबाट पूर्वाधार र ट्राफिक व्यवस्थापनमा पुग्दो सहयोग नगरेको बताए। 'यस्तो बस सेवा सञ्चालन गर्न सरकारले आवश्यक सहयोग गरिदिनुपर्छ, अन्य बसजस्तै भयो भने यस्तो बस सेवा सञ्चालन गर्नुको अर्थ छैन,' उनले भने।

सरकारले ३ असोजदेखि बिहान ९-११ र बेलुकी ४-६ बजेसम्म यस प्रकारको बस सेवा सञ्चालन गरेको थियो। तर, यो समयमा अत्यन्तै सवारी चाप हुने र यस प्रकारको बसले गर्दा थप ट्राफिक जाम बढ्ने भन्दै आलोचना हुँदै आएको छ। कतिपयले यस प्रकारको बस सेवा दिनभर पनि सञ्चालन हुन आवश्यक रहेको धारणा राख्दै आएका छन्।



● **आशिष गजुरेल**, यातायातविज्ञ

द्रुत बस सेवा बन्द हुनु समस्याको समाधान होइन। ठूला र आधुनिक सहरमा यस प्रकारको बस सेवा चाहिन्छ। बरु, यातायात व्यवसायीका माग सम्बोधन गर्ने र पूर्वाधार व्यवस्थित बनाउनेतर्फ ध्यान दिनु जरुरी छ।



● **सरोज सिटौला**, वरिष्ठ उपाध्यक्ष, नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ

सरकारी पक्षबाट पूर्वाधार र ट्राफिक व्यवस्थापनमा पुग्दो सहयोग नहुँदा सेवा नियमित गर्न समस्या भएको छ। यस्तो बस सेवा सञ्चालन गर्न सरकारले आवश्यक सहयोग गरिदिनुपर्छ, अन्य बसजस्तै भयो भने यस्तो बस सेवा सञ्चालन गर्नुको अर्थ छैन।

जानकी फाइनान्स कम्पनी लिमिटेड
Janaki Finance Company Ltd.

Janakpurdham, Nepal
Phone: 041-590586, 041-590587
Email: info@jfcjanakpur.com
Web.; www.jfcjanakpur.com

Unaudited Financial Results (Quarterly)

As on Quarter Ended 30th Ashwin, 2080

Condensed Statement of Financial Position (Quarterly)
As on Quarter Ended 30th Ashwin, 2080

Figures in NPR

Particulars	This Quarter ending	Immediate Previous year ending
Assets		
Cash and cash equivalent	1,397,515,858.35	1,268,590,999.47
Due from Nepal Rastra Bank	148,159,963.36	216,362,581.72
Placement with Bank and Financial Institutions	-	-
Derivative financial instruments	-	-
Other trading assets	-	-
Loan and Advances to B/FIs	49,863,139.09	19,929,919.99
Loans and advances to customers	3,126,529,831.28	2,852,846,876.35
Investment in securities	44,031,500.00	55,596,500.00
Current Tax Assets	39,923,415.38	45,423,334.70
Investment in subsidaries		
Investment in Associates		
Investment property	967,880.00	967,880.00
Property and equipment	49,475,612.18	32,019,013.10
Goodwill and Intangible Assets	2,856,397.35	3,054,202.00
Deferred tax assets	83,021,861.85	552,433.44
Other assets	392,506,930.03	154,612,150.46
Total Assets	**5,334,852,388.87**	**4,649,955,891.23**
Liabilities and Equity		
Liabilities:		
Due to Bank and Financial Institutions	93,407,649.94	164,228,523.88
Due to Nepal Rastra Bank		
Derivative Financial instruments		
Deposit from customers	3,576,186,097.47	3,360,631,982.71
Borrowings		
Current Tax Liabilities		
Provisions	2,792,987.16	1,598,496.29
Deferred tax liabilities		
Other liabilities	1,022,027,834.85	192,727,681.11
Debt securities issued		
Subordinated Liabilities	-	-
Total Liabilities	**4,694,414,569.42**	**3,719,186,683.99**
Equity:		
Share Capital	690,472,800.00	690,472,800.00
Share premium		-
Retained earning	(348,731,740.32)	35,189,376.52
Reserves	298,696,759.77	205,107,030.72
Total equity attributabe to equity holders	**640,437,819.45**	**930,769,207.24**
Non-controlling interests	**-**	**-**
Total equity	**640,437,819.45**	**930,769,207.24**
Total Equity & Liabilities	**5,334,852,388.87**	**4,649,955,891.23**

Condensed Statement of Profit or Loss
As on Quarter Ended 30th Ashwin, 2080

Particulars	Current Year		Previous year Corresponding	
	This Quarter	Up to this Quarter (YTD)	This Quarter	Up to this Quarter (YTD)
Interest Income	148,816,796.42	148,816,796.42	140,273,043.82	140,273,043.82
Interest Expense	97,736,700.48	97,736,700.48	89,635,129.92	89,635,129.92
Net interest income	**51,080,095.94**	**51,080,095.94**	**50,637,913.90**	**50,637,913.90**
Fees and Commission Income	182,557.49	182,557.49	177,601.26	177,601.26
Fees and Commission Expense				
Net fee and Commission income	**182,557.49**	**182,557.49**	**177,601.26**	**177,601.26**
Net interest fee and commission income	**51,262,653.43**	**51,262,653.43**	**50,815,515.16**	**50,815,515.16**
Net Trading Income	-	-		
Other Operating Income	1,215,740.54	1,215,740.54	971,487.22	971,487.22
Total operating income	**52,478,393.97**	**52,478,393.97**	**51,787,002.38**	**51,787,002.38**
Impairment charge/(reversal) for loans and other losses	43,653,397.06	43,653,397.06	39,830,296.57	39,830,296.57
Net Operating income	**8,824,996.91**	**8,824,996.91**	**11,956,705.81**	**11,956,705.81**
Personnel Expense	4,904,147.52	4,904,147.52	4,975,022.40	4,975,022.40
Other Operating Expenses	5,240,268.72	5,240,268.72	3,565,548.52	3,565,548.52
Depreciation and amortisation	1,305,659.00	1,305,659.00		
Operating expenses	**11,450,075.24**	**11,450,075.24**	**8,540,570.92**	**8,540,570.92**
Net operating Profit	**-2,625,078.32**	**-2,625,078.32**	**3,416,134.90**	**3,416,134.90**
Non operating income	3,248,537.18	3,248,537.18	39,705.50	39,705.50
Non operating expense				
Profit before income tax	**623,458.86**	**623,458.86**	**3,455,840.40**	**3,455,840.40**
Income tax expense	187,037.66	187,037.66	1,036,752.12	1,036,752.12
Current tax	187,037.66	187,037.66	1,036,752.12	1,036,752.12
Deferred tax				
Profit for the year	**436,421.20**	**436,421.20**	**2,419,088.28**	**2,419,088.28**

Condensed Statement of Comprehensive Income

Particulars	Current Year		Previous year Corresponding	
	This Quarter	Up to this Quarter (YTD)	This Quarter	Up to this Quarter (YTD)
Profit for the period	436,421.20	436,421.20	2,419,088.28	2,419,088.28
Other comprehensive income:				
Total comprehensive income	**436,421.20**	**436,421.20**	**2,419,088.28**	**2,419,088.28**
Basic Earning Per Share		0.06		1.40
Diluted Earning Per Share		0.06		1.40
Profit attributable to:				
Equity holders of the bank	436,421.20	436,421.20	2,419,088.28	2,419,088.28
Non-controlling interests				
Total	**436,421.20**	**436,421.20**	**2,419,088.28**	**2,419,088.28**

Ratios as per NRB Directives

Particulars	Current Year		Previous year Corresponding	
	This Quarter	Up to this Quarter (YTD)	This Quarter	Up to this Quarter (YTD)
Capital Fund to RWA		15.84%		23.47%
Non-Performing Loan (NPL) to Total Loan		17.60%		10.02%
Total Loan Loss Provision to Total NPL		91.03%		83.49%
Cost of Funds		10.93%		10.83%
Credit to Deposit Ratio		84.61%		86.84%
Base Rate		13.28%		12.56%
Interest Rate Spread		4.57%		4.34%

Notes to Financial Statement

1. Above Financial statements are prepared in accordance with the Nepal Financial Reporting Standards (NFRS) and certain carve-outs as issued by ICAN.
2. These figures may vary with the audited figures at the instance of external auditor and regulator.
3. Figures have regrouped and rearranged whenever necessary.
4. Loans & advances consist of accrued interest receivable net of interest suspense and have been presented in net of any impairment charges Impairment charge on loans and advances have been taken as calculated as per NRB Directives using Carve-Outs no.5 issued by Institute of Chartered Accountants of Nepal (ICAN) being higher of impairment charges calculated as per NAS 39.
5. Loans and Advances to customers include loan to customers and loan to employees which have been measured at amortized cost.
6. Personnel expenses include employee bonus provision and amortization of the deferred employee benefits of subsidized loans provided as per employee by laws of the Financial Institution.
7. NFRS adjustments which are subject to regulatory adjustments as per NRB Directives have been shown as regulatory adjustments.
8. The detailed Interim report has been published in the Financial Institution website www.jfcjanakpur.com

(धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ को उपनियम (१) अनुसूची १४ सँग सम्बन्धित त्रैमासिक प्रतिवेदन

(प्रथम त्रयमास, २०८०/८१)

१. **वित्तीय विवरण:**

क. त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण:

आर्थिक वर्ष २०८०/८१ को प्रथम त्रैमासिक अवधिको अपरिष्कृत (Unaudited) वासलात तथा नाफा नोक्सान सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ र यस वित्तीय संस्थाको वेबसाइटः http//www.jfcjanakpur.com मा पनि राखिएको छ।

ख. प्रमुख वित्तीय अनुपातहरु:

खुद नाफा कुल आम्दानी प्रतिशत	०.२८	प्रति शेयर आम्दानी (वार्षिक)	०.२५
मूल्य आम्दानी अनुपात	१३६८.५४	प्रति शेयर नेटवर्थ	९२.७५
प्रति शेयर कुल सम्पत्तिको मूल्य	७७२.६४	तरलता अनुपात	१५.८४

२. **व्यवस्थापकीय विश्लेषण:**

क. यस वित्तीय संस्थाको हाल सम्मको समग्र व्यवसायिक तथा वित्तीय स्थिति ठीक नै रहेको छ। यस वित्तीय संस्थाले व्यवसायको विकास र विस्तारका लागि नयाँ नयाँ योजना र कार्यक्रमको खोजी गर्ने क्रममा लगानीका क्षेत्रहरुको विस्तार, व्यवसायिक संजालको वृद्धि, विविधिकरण र गुणस्तरीय सेवा प्रदान गर्ने उद्देश्य लिई सोहि बमोजिम कार्य सम्पादन गर्दै आएको छ। यस समीक्षा अवधिमा वित्तीय संस्थाको निक्षेप संकलन उत्साहजनक रहेको, कर्जा लगानी तथा कर्जा असुली ठीक रहेको, प्रति शेयर आम्दानी र प्रति शेयर नेटवर्थ सकारात्मक रहेको र आउदो आ.व.मा यी सूचकहरु अझ सुदृढ हुने व्यवस्थापनको अनुमान रहेको छ।

ख. आगामी दिनहरुमा गुणस्तरीय सेवा वृद्धि गर्नुका साथै समय सापेक्ष व्यवसायिक योजनाको तर्जुमा तथा कार्यान्वयन गर्ने, लगानीका नयाँ क्षेत्रहरुको खोजी गर्ने, नयाँ शाखाहरुको स्थापना गर्ने र व्यवसायिक विविधीकरण तथा ग्राहकको चाहना बमोजिम आधुनिक बैंकिङ्ग तथा वित्तीय सेवा तथा सुविधाहरु उपलब्ध गराउने जस्ता कुराहरुमा वित्तीय संस्थाको व्यवस्थापन प्रतिबद्ध छ।

ग. यस वित्तीय संस्थाको मौज्दात र नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था समीक्षा अवधिमा नरहेको।

३. **कानूनी कारवाही सम्बन्धी विवरण:**

क. यस त्रैमासिक अवधिमा वित्तीय संस्थाले कसैको विरुद्धमा कुनै मुद्दा दायर नगरेको र वित्तीय संस्था विरुद्ध बैंकिङ्ग कारोवार बाहेक अन्य मुद्दा दायर भएको कुनै पनि सूचना प्राप्त नभएको।

ख. वित्तीय संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारीमा नआएको।

ग. कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारीमा नरहेको।

४. **वित्तीय संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण:**

क. नेपाल स्टक एक्सचेन्ज लि. तथा धितोपत्र बोर्डको सुपरीवेक्षण व्यवस्थाको अधिनमा रहि कारोबार रहेको।

ख. यस अवधिमा शेयरको अधिकत्तम, न्यूनत्तम, अन्तिम मूल्य कारोबार भएको कुल दिन तथा कारोबार संख्या (नेपाल स्टक एक्सचेन्ज लि. को वेबसाइट अनुसार):

अधिकतम मूल्य	४४१.००	कारोबार भएको कुल दिन	६१
न्यूनत्तम मूल्य	३३६.००	कारोबार संख्या	४८१६०१
अन्तिम मूल्य	३४६.००		

५. **समस्या तथा चुनौती:**

वित्तीय क्षेत्रमा भएको बढदो प्रतिस्पर्धा, तरलता व्यवस्थापन, लगानीयोग्य उत्पादनशील क्षेत्रको अभाव, दक्ष जनशक्तिको व्यवस्थापन, न्यून आर्थिक वृद्धिदर, घरजग्गाको कारोबारमा आएको मन्दी आदिबाट श्रृजना हुनसक्ने जोखिमलाई कम्पनीले समस्या तथा चुनौतीको रुपमा लिएको छ। काबु भन्दा बाहिरका परिस्थिति बाहेक उपरोक्त चुनौती तथा समस्या समाधान गर्न आन्तरिक नियन्त्रण प्रणालीलाई चुस्त दुरुस्त गरी ग्राहकमुखी सेवा प्रदान गर्ने तथा दक्ष जनशक्ति व्यवस्थापन गर्ने रणनीति कम्पनीले लिएको छ।

६. **संस्थागत सुशासन:**

यस वित्तीय संस्थाले संस्थागत सुशासन सम्बन्धी नेपाल राष्ट्र बैंक लगायत सम्बन्धित नियमनकारी निकायहरुबाट प्राप्त मार्ग निर्देशनहरु उच्च प्राथमिकताका साथ पालना गर्दै आएको छ। वित्तीय संस्थाको सुशासन अभिवृद्धि एवं वित्तीय संस्थाले गर्ने कार्यहरु पारदर्शी एवं नियम संगत गर्नका लागि सञ्चालक समिति, लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति, सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी समिति र कर्मचारी व्यवस्थापन तथा सेवा सुविधा समिति क्रियाशील रहेको छ। आन्तरिक नियन्त्रण प्रणालीलाई व्यवस्थित गर्न आन्तरिक लेखापरीक्षक नियुक्त गरिएको र आन्तरिक लेखापरीक्षण गरी लेखापरीक्षकले दिएको सुझाव तथा सल्लाहहरु व्यवस्थापन मार्फत कार्यान्वयन तथा समीक्षा गर्न लेखापरीक्षण समिति क्रियाशील रहेको छ। वित्तीय संस्थाको कारोवारलाई व्यवस्थित गर्न आन्तरिक नीति, नियम तथा निर्देशनहरु तर्जुमा गरी लागू गरिएको छ।

७. **सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषणा:**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु कि मैले जानेबुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाईएको छैन।

खानेकुराको गुणस्तरमा ध्यान दिन महानगरको निर्देशन

नयाँ पत्रिका

काठमाडौं महानगरपालिकाले सरसफाइ, सजावट, खाद्यवस्तुको सुरक्षालगायत विषयमा व्यवसायीको ध्यानाकर्षण गराएको छ। मिठाई, दूधजन्य परिकार तथा खाजाका परिकार उत्पादन तथा बिक्री गर्ने व्यवसायीका संघ-संस्थाका प्रतिनिधिलाई बोलाएर खानेकुराको गुणस्तरीयता कायम गर्न आग्रह गर्दै गुणस्तरीयतामा नचुक्न निर्देशन दिएको हो।

महानगरका खाद्य स्वच्छता तथा गुणस्तर सल्लाहकार सन्तोष गिरीले यसबारे तालिम प्रदान गर्ने योजना रहेको बताए। 'सुरुमा हामीले व्यवसायीलाई तालिम दिन्छौं, तालिमपछि होटेल, मिठाई पसल र रेस्टुरेन्टहरूको स्वच्छता जाँच गर्ने प्रणाली विकास गर्नेछौं,' उनले भने, 'यो प्रणाली कार्यान्वयनसँगै खानेकुरा बिक्री गर्ने व्यवसायको भौतिक अवस्था, सुविधाजस्ता सूचकका आधारमा स्टिकर लगाएर वर्गीकरण गर्ने योजना छ।' होटेलमा प्रयोग गरेर फाल्नुपर्ने तेल व्यवस्थापनका लागि नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानसँग सहकार्यका लागि छलफल अगाडि बढिसकेको गिरीको भनाइ छ।

तिहारमा अधिक प्रयोग हुने दूधजन्य खाद्यवस्तु तथा मिठाईको गुणस्तरीय उत्पादन र स्वच्छ बिक्री-वितरण व्यवस्था मिलाउन काठमाडौं महानगरपालिकाकी उपप्रमुख एवं बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण समितिकी संयोजक सुनीता डंगोलले व्यवसायीलाई आग्रह गरिन्। 'व्यवसायीको व्यावसायिक गतिविधिलाई सहज बनाएर आर्थिक क्रियाकलाप नियमित गर्नु हाम्रो जिम्मेवारी हो। यो जत्तिकै महत्त्वपूर्ण जिम्मेवारी उपभोक्तालाई स्वच्छ र गुणस्तरीय खाद्य पदार्थ प्राप्त गर्ने अधिकार उपलब्ध गराउनु हो,' उनले भनिन्, 'हाम्रो अनुगमन कसैलाई हतोत्साह गर्नका लागि होइन। अनुचित क्रियाकलाप नगर्नेहरूले अनुगमनसँग डराउनैपर्दैन, हामीले कारबाहीलाई भन्दा सुधारका कामलाई महत्त्व दिएका छौं।'

प्रमुख प्रशासकीय अधिकृत वसन्त अधिकारीले सानातिना अवस्थामा सुधार गर्न नसक्दा व्यवसायको स्वच्छता संकटमा पर्ने बताउँदै यसबारे महानगरले विभिन्न योजनाअनुसार काम गर्ने बताए। 'बजारमा सबै गुणस्तरहीन र गलत छैनन्,' उनले भने, '२० लिटर सफा पानीमा एक लिटर फोहोर पानी मिसाइयो भने सबै पानी पिउन अयोग्य हुन्छ। हामी अब राम्रा र नराम्रालाई वर्गीकरण गर्छौं।' महानगरले बुधबार राखेको छलफलमा स्वस्तिक स्विट्स, पवन स्विट्स, टिपटप स्विट्स, उज्ज्वल डेरी, लक्ष्मी चाट हाउस, विश्रान्ति फुड्स, पूजा स्विट्स, साजन गोठ, नन्दन, बर्फी गोठ, गुलाब स्विट्स, पशुपति फुड्स, आँगन, रामेश्वर स्विट्स, कृष्ण फुड्सलगायत मिठाई तथा डेरी सञ्चालकहरू सहभागी हुनुहुन्थ्यो।

यस्तै, अन्नपूर्ण मिठाई, पशुपति मिठाई, शिवशंकर स्विट्स एन्ड चाट हाउस, शिव फुड्स प्रालि, दिलीप स्विट्स, सन्तोष मिठाई, न्यु सुरज मिठाई भण्डार, काभ्रेपाल्चोक मिठाई भण्डार, ओम सहयोगी नेपाल स्विट्स सेन्टर, धनुषा एन्ड धनुषा मिठाई भण्डार, संगम स्विट्सलगायत मिठाई पसलका सञ्चालक सहभागी थिए। छलफलमा कच्चा पदार्थको उपलब्धता, तत्काल बिग्रिने र केही दिन राखेर प्रयोग गर्न सकिने खाद्यवस्तु, व्यवसाय सञ्चालन भएको ठाउँको स्वच्छता, सफाइ, भण्डारण, ढुवानी, बिक्री व्यवस्था, तेलजस्ता पुनः प्रयोग गर्न नसकिने वस्तुको व्यवस्थापनमा छलफल भएको थियो।

बालेनको अभिव्यक्तिप्रति उपत्यकाका १७ पालिकाको आपत्ति

बुढानीलकण्ठकी उपमेयर लामाले भनिन्- अराजक र गैरजिम्मेवार स्टन्ट कतिन्जेल हेरिरहने, सुनिरहने ?

नयाँ पत्रिका

काठमाडौं महानगरपालिका मेयर बालेन्द्र साह (बालेन)ले बुधबार सामाजिक सञ्जालमा दिएको अभिव्यक्तिप्रति काठमाडौं उपत्यकाका १७ पालिकाले आपत्ति जनाएका छन्।

बालेनले सामाजिक सञ्जालमा १७ नगरपालिकाले निजी कम्पनीबाट पैसा खाएर मेयर फोरमको बैठक राखेको आरोप लगाएका थिए।

सो बैठकको आयोजना गर्ने बुढानीलकण्ठ नगरपालिकाकी उपमेयर अनिता लामाले बालेनको अभिव्यक्तिप्रति आपत्ति जनाउँदै बैठकको न्यूनतम मर्यादा पालना नगर्ने, गर्ने नपर्ने अवस्था सिर्जना गरिदिई सबै चोर, देश बेचुवा, 'काठमाडौं बिक्रीमा छैन' जस्तो विकृत अभिव्यक्ति दिने छुट उहाँले कतिन्जेल पाइरहने ? भन्दै प्रश्न गरेकी छिन्। 'मेयर बालेन्द्र साहज्यूले बैठकको विषयलाई लिएर दिनुभएको आपत्तिजनक अभिव्यक्तिप्रति उक्त बैठकको मात्र साक्षी एवं जिम्मेवार सदस्यको हैसियतले खेद प्रकट गर्दछु। बैठकको न्यूनतम मर्यादा पालना नगर्ने, गर्ने नपर्ने अवस्था सिर्जना गरिदिई सबै चोर, देश बेचुवा, काठमाडौं बिक्रीमा छैन' जस्तो विकृत अभिव्यक्ति दिने छुट उहाँले कतिन्जेल पाइरहने ? नेपवेस्टसँगको विषय टुंग्याउन स्वयं काठमाडौं महानगर बढी जिम्मेवार हुनुपर्ने बुझियो। तर, महानगर मेयरज्यूको यस्तो अराजक, गैरजिम्मेवार स्टन्ट मात्रै कतिन्जेल हेरिरहने, सुनिरहने ?' लामाले सामाजिक सञ्जालमा लेखेकी छिन्।

मेयर फोरमको मंगलबार भएको बैठकमा फोरमका अध्यक्ष ललितपुर महानगरका मेयर चिरिबाबु महर्जनले बैठकको एजेन्डा प्रस्तुत गर्नका लागि सहजकर्तातर्फ रुलिङ गर्दै गर्दा बालेनले सुरुवातमै बोल्न पाउनुपर्ने भन्दै विवाद निकालेका थिए। बैठकको सुरुमै बोल्न नपाएपछि उनी निस्किएका थिए। बुधबार सामाजिक सञ्जालमा १७ वटा नगरपालिकाले कुनै प्राइभेट कम्पनीबाट पैसा खाएर बैठक राखेकाले बैठक बहिष्कार गरेको भन्दै लेखेका थिए। मंगलबारको बैठकमा फोहोर व्यवस्थापनमा काम गरिरहेको निजी कम्पनी नेपवेस्ट प्रालिले आफ्नो प्रस्तुति राखेको थियो भने १७ नगरपालिकाका मेयर, उपमेयरले नेपवेस्टको आधिकारिकता, त्यसमाथि उठिरहेको आशंका, प्रश्न र योजना कार्यान्वयनको विश्वसनीयता, लगानीलगायतमाथि प्रश्न गरेका थिए।

■ संघीय संसद्का १० महिना

एउटा मात्रै कानुन निर्माण, २२ वटा विधेयक विचाराधीन, संकल्प प्रस्तावमा भएन छलफल

कमलराज भट्ट/नयाँ पत्रिका

संघीय संसद्ले पछिल्लो १० महिनामा जम्मा एउटा कानुन मात्रै बनाउन सकेको छ। चार मंसिरको निर्वाचनपछि दुइटा अधिवेशन सम्पन्न गरेको संसद्ले अनुचित लेनदेन (मिटरब्याज)सम्बन्धी बाहेक अन्य कानुन बनाउन नसकेको हो।

राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिले संविधान बनेको आठ वर्षमा अझै ३९ वटा आधारभूत कानुन बन्न बाँकी रहेको औंल्याएका वेला दलहरू भने विधायिकी कार्यमा गम्भीर देखिएनन्। पहिलो अधिवेशनमै आएका संक्रमणकालीन न्याय, सम्पत्ति शुद्धीकरणसम्बन्धी महत्त्वपूर्ण विधेयक पनि टुंगिएनन्। जानकारहरूले १० महिनाको अवधिमा बजेटबाहेक एउटा मात्रै कानुन बन्नु विधायिकी कार्यमा सदन केन्द्रित नभएको टिप्पणी गरेका छन्।

आमनिर्वाचनपछि २५-१५ वैशाखसम्म चलेको पहिलो अधिवेशनमा एउटा पनि कानुन बनाउन नसकेको संघीय संसद्को २४ वैशाखदेखि १६ कात्तिकसम्म चलेको दोस्रो अधिवेशन एउटा मात्रै कानुन बनाएर बिहीबार अन्त्य भएको छ। मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले संघीय संसद्को दुवै सदनको चालू अधिवेशन बिहीबार राति १२ बजेदेखि लागू हुने गरी अन्त्य गरेका छन्। अन्त्य भएको बर्खे अधिवेशनमा प्रतिनिधिसभाका ६५ र राष्ट्रिय सभाका ४८ बैठक बसेका छन्। संयुक्त सदनको ६ वटा बैठक बसेको संसद् सचिवालयको तथ्यांक छ।

बर्खे अधिवेशन विभिन्न विवादित विषयमा लामो अवरोधबाट समेत गुज्रियो। पशुपतिनाथ मन्दिरको जलहरी काण्ड, प्रधानमन्त्री बनाउन दिल्लीमा पहल गरेको अभिव्यक्ति, सुन तस्करी प्रकरणमा एमालेले लामो समय अवरोध गर्दा संसद् प्रभावित भएको थियो। करिब ६ महिना चलेको यो अधिवेशनमा प्रतिनिधिसभामा प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तरसम्बन्धी कार्यक्रम सुरु भएको थियो। प्रत्येक महिनाको एकपटक हुने प्रश्नोत्तर यो अधिवेशनमा तीनपटक मात्रै हुन सक्यो।

बजेट अधिवेशनमा दुवै सदनबाट विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता (कर प्रस्तावबाहेक), नीति तथा कार्यक्रम, आर्थिक वर्ष ०८०/८१ का लागि राजस्व र व्ययको वार्षिक अनुमान, विनियोजन विधेयक, आर्थिक विधेयक, राष्ट्र ऋण उठाउने विधेयक पारित भई प्रमाणीकरण भएको थियो। वार्षिक रूपमा नियमित ल्याउने बजेटबाहेक यो अधिवेशनमा संघीय संसद्ले एक मात्र अनुचित लेनदेन (मिटरब्याजसम्बन्धी) कानुन बनाएको छ। मिटरब्याजसम्बन्धी राष्ट्रिय सभामा उत्पत्ति भएको 'मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक' दुवै सभाबाट पारित भई प्रमाणीकरण भएको संसद् सचिवालयले जनाएको छ। साथै, संघीय संसद्को संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली बनाएको थियो।

यो अधिवेशनमा विधायिकी कार्यमा उल्लेख्य उपलब्धि हासिल गर्न नसकेको संघीय संसद्मा हाल २२ वटा विधेयक विचाराधीन छन्। संसद् सचिवालयका अनुसार प्रतिनिधिसभामा १९ र राष्ट्रिय सभामा तीन विधेयक छन्। प्रतिनिधिसभातर्फ सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धनसम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक, बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक, संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि)सम्बन्धी संशोधन विधेयक, ८० वटा ऐन संशोधन गर्न ल्याइएको केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, विद्यालय शिक्षा विधेयक, विद्युत् विधेयक, औषधि तथा स्वास्थ्य सामग्री (नियमन तथा नियन्त्रण) विधेयक (गैरसरकारी), बैंकिङ कसुर तथा सजाय विधेयक, भन्सार विधेयक विचाराधीन छन्।

यसैगरी, अनुगमन तथा मूल्यांकन विधेयक, अखिलेख संरक्षण (पहिलो संशोधन) विधेयक, खाद्य स्वच्छता तथा गुणस्तर विधेयक, सार्वजनिक सेवा प्रसारण विधेयक, सुरक्षण मुद्रणसम्बन्धी विधेयक, भ्रष्टाचार निवारण (पहिलो संशोधन) विधेयक, अख्तियार दुरुपयोग अनुसन्धान आयोग (तेस्रो संशोधन) विधेयक, नेपाल विश्वविद्यालय विधेयक, राष्ट्रिय मर्यादासम्बन्धी विधेयक र विद्युतीय व्यापार विधेयक विचाराधीन छन्। राष्ट्रिय सभातर्फ अध्यागमन विधेयक, विधायन व्यवस्थापनसम्बन्धी विधेयक, सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक विचाराधीन छन्। मन्त्रिपरिषद् बाट पारित भएको संघीय निजामती दर्ता नै हुन सकेन।



● संकल्प प्रस्तावमा छलफल नहुँदा निष्क्रिय

बर्खे अधिवेशनमा प्रतिनिधिसभामा तत्काल छलफल चलाउनुपर्ने चारवटा संकल्प प्रस्ताव र तीनवटा जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव दर्ता भए पनि छलफल नहुँदा निष्क्रिय भएका छन्। प्रतिनिधिसभा नियमावलीअनुसार संकल्प प्रस्ताव दर्ता भएपछि सोही अधिवेशनभित्र छलफल भइसक्नुपर्छ। छलफल नभएमा स्वतः निष्क्रिय हुने प्रावधान छ। संसद् सचिवालयका अनुसार रास्वपाका सांसदहरूले नक्कली भुटानी शरणार्थी प्रकरण, संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रम खारेज, डेंगी रोग नियन्त्रण, रोकथाम र उपचार, कैद मिनाहाको कानुनी प्रबन्ध दुरुपयोगबारे संकल्प प्रस्ताव दर्ता गराएका थिए।

त्यसैगरी, रास्वपाकै सांसदले सुन तस्करी प्रकरण र लम्पी स्किन महामारी नियन्त्रणबारे छलफल चलाउन जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव दर्ता गरेका थिए। एमाले लीलानाथ श्रेष्ठले मधेश प्रदेशलाई सुक्खा क्षेत्र घोषणा गर्नुपर्ने जरुरी प्रस्ताव दर्ता गरेका थिए। तर, कुनै प्रस्तावमा छलफल भएन। बिहीबार अधिवेशन अन्त्य भएसँगै सबै प्रस्ताव निष्क्रिय भएका छन्। रास्वपा सभापति रवि लामिछानेले सदनमा ठूला दलको सिन्डिकेटले प्रस्तावहरू छलफलमै नल्याइएको र बेवास्ता गरेर थन्क्याएको आरोप लगाउँदै लोकतान्त्रिक संसद्का लागि यो राम्रो नभएको टिप्पणी गरे। यो अधिवेशनमा राष्ट्रिय सभामा दर्ता भएको एक मात्र अपांगगता भएका व्यक्तिको अधिकारसम्बन्धी संकल्प प्रस्तावमा भने छलफल भई निर्देशन जारी भएको छ।

● संसदीय समितिले सभापति पाए

निर्वाचनपछिको दोस्रो अधिवेशनमा प्रतिनिधिसभामा १० विषयगत समितिले सभापति पाएका छन्। पहिलो अधिवेशनको अन्तिम दिन विषयगत समिति गठन भएकामा दोस्रो अधिवेशनमा समितिले सभापति पाए पनि विधायिकी कार्यले गति लिन सकेन। अधिकांश विधेयक विषयगत समितिमा भए पनि दफावार छलफल नै प्रारम्भ भएको छैन। पर्याप्त बिजनेस भए पनि मिनी संसद् सक्रिय भएन। बरु सांसदहरूमा विदेश भ्रमणको मोह देखियो। संसद् सचिवालयका संसद् दर्पणमा उल्लेखित विवरणअनुसार नौ महिनामा १२ वटा औपचारिक भ्रमण भएका छन्। जसमा ५१ सांसदले भ्रमण गरेका छन्। यो ९ असोजसम्मको तथ्यांक हो। त्यसपछिको विवरण सार्वजनिक गरिएको छैन। यसबाहेक अनौपचारिक र जानकारी नगराई भ्रमणमा जाने सांसदहरूको संख्या ठूलो छ।

● राष्ट्रसंघका महासचिवको सम्बोधन

बजेट अधिवेशनमा संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले सम्बोधन गरेर नेपालको शान्ति प्रक्रिया र जलवायु परिवर्तनबाट नेपाललले भोग्नुपरेको असरबारे विश्वको ध्यानाकर्षण गराएका थिए। गुटेरेसले १४ कात्तिकमा संघीय संसद्को दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन गरेका थिए।

नेताहरूबाट बर्खे अधिवेशनको समीक्षा

● **देवराज घिमिरे**, सभामुख



हामीले चालू अधिवेशनबाट प्राप्त गरेका अनुभव र अभ्यासबाट शिक्षा लिँदै आगामी दिनका संसदीय गतिविधि प्रभावकारी बनाउनै पर्दछ। संसद् प्रभावकारी बनाउने दायित्व सरकार, संसद्को नेतृत्व, राजनीतिक दल र माननीय सदस्यहरूको हो। चालू अधिवेशनमा संसदीय कामकारबाहीले गति लिएका छन्। समितिहरूले सक्रियतापूर्वक काम सुरु गरेका छन्। प्रधानमन्त्री तथा मन्त्रीहरूसँगको प्रश्नोत्तरलाई विधि तय गरेर नियमित गर्ने अभ्यास सुरु गरिएको छ।

● **विष्णु पौडेल**, उपाध्यक्ष, एमाले



यो अधिवेशनको उपलब्धि अत्यन्तै निराशाजनक छ। एउटा अनुचित लेनदेनसम्बन्धी कानुनमा संशोधन गर्नेबाहेक अरू एउटा पनि कानुनहरू हामीले टुंगोमा पुऱ्याउन सकेनौं। आउनैपर्ने कानुनहरू पनि अहिलेसम्म सदनमा आएका छैनन्, आएका विधेयकहरू पनि अघि बढाउनै नसकिने गरी थला परेका छन्। यो अवस्था अरू कसैको कारणले होइन, सरकारकै कारणले हो। सरकारले नै संसद्लाई प्रभावकारी बन्न दिएन।

● **वर्षमान पुन**, उपमहासचिव




बर्खे अधिवेशनले जति परिणाम दिनुपर्ने हो त्यो दिन सकेन। बजेट पारित गरेपछि सरकारले केही महत्त्वपूर्ण विधेयक पारित गर्न भनेरै अधिवेशन लम्ब्याएको थियो। तर, विभिन्न कारणले त्यसअनुसार परिणाम हासिल हुन सकेन, कानुन निर्माणमा नतिजा दिन सकेनौं।

● **रमेश लेखक**, प्रमुख सचेतक, काग्रेस



हामीले गर्नुपर्ने जति काम गर्न सकेनौं, कानुनहरू पारित गर्न सकेनौं। सदनको प्रभावकारिता देखिएन। तर, यति भन्दै गर्दा यो अधिवेशनमा कसको कस्तो भूमिका रह्यो भन्नेबारे दलहरूले गम्भीर समीक्षा गर्नुपर्छ। संसद्ले थुप्रै अवरोध व्यहोर्नुपऱ्यो। धेरै बैठक सूचना टाँसेर स्थगित गर्नुपऱ्यो। फरक विचार राखे पनि अवरोधै गर्नु गलत थियो। संवाद, सहमति र सहकार्यको माध्यमबाट संसद्लाई प्रभावकारी बनाउनुपर्छ।

● **रवि लामिछाने**, सभापति, रास्वपा



दुःखका साथ भन्छु- सरकार र संसद्ले हामी जनप्रतिनिधिको आवाज सुनेको छैन भने नागरिक तहको आवाज के सुन्थ्यो ? मन्त्रीबाट स्पष्ट जवाफ आएन। बरु संसद्मा आरोप-प्रत्यारोप, राजनीतिक छेडखानी मात्र होइन, फौजदारी अभियोग नै दर्ज गराउनुपर्ने खालको आरोपको खेती हुन्छ, शीर्ष भनिएका नेताको लामो भाषणमा कुण्ठा चल्छ, शीर्ष ठानिएका नेताको लहडमा संसद् बन्धकसमेत हुन्छ। संसद्लाई नागरिकको आवाज मुखरित गर्ने थलो बनाउन सकेनौं।

● **उपेन्द्र यादव**, अध्यक्ष, जसपा



कानुन निर्माण गर्ने सवालमा संसद्को भूमिका प्रभावकारी छैन। आठ वर्षसम्म संघीय निजामती, प्रहरी समायोजन ऐन नबन्दा संघीय लोकतान्त्रिक गणतन्त्रमाथि नै प्रश्न उठाउने ठाउँ दिइएको छ। कानुन निर्माण, अधिकार बाँडफाँटमा दलहरू, संसद् र सरकार गम्भीर बन्नुपर्छ। यसबाटै संसद्को प्रभावकारिता बढ्ने हो।

● **सिके राउत**, अध्यक्ष, जनमत



संसद् तीन दलका तीन नेताको छायाले प्रभावकारी हुन सकेको छैन। एउटा अँध्यारो कोठामा तीनजना नेताले बसेर जे निर्णय गर्छन्, त्यसैमा संसद् चलिरहेको छ। तीनजना नेताहरूको निर्णयअगाडि संसद् सार्वभौमसत्ता सम्पन्न हुन सकेको छैन। जनप्रतिनिधिले उठाएको आवाजको सम्बोधन हुँदैन। यसखाले व्यवहारले संसदीय कामकारबाहीप्रति प्रश्न उठिरहेको छ।

● **प्रभु साह**



दलहरूको सिन्डिकेटले संसद् प्रभावकारी हुन सकेन, सिन्डिकेटका अगाडि संसद् लाचार छ। सांसदहरूले स्वतन्त्र रूपमा बोल्न पनि पाउँदैनन्। सांसदहरूले बोलेको सुनुवाइ पनि हुँदैन। संसद्मा प्रतिस्पर्धा छैन, संसदीय कामकारबाही सिन्डिकेटमा चलेको छ। यसको गम्भीर समीक्षा जरुरी छ।

■ चिनियाँ कम्युनिस्ट पार्टीको तिब्बत सेक्रेटरी नेपाल आउँदै

प्रधानमन्त्रीको चीन भ्रमणपछिको उच्चस्तरीय चिनियाँ प्रतिनिधिमण्डल

पर्शुराम काफ्ले/नयाँ पत्रिका

छिमेकी चीनबाट अर्को साता उच्चस्तरीय प्रतिनिधिमण्डल काठमाडौं आउने तय भएको छ। चिनियाँ कम्युनिस्ट पार्टीको तिब्बत स्वायत्त क्षेत्रका सचिव वाङ छुङछेङ प्रतिनिधिमण्डलसहित नेपाल भ्रमणमा आउन लागेका हुन्। वाङलाई चीन सरकारले नेपाल-चीन सम्बन्धको इन्चार्ज तोकेको छ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको चीन भ्रमणपछि चीनबाट पहिलो उच्चस्तरीय प्रतिनिधिमण्डल आउन लागेको हो। प्रधानमन्त्री प्रचण्ड र तिब्बत सेक्रेटरी वाङबीच १० असोजमा तिब्बतको राजधानी ल्हासामा भेटवार्ता भएको थियो। भेटवार्तामा नेपाल र चीनबीचका परम्परागत सीमानाकाका पूर्वाधार व्यवस्थापन गर्दै क्रमशः खुला गर्ने सहमति भएको थियो।



वाङ छुङछेङ

नेपाल र चीनको कूटनीतिक च्यानलबीच वाङको भ्रमणको तयारी भएको छ। 'तिब्बतबाट उच्चस्तरीय भ्रमण हुँदै छ। हामी तयारीमा छौं,' नेपालस्थित चिनियाँ राजदूतावास स्रोतले नयाँ पत्रिकासँग भन्यो, 'यो भ्रमण प्रधानमन्त्री प्रचण्डको चीन भ्रमणमा भएका सहमति कार्यान्वयनका लागि र नेपाल-तिब्बत सम्बन्ध थप सुदृढ गर्नका लागि केन्द्रित हुनेछ। उहाँ नोभेम्बर ८ वा ९ मा आउने गरी तयारी भएको छ।'

परराष्ट्र स्रोतका अनुसार तिब्बत सेक्रेटरी वाङले प्रधानमन्त्री प्रचण्ड, उपप्रधानमन्त्री एवं रक्षामन्त्री पूर्णबहादुर खड्का, उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठलगायतसँग भेटवार्ताका लागि चिनियाँ दूतावासबाट अनुरोध आएको छ। 'नेपालका लागि तिब्बत र तिब्बतस्थित कम्युनिस्ट पार्टी प्रमुख निकै महत्त्वपूर्ण छन्। बेइजिङसँग भएका सबै नीतिगत समझदारी कार्यान्वयन गर्ने सरकारका प्रमुख भएको हुनाले उनको भ्रमणलाई हामीले महत्त्व दिएका छौं,' परराष्ट्र स्रोतले भन्यो।

चीन सरकारले तिब्बत सरकारका पार्टी सेक्रेटरीको सिफारिसमा नेपाललाई सहयोगसम्बन्धी निर्णय लिने गरेको जानकार नेपाली अधिकारी बताउँछन्। 'प्रधानमन्त्री चीन भ्रमणमा गएका वेला ल्हासामा भएको छलफलमा उनी नेपाल आउने कुराकानी भएको थियो, अहिले उनको आउने समय मिलेको छ,' नेपाली अधिकारीले भने, 'सन् २०२१ देखि उनी तिब्बतको पार्टी सेक्रेटरी भएयता नेपालप्रति असाध्यै सद्भाव राख्दै आएका छन्। हाम्रो उत्तरी भेगमा खाद्यान्न र लत्ताकपडाको आपूर्ति सहज होस् भनेर उनले सम्बन्धित अधिकारीलाई सहजीकरण गर्न निर्देशन दिने गरेको जानकारी हामीलाई छ।'

प्रधानमन्त्री प्रचण्डको चीन भ्रमणका क्रममा बेइजिङ र ल्हासामा भएका सहमतिअनुसार नेपाल-चीन (तिब्बत) नाका खुल्न थालेका छन्। पूर्वी नेपाल जोड्ने किमाथांका र ओलाङचुङगोला नाका द्विपक्षीय व्यापारिक प्रयोजनका लागि खोल्न चीन तयार भएको छ। यसका लागि स्थानीय प्रशासनले आपसी समन्वय थालेका छन्। प्रधानमन्त्री प्रचण्डले चीनबाट फर्केपछि भूकम्पले बन्द भएका र कोभिडपछि बन्द भएका नाकाहरू खुलेको तथा परम्परागत नाकाहरू पनि खुल्ने जानकारी दिएका थिए।

वाङले काठमाडौं हवाई सेवा चाँडै सञ्चालन हुने विश्वास दिलाएका थिए। नेपाली अधिकारीका अनुसार उनको भ्रमणलगत्तै स्याफ्रुबेंसी-रसुवागढी सडक मर्मत र विस्तार सुरु हुनेछ। उनको भ्रमणका क्रममा प्रधानमन्त्रीको चीन भ्रमणमा भएको सहमतिअनुसार नेपाल-चीन सीमाको संयुक्त निरीक्षण गर्ने विषयमा थप छलफल हुनेछ। चीनको सार्वजनिक सुरक्षा मन्त्रालय र नेपालको गृह मन्त्रालयबीच तीन तहमा सीमा सम्पर्क प्रणाली स्थापना गर्ने गरी प्रोटोकलमा हस्ताक्षर गर्ने सहमति भएको थियो। यसबारेमा गृहमन्त्री श्रेष्ठ र वाङबीच छलफल हुनेछ।

आपराधिक मामिलामा पारस्परिक कानुनी सहायतासम्बन्धी चीन-नेपाल सन्धिको अनुमोदनलगायका विषयमा पनि छलफल हुनेछ। वाङ फर्केपछि अरनिको राजमार्ग मर्मत परियोजनाको चौथो चरणको काम पनि चिनियाँ पक्षले सुरु गर्ने भएको छ। दुई देशबीच सहमति भएअनुसार केरुङ-रसुवागढी, चिलिमे २२० केभी सीमापार ऊर्जा प्रसारणलाइन निर्माणका विषयमा पनि छलफल हुनेछ। जलविद्युत्, हावा ऊर्जा, सौर्य ऊर्जा, बायोमास ऊर्जा हाइड्रोजनको क्षेत्रमा सहकार्यका लागि गठित नेपाल-चीन संयुक्त कार्यान्वयन संयन्त्रलाई सक्रिय बनाउने विषयमा पनि छलफल हुने स्रोतहरूले जनाएका छन्।

प्रधानमन्त्रीको चीन भ्रमणपछि नेपालबाट प्रधानसेनापति प्रभुराम शर्मा र प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठले चीनको भ्रमण गरेका छन्। यही साता सांघाई फोरममा सहभागी हुन उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजाल पनि सांघाई भ्रमणमा जाने तय भएको छ।

विद्यालय शिक्षा विधेयक सभामुख सचिवालयमा

काठमाडौं/ 'विद्यालय शिक्षा विधेयक, २०८०' माथि तल्लो तहमै पुगेर छलफल चलाइने भएको छ। सभामुख सचिवालयमा दर्ता भएलगत्तै सचिवालयले अध्ययन तथा छानबिन थालेको यस विधेयक संसद्को शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा पेस भएपछि समितिले त्यसलाई छलफल तथा बहसलाई व्यापकता दिने तयारी गरेको छ।

समितिका सभापति भानुभक्त जोशीले शिक्षक प्रतिनिधि, गाउँपालिका र नगरपालिका महासंघ, शिक्षक महासंघ, विद्यार्थी संगठनसँग छलफल तथा बहसपछि मात्रै यसले पूर्णता पाउने जानकारी दिए। उनले यी अवस्था पार गर्न अझै चार महिना समय लाग्ने भएकाले विद्यालय शिक्षा ऐन बन्न ढिलाइ हुने बताए। 'शिक्षा विधेयकममा अझै व्यापक रूपमा छलफल गर्न जरुरी छ, अब सभामुखको सचिवालयले चाँडोभन्दा चाँडो हामीकहाँ पठायो भने हामीले लामो समय छलफल चलाउन सक्छौं,' उनले भने, 'यसमा तल्लो तहसम्म पुगेर छलफल र बहस चलाउन जरुरी छ, शिक्षा सबैका लागि हो।' जोशीका अनुसार सभामुख सचिवालयमा रहेको विधेयमकमा सचिवालयले छानबिन गरिरहेको छ।

झापा गाउँपालिका अध्यक्ष र पूर्वउपाध्यक्षलाई तीन महिना कैद

काठमाडौं/ झापा गाउँपालिकाका अध्यक्ष जयनारायण साहलाई भ्रष्टाचार मुद्दामा तीन महिना कैद सजाय भएको छ। सडक निर्माणमा भ्रष्टाचार गरेको मुद्दामा विशेष अदालतले बिहीबार तीन महिना कैद र १० हजार जरिवानाको फैसला गरेको हो।



जयनारायण साह



कुन्तीदेवी बुढाथोकी

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुद्दा दायर गरेको करिब चार महिनामै अदालतले फैसला सुनाउँदै ११ आरोपीमध्ये १० जनालाई दोषी ठहर गरेको छ। विशेष अदालतका प्रवक्ता धनबहादुर कार्कीका अनुसार अध्यक्ष साहसहित गाउँपालिकाकी पूर्वउपाध्यक्ष कुन्तीदेवी बुढाथोकी, वडा नम्बर ६ का तत्कालीन अध्यक्ष हरिबहादुर बानियाँ, वडा नम्बर ७ का नेत्रप्रसाद उप्रेती र वडा नम्बर ३ का तत्कालीन वडाध्यक्ष मोतीलाल गणेशलाई पनि समान सजायको फैसला भएको छ। गाउँपालिकाका इन्जिनियर अभिशेष दास र सबइन्जिनियर विज्ञान चम्लागाईंलाई तीन महिना कैद र १० हजार रुपैयाँ जरिवानाको सजाय तोकिएको छ।

भ्रष्टाचारमा मुछिएका उपभोक्ता समितिका पदाधिकारी पनि दोषी ठहर भएका छन्। लक्ष्मीमार्ग बाटो उपभोक्ता समितिका अध्यक्ष धनपति थपलिया, सचिव फणीन्द्रप्रसाद खरेल, कोषाध्यक्ष सन्तमाया सुब्बा लिम्बूलाई चार महिना कैद र चार लाख ४१ हजार नौ सय ६४ रुपैयाँ जरिवाना भएको छ।

गाउँपालिकाका प्रशासकीय अधिकृत चोलाराज दंगालको भने अनियमिततामा प्रस्ट मिलेमतो नदेखिएको भन्दै उनले सफाइ पाएका छन्। आर्थिक वर्ष ०७४/७५ मा झापा गाउँपालिकाको वडा नम्बर ३, ६ र ७ मा बाटो ग्राभेल गर्दा वास्तविक कामभन्दा धेरै काम भएको नापी किताब तयार गरी नक्कली बिल बनाएर भुक्तानी गरी भ्रष्टाचार गरेको अभियोगमा अख्तियारले गत २७ असारमा मुद्दा दायर गरेको थियो। २२ लाख आठ सय २३ रुपैयाँ भ्रष्टाचार भएको अख्तियारको दाबीअनुसार नै विशेषले फैसला सुनाएको हो।

सशस्त्र प्रहरीले सुरु गऱ्यो सीमास्तम्भको मर्मत र रङरोगन

मधेश प्रदेशमा ८४९ वटा सीमास्तम्भ गायब

● जनकपुरधाममा **हदिश खुद्दार**
● महोत्तरीमा **रञ्जन भण्डारी**

नेपाल-भारतको दशगजामा पर्ने सीमास्तम्भको मर्मतसम्भार तथा रङरोगन मधेस प्रदेशबाट सुरु भएको छ। सशस्त्र प्रहरी बल मधेसश प्रदेशका डिआइजी दीपेन्द्र शाहले धनुषाको मुखियापट्टी मुसरनिया गाउँपालिका- ६ स्थित जटहीमा सीमास्तम्भको पिलर नम्बर २८५/५ को मर्मतसम्भार तथा रङरोगन गरी अभियानको सुरुवात गरेका हुन्।

नेपाल-भारतको दशगजामा पर्ने जोर नम्बरको पिलरको मर्मतसम्भार तथा रेखदेखको जिम्मेवारी भारतीय पक्ष र बिजोर नम्बरको पिलरको जिम्मेवारी नेपालको सशस्त्र प्रहरी बलको छ। भारतीय पक्षले केहीअघि नै आफ्ना जिम्मेवारीमा रहेको जोर नम्बरको पिलरको मर्मतसम्भार तथा रङरोगन गरिसकेको छ। १९ साउन ०७७ मा बसेको मन्त्रिपरिषद् बैठकले बिजोर नम्बरका सीमास्तम्भको मर्मतसम्भार तथा रंगरोगन कार्यको जिम्मेवारी सशस्त्र प्रहरीलाई दिएको थियो। सीमा क्षेत्रमा रहेका सीमास्तम्भको निर्माण, मर्मतसम्भार र पुनर्स्थापनासम्बन्धी मापदण्ड, २०८० ' बमोजिम बिजोर नम्बरका सीमास्तम्भको मर्मतसम्भार र रङरोगन सुरु भएको शाहले बताए। लामो समयदेखि सीमास्तम्भको मर्मतसम्भार नहुँदा सीमावर्ती क्षेत्रका सीमालाई नै लिएर नेपाल-भारतका नागरिकबीच विवाद हुने तथा सीमावती क्षेत्रमा कुनै आपराधिक क्रियाकलाप भएमा त्यसलाई कुन देशको प्रशासनले हेर्नेलगायत विवाद



हुने गरेको थियो। यस्तो अवस्थामा पिलरको मर्मतसम्भार तथा रङरोगनले सीमास्तम्भको आयु बढ्ने भएकाले मर्मतसम्भार थालिएको डिआइजी शाहले बताए। मधेश प्रदेशका आठवटै जिल्लामा जीर्ण रहेका करिब हजार सीमास्तम्भलाई मर्मतसम्भार तथा रङरोगन सुरु भएको उनको भनाइ छ। धनुषामा चार सय ९९ पिलर रहे पनि पहिलो चरणमा एक सय पाँचवटा पिलरको रङरोगन तथा मर्मतसम्भार गर्नुपर्ने सशस्त्र प्रहरी धनुषाका प्रहरी उपरीक्षक दिनेश मल्लले जानकारी दिए।

सप्तरीको गोबरगाढादेखि पर्साको ठोरीसम्म चार सय ६४ किलोमिटर मधेश प्रदेशको सीमा भारतको बिहार राज्यसँग जोडिएको छ। चार सय ६४ किलोमिटर लामो दूरीमा चार हजार २७ वटा सीमास्तम्भ थियो। त्यसमध्ये साबुतका दुई हजार ६४ सीमास्तम्भ रहेको, सात सय चारवटा मर्मत गर्नुपर्ने, तीन सय १९ वटा पूर्ण रूपमा निर्माण गर्नुपर्ने, ९१ वटा सीमास्तम्भ खोलाले बगाएको र आठ सय ४९ वटा सीमास्तम्भ हराएको वा गायब भएको सशस्त्र प्रहरी बल मधेश प्रदेशका कार्यालयका एक अधिकारीले जानकारी दिए।

यस्तै, महोत्तरीको मटिहानीस्थित सीमास्तम्भ संख्या २९५/८ लाई रङरोगन गर्दै बिहीबारदेखि मर्मत सुरु गरिएको छ। महोत्तरीका २५० सीमास्तम्भमध्ये १४ सीमास्तम्भ पहिलो चरणमा मर्मत गरिने भएको छ। महोत्तरीका प्रमुख जिल्ला अधिकारी शिवराम गेलाललले सीमास्तम्भ संरक्षणको आवश्यकता भएर यसको मर्मत सुरु गरिएको बताए।

बजेट र आयोजनाका बेथिति रोक्न तीन तहका सरकारलाई अख्तियारको २२ बुँदे सुझाव

सुवास भट्ट/नयाँ पत्रिका

बजेट र आयोजना तथा कार्यक्रमका नाममा झाँगिएका बेथिति रोक्न अख्तियारले तीनै तहका सरकारलाई २२ बुँदामा सुझाव दिएको छ। दर्सैपछि सचिव र विभागीय प्रमुखलाई डाकेर दुई दिन छलफल गरेको अख्तियारले लगतै निर्देशनको शैलीमा सुझाव पठाएको छ।

योजना छनोट तथा बजेट तर्जुमालाई वस्तुनिष्ठ, वैज्ञानिक र यथार्थपरक बनाउन र सार्वजनिक खरिदको कार्य पारदर्शी, प्रतिस्पर्धी र गुणस्तरीय बनाउन भन्दै अख्तियारले तीनै तहलाई सुझाव दिएको हो। यो सुझाव कार्यान्वयनका लागि अख्तियारले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय योजना आयोग, सातवटै प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश नीति तथा योजना आयोग तथा सात सय ५३ वटै स्थानीय तहलाई एकमुस्ट पठाएको छ। सुझाव कार्यान्वयनको जानकारीसमेत गराउन आयोगले भनेको छ।

आयोजना व्यवस्थापनका सम्बन्धमा अख्तियारले सातबुँदे सुझाव दिएको छ। आयोजना व्यवस्थापनलाई व्यवस्थित र अनुशासित बनाई तोकिएको समय, गुणस्तर र लागतभित्रै आयोजना सम्पन्न गर्न तत्काल कार्यान्वयन गर्ने गरी अख्तियारले सुझाव दिएको छ।

तीनै तहमा आयोजना बैंक, मध्यमकालीन खर्च संरचना, मन्त्रालयगत बजेट सूचना प्रणाली र स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबीच अन्तरआबद्धता कायम गर्ने, योजना आयोगले बजेट सिलिङ दिनुपूर्व तत्तत् निकायसँग तयारी पूरा भएका आयोजनाहरूको विवरण मागी जिम्मेवार पदाधिकारीसँग छलफल गर्ने, तीनै तहले सञ्चालन गर्ने आयोजना वर्गीकरणको वस्तुगत मापदण्ड बनाई त्यसले तोकेका प्रकृति तथा लागत सीमाका आयोजनामा मात्र बजेट बजेट विनियोजन हुनुपर्ने सुझाव अख्तियारले दिएको छ।

त्यस्तै, निश्चित लागत सीमाभन्दा माथिका सबै आयोजनाको विस्तृत अध्ययन गरी आर्थिक तथा वित्तीय, प्राविधिक र वातावरणीय दृष्टिले उपयुक्त देखिएका र पूर्वतयारी तथा कानुनी प्रक्रिया पूरा भएर कार्यान्वयनका लागि तयारी अवस्थाका आयोजना मात्र आयोजना बैंकमा प्रविष्टि गर्ने, तीनै तहका सरकारले आयोजना बैंकमा प्रविष्टि भएका आयोजनाको सम्भाव्यता, कार्यान्वयन योग्यता र पूर्वतयारीको द्रुत लेखाजोखा गरी उपयुक्त देखिएका आयोजनाको मात्र प्राथमिकताक्रमसहितको सूची तयार गरी आयोजना बैंक व्यवस्थापन सूचना प्रणालीमार्फत सार्वजनिक गर्ने र त्यसको विवरण स्वत: मध्यमकालीन खर्च संरचना व्यवस्थापन सूचना प्रणालीमा समेत अद्यावधिक हुने व्यवस्था मिलाउनेलगायत सुझाव पनि अख्तियारको छ।

मन्त्रालय तथा निकायहरूले वार्षिक बजेट तर्जुमा गर्दा प्राप्त सिलिङभित्र रही आयोजना बैंकबाट छनोट र प्राथमिकीकरण भई मध्यमकालीन खर्च संरचना व्यवस्थापन सूचना प्रणालीमा अद्यावधिक भएका आयोजनामा मात्र प्राथमिकताका आधारमा बजेट प्रस्ताव गर्ने र यसरी प्रस्तावितमध्येबाट बजेटमा समावेश हुने आयोजनाको टुंगो लगाई सम्बन्धित



- **आयोजना वर्गीकरणको मापदण्ड बनाउन्, त्यसका आधारमा मात्र बजेट**
- **बजेटबाहिरबाट आर्थिक वर्षको बीचमा आयोजना छिराउन्**
- **जथाभावी रकमान्तरले विकृति झाँगियो, मापदण्ड बनाई कार्यान्वयन गर्न्**
- **अबन्डामा करोडौँ रकम राख्ने र बजेट छर्ने प्रवृत्ति रोक्न्**
- **तीन तहमा आयोजनाको दोहोरोपन रोक्न्**
- **हालसम्म काम सुरु नभएका बहुवर्षीय आयोजनाको पुनरावलोकन गर्न्**
- **स्रोत सुनिश्चितताको निश्चित सीमा तोक्न्**
- **प्रस्तावक, सिफारिसकर्ता र निर्णयकर्ता पनि जिम्मेवार हुनुपर्ने**
- **प्रशासनिक र राजनीतिक नेतृत्वले सामूहिक जवाफदेहिता निर्वाह गर्नुपर्ने**
- **जथाभावी दरबन्दी थप्ने, सेवा सुविधा तोक्ने, निजी सचिव र सल्लाहकार नियुक्ति रोक्न्**

मन्त्रालय र निकायको अधिकारप्राप्त अधिकारीबाट निर्णय गराएर मात्र मन्त्रायलगत बजेट सूचना प्रणालीमा अन्तिम प्रविष्टि गर्न पनि अख्तियारले सुझाएको छ।

संसद्बाट स्वीकृत भएबाहेकका आयोजना आर्थिक वर्षको बीचमा कार्यपालिकाको निर्णय तथा अन्य सोही प्रकृतिका निर्णयका आधारमा बजेटमा समावेश गरी कार्यान्वयनमा लैजाने प्रवृत्ति तीनै तहका सरकारमा देखिनु वित्तीय अनुशासन र भ्रष्टाचार नियन्त्रणका दृष्टिले चिन्ताको विषय भएको जनाइएको छ। यस्तो प्रवृत्ति अन्त्य गर्न अख्तियारले सुझाव दिएको छ।

समपूरक र विशेष अनुदानका लागि आयोजना प्रस्ताव गर्दा आवश्यकता र औचित्य पुष्टि हुने गरी आयोजना बैंकमा प्रविष्टि गर्ने र यसरी प्रस्ताव गर्दा उल्लिखित विवरण फरक पर्न गएमा प्रस्तावक, सिफारिसकर्ता र निर्णयकर्ता जिम्मेवार हुने पनि अख्तियारले उल्लेख गरेको छ। जथाभावी बजेट रकमान्तर गरी खर्च गर्ने विकृति झाँगिदै जाँदा स्रोतको दुरुपयोग र कामको गुणस्तरसमेत कमसल हुने गुनासो बढेको भन्दै अख्तियारले त्यसमा मापदण्ड बनाई कार्यान्वयन गर्न भनेको छ।

न्यूनतम मापदण्ड नै नपुगेका आयोजनामा समेत बहुवर्षीय ठेक्काका लागि स्रोत सुनिश्चितता दिने, अर्थ मन्त्रालयले सम्बन्धित मन्त्रालयमा विनियोजित रकमबाटै बजेट व्यवस्था गर्ने गरी जथाभावी स्रोत सुनिश्चितता प्रदान गर्ने प्रवृत्तिले तीनै तहका सरकारलाई असीमित बजेट दायित्व सिर्जना भएको ठहर अख्तियारको छ। वस्तुगत मापदण्ड बनाई आवश्यकता र औचित्यका आधारमा मात्र बहुवर्षीय आयोजनामा स्रोत सहमति दिने व्यवस्था गर्न अख्तियारले भनेको छ।

कार्य सम्पन्न भए पनि सम्बन्धित आवमा भुक्तानी नदिँदा ठूलो दायित्व सिर्जना हुने र नयाँ आवमा दायित्व भुक्तानीका लागि बजेटको व्यवस्था नगरी कार्यपालिकाको निर्णयबाट रकमान्तर वा अन्य माध्यमद्वारा स्रोत व्यवस्था गरी भुक्तानी दिने प्रवृत्ति तीनै तहमा देखिएको भन्दै अख्तियारले यस्तो कार्य कानुनविपरीत हुने भएकोले यस्तो कार्य नगर्न अख्तियारले सुझाएको छ।

तीनै तहले बजेट तर्जुमा गर्दा अनुशासन कायम गर्ने, योजना छनोट, बजेट तर्जुमा र कार्यान्वयनका हरेक चरणमा प्रशासनिक र राजनीतिक नेतृत्वले सामूहिक जिम्मेवारी र जवाफदेहिता निर्वाह गर्नुपर्ने पनि अख्तियारले भनेको छ। तीनै तहका सरकारले बजेट स्वीकृतिको चरणमा अबन्डामा करोडौँ रकम राख्ने र आव सुरु भई बजेट कार्यान्वयनका चरणमा विनातयारी र प्रतिफलबेगरका आयोजना प्रविष्टि गर्ने र बजेट छर्ने प्रवृत्ति देखिएको भन्दै यसलाई अन्त्य गर्नुपर्ने अख्तियारको सुझाव छ। सरकारी स्रोत-साधनको दुरुपयोग गरे कारबाही गर्ने चेतावनी पनि दिएको छ।

तीनै तहका सरकारले दोहोरोपना नहुने गरी योजना, नीति, बजेट र कार्यक्रम तयार गर्ने र स्रोतको कुशलतापूर्वक परिचालनमा ध्यान दिनुपर्ने पनि अख्तियारले भनेको छ। स्रोतको सुनिश्चितता भएपछि मात्र आयोजनामा खरिद कार्य अगाडि बढाउन भन्दै अख्तियारले स्रोत सुनिश्चितताबेगर खरिद कार्य अगाडि बढाई राज्यलाई हानि-नोक्सानी हुन गए छानबिन गर्ने चेतावनी पनि दिइएको छ।

मन्त्रालयबाट जथाभावी कार्यविधि बनाई कोष स्थापना गर्ने, संगठन संरचना र दरबन्दी थप्ने, स्थानीय तहमा योजना आयोग गठन गर्ने, कर्मचारी तथा पदाधिकारीको सेवा, सर्त, सुविधा तोक्ने, निजी सचिव र सल्लाहकारजस्ता पद सिर्जना गर्नेलगायत अनावश्यक व्ययभार थप्नेजस्ता कार्य तत्काल रोक्न अख्तियारले भनेको छ। बहुवर्षीय आयोजना छनोट गर्दा नेपाल सरकारबाट स्वीकृत मापदण्डबमोजिमबाहेक नगर्ने र त्यसमा स्रोत सुनिश्चितता गर्दा हालसम्म स्रोत सुनिश्चित भएका आयोजनाको स्रोत व्यवस्थापनको निधो नगरी थप यस्ता आयोजनाको स्रोत सुनिश्चितता नगर्न पनि अख्तियारले सुझाएको छ।

स्वीकृति दिएर पनि हालसम्म काम सुरु नभएका बहुवर्षीय आयोजनाको पुनरावलोकन गर्न र राष्ट्रिय गौरवका तथा उच्च प्राथमिकतामा रहेका रणनीतिक आयोजनामा मात्र बहुवर्षीय स्वीकृति दिने गरी मापदण्ड तर्जुमा गर्न पनि भनिएको छ।

एमालेले थाल्यो मध्यपहाडी राजमार्गकेन्द्रित जनसंवाद अभियानको तयारी

काठमाडौं/ एमालेले तिहारलगत्तै सञ्चालन हुने मध्यपहाडी राजमार्गकेन्द्रित बृहत् पदयात्रा तथा जनसंवाद अभियान सञ्चालनको तयारी सुरु गरेको छ। शक्ति प्रदर्शन र संगठन विस्तारका लागि सञ्चालन गर्ने गरी सुरु गर्न लागेको अभियानको तयारीका लागि बिहीबार दुई उपमहासचिवको टोली स्थलगत रूपमा खटिएका छन्।

उपमहासचिव प्रदीप ज्ञवाली पूर्वतर्फ र अर्का उपमहासचिव विष्णु रिमालको टोलीलाई पश्चिमतर्फ खटाइएको एमाले केन्द्रीय कार्यालय सचिव डा. भीष्म अधिकारीले जानकारी दिए। सिराहाको सर्लै अम्बासमा १४ भदौमा बसेको केन्द्रीय सचिवालय बैठकले पूर्वको पाँचथर चिवा भञ्ज्याङदेखि बैतडीको झुलाघाटसम्म मध्यपहाडी राजमार्गकेन्द्रित अभियान सञ्चालन गर्ने निर्णय गरेको थियो। मंसिर दोस्रो साताबाट दुई साता अभियान सञ्चालन हुनेछ।

ज्ञवालीको टोली विराटनगर हुँदै पाँचथरसम्म पुगेर स्थलगत रूपमा अध्ययन गर्नेछ। त्यस्तै, जनप्रदर्शन गर्ने स्थल, कोणसभास्थललगायत विषय जिल्ला र स्थानीय पार्टीसँग समन्वय र परामर्श गरेर तय गर्नेछ। पूर्वतर्फ खटिएको टोलीमा उपहासचिव ज्ञवालीसहित केन्द्रीय सदस्य किरण पौडेल र भूतपूर्व सैनिक प्रहरी संगठनका अध्यक्ष विनोद पाण्डे छन्।

पश्चिम बैतडी झुलाघाटतर्फ उपमहासचिव रिमालसहित पोलिटब्युरो सदस्य विनोद श्रेष्ठ, केन्द्रीय सदस्य विष्णु रिजाल र आर्थिक विभागका सदस्य लोकबहादुर भण्डारी छन्। यो टोलीले बैतडीबाट तयारीको काम सुरु गर्ने एमालेले जनाएको छ। पुष्पलाल राजमार्ग नामकरण गरिएको मध्यपहाडी राजमार्गको लम्बाइ एक हजार आठ सय ७९ किलोमिटर छ। एमालेको यात्रा करिब दुई सातामा समापन गर्ने तयारी छ।

एमालेले आगामी ९ र १० मंसिरमा पार्टी केन्द्रीय कमिटीको बैठक धनगढीमा आयोजना गर्ने र ११ मंसिरदेखि झुलाघाटबाट मध्यपहाडी यात्रा सुरु गर्ने गरी आन्तरिक तयारी सुरु गरेको हो।

संक्रमणकालीन न्यायसम्बन्धी विधेयक हिउँदे अधिवेशनबाट पारित गर्ने सहमति

काठमाडौं/ माओवादीले संक्रमणकालीन न्यायसम्बन्धी विधेयक संसद्को हिउँदे अधिवेशनबाट पारित गर्ने सहमति दलहरूबीच भएको बताएको छ। पार्टी केन्द्रीय कार्यालय कोटेश्वरमा बिहीबार पत्रकार सम्मेलन गरेर उपाध्यक्ष एवं प्रवक्ता अग्निप्रसाद सापकोटाले संसदीय समितिमा छलफलका क्रममा रहेको विधेयक आगामी अधिवेशनमा पारित गर्ने सहमति भएको दाबी गरेका हुन्।

'शान्ति प्रक्रिया महत्त्वपूर्ण विषय हो। यसलाई टुंग्याउन शीर्ष नेताहरूबीच छलफल भइरहेको छ। हिउँदे अधिवेशनबाट पारित गर्न दलहरूबीच सहमति भएको छ,' उनले भने। हिउँदे अधिवेशन बोलाउनकै लागि चालू बर्खे अधिवेशन अन्त्य गरिएको उनले बताए। सापकोटाले देश पछाडि फर्कन नसक्ने भन्दै अग्रगामी पक्षधरबीच राष्ट्रिय दृष्टिकोण निर्माण गर्नुपर्नेमा जोड दिए। १२ बुँदे पक्षधर अग्रगामी शक्तिबीच समीक्षा बैठक बस्ने सहमति भएको पनि उनले बताए। सापकोटाले संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसको भ्रमणले शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउन दलहरूलाई सघाएको बताए। गुटेरेसको भ्रमणले अन्तर्राष्ट्रिय समर्थन प्राप्त भएको उनको भनाइ छ। उनले जनतासँग माओवादी, विशेष रूपान्तरण अभियान प्रभावकारी रूपमा अगाडि बढेको पनि बताए।

आइ.सि.एफ.सि. फाइनान्स लिमिटेड ICFC

तपसिलमा उल्लेखित ऋणीहरुलाई कर्जा भुक्तानी गर्ने सम्बन्धि ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

सूचना प्रकाशित मिति : २०८०/०७/१७

यस फाइनान्सको शाखा कार्यालय जयमंगला तथा खुरखुरे, चितवनबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिएको ऋण कर्जा सम्झौताको शर्त तथा तालिका अनुसार बुझाउनु पर्ने ब्याज तथा किस्ता रकम फाइनान्सले बारम्बार मौखिक, लिखित तथा अन्य स्रोत साधनहरुबाट अनुरोध गरी पटक पटक म्याद दिंदा समेत रकम भुक्तानी गर्न नआएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सम्पूर्ण ऋण रकम (सावाँ, ब्याज र हर्जाना ब्याज आदि समेत) चुक्ता भुक्तानी गर्न आउनु हुन यो सूचना प्रकाशित गरिएको छ। अन्यथा, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कर्जा सम्बन्धी शर्त, सम्झौताका लिखत तथा प्रचलित नेपाल कानून बमोजिम कर्जा असूल्ने क्रममा तपाईले धितो स्वरुप यस फाइनान्सको नाममा दर्ता रहेको तपसिल बमोजिमको सवारी साधन तथा फाइनान्सको नाममा दृष्टिबन्धक लिखत पास गरी सुरक्षण राखिदिएको तपसिल बमोजिमको अचल सम्पत्ति बेच बिखन गरी कर्जा रकम असूल उपर गरि लिइनेछ। सोबाट समेत असूल उपर हुनुपर्ने सम्पूर्ण रकम असूल उपर हुन नसकेमा प्रचलित कानून अनुसार तपाई ऋणीहरुको अन्य चल अचल सम्पत्ति तथा जायजेथाबाट समेत फाइनान्सले आफ्नो लेना असूल उपर गरि लिनेछ। साथै, ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिहरुबाट धितोले नखामेको बक्यौता कर्जा रकम असूल उपरका लागि ऋण असूली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणीहरु, व्यक्तिगत जमानीकर्ताहरु तथा सम्बन्धित सबै पक्षहरुलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। उपरोक्त कारवाहीको सिलसिलामा लाग्ने सम्पूर्ण खर्च समेत तपाई ऋणीहरुबाट नै भराई लिईनेछ। तपाई ऋणीहरुबाट सम्पूर्ण रकम असूल उपर नभएको खण्डमा ऋणीको कर्जा रकमको सुरक्षण वापत जमानी बसीदिने व्यक्तिहरुले व्यहोर्नु पर्ने हुनाले यसै सूचनालाई आधार मानी बाँकी ऋण रकम भुक्तानी गर्न आउनु होला। उपरोक्त समयावधिभित्र कर्जा चुक्ता भुक्तानी नभएमा/नगरेमा नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जासँग सम्बन्धित सबै पक्षहरुलाई कर्जा सूचना केन्द्र लिमिटेडमा कालो सूचीमा सूचीकृत गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

तपशिल

शाखा कार्यालय जयमंगला, चितवन

१. ऋणीको विवरण

रत्ननगर नगरपालिका, ११ नं. वडा कार्यालय, जिरौना, रत्ननगर, चितवनमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम मिति २०७७/१०/१३ मा दर्ता नं. ३४२/११/ग भई नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय, भरतपुर, करदाता सेवा कार्यालय, खैरहनीबाट स्थायी लेखा नं. ६१४९५३१०७ को प्रमाणपत्र प्राप्त **लक्ष्मी गाई फर्म।**

व्यवसायीको नाम : लक्ष्मी श्रेष्ठ

ठेगाना : रत्ननगर ११, नमुना टोल, चितवन।

व्यक्तिगत जमानी दिनेहरुको विवरण

क) नाम : लक्ष्मी श्रेष्ठ
बाबु : शेर बहादुर घिमिरे
पति : कृष्ण लाल श्रेष्ठ
ससुरा : पदम लाल श्रेष्ठ
ना. प्र. नं. : ३५१०२०/६०९
मिति : २०७०/०२/०८, जि.प्र.का. चितवन
ठेगाना : रत्ननगर न.पा.-१०, चितवन
हाल : रत्ननगर न.पा.-११, चितवन।

ख) नाम : कृष्ण लाल श्रेष्ठ
बाबु : पदम लाल श्रेष्ठ
बाजे : भक्त बहादुर श्रेष्ठ
ना. प्र. नं. : २७३/०४४
मिति : २०५६/१२/२०, जि.प्र.का. चितवन
ठेगाना : रत्ननगर न.पा.-१०, चितवन
हाल : रत्ननगर न.पा.-११, चितवन।

धितो सुरक्षणको विवरण

मालपोत कार्यालय भरतपुर, चितवनमा कृष्ण लाल श्रेष्ठको नाममा दर्ता कायम रहेको सावित पंचकन्या वडा नं. ७ क हाल रत्ननगर न.पा. वडा नं. ११, स्थित कित्ता नं. २८१ र २८४ को क्षेत्रफल क्रमश: ०-०-१०-०, ०-१-०-० (बि-क-धु) को जग्गा तथा त्यसमा भए गरेका निर्माणहरु, लिगलगापात समेत।

शाखा कार्यालय खुरखुरे, चितवन

१. ऋणीको विवरण

नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, भरतपुर, चितवनमा प्राईभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ अन्तर्गत मिति २०७४/१०/२९ मा प्रा.फ.र. नं. १२१७/०७४/०७५ भई नेपाल सरकार, आन्तरिक राजस्व विभाग, आन्तरिक राजस्व कार्यालय भरतपुरबाट स्थायी लेखा नं. ६०७५०९०३० को प्रमाणपत्र प्राप्त **एस के मदिरा।**

प्रोप्राईटर : सुरेश चौधरी

ठेगाना : खैरहनी न.पा. १०, चितवन।

व्यक्तिगत जमानी दिनेहरुको विवरण

क) नाम : सुरेश चौधरी
बाबु : बुद्धि राम महतो
बाजे : मगना महतो
ना.प्र.नं. : २९२८/०४४
मिति : २०६१/०८/०४, जि.प्र.का. चितवन
ठेगाना : कठार ५, चितवन
हाल : खैरहनी न.पा. १०, चितवन।

ख) नाम : अनिता चौधरी
बाबु : छनुवा महतो
पति : सुरेश चौधरी
ससुरा : बुद्धि राम महतो
ना.प्र.नं. : ३५१००१/११५७
मिति : २०७०/०९/०१, जि.प्र.का. चितवन
ठेगाना : कठार ५, चितवन
हाल : खैरहनी न.पा.१०, चितवन।

ग) नाम : सिता चौधरी
बाबु : विका महतो
पति : सुर्य प्रसाद महतो
ससुरा : बुद्धि राम महतो
ना.प्र.नं. : ३५३०१/५०
मिति : २०६३/१०/१८, जि.प्र.का. चितवन
ठेगाना : कठार-५, चितवन
हाल : खैरहनी न.पा. १०, चितवन।

घ) नाम : सुर्य प्रसाद महतो
बाबु : बुद्धि राम महतो
बाजे : मगना महतो
ना.प्र.नं. : ११६०
मिति : २०४५/०२/१६, जि.प्र.का. चितवन
ठेगाना : गुञ्जनगर-९, चितवन
हाल : खैरहनी न.पा. १०, चितवन।

ङ) नाम : बुद्धि राम महतो
बाबु : मगना महतो
बाजे : पुर्ण सिंह महतो
ना.प्र.नं. : १३४२
मिति : २०३६/११/३०, जि.प्र.का. चितवन
ठेगाना : रातापुर ५, चितवन
हाल : खैरहनी न.पा. १०, चितवन।

धितो सुरक्षणको विवरण

मालपोत कार्यालय खैरहनी, चितवनमा बुद्धिराम महतोको नाममा दर्ता कायम रहेको चितवन जिल्ला, सावित कठार वडा नं. ८ क, स्थित कित्ता नं. ३७७ क्षेत्रफल ०-०-१०-० (वि.क.धु.) को घर-जग्गा तथा त्यसमा भए गरेका अन्य निर्माणहरु, लिगलगापात समेत..।

२. ऋणीको विवरण

नाम : सुरेश चौधरी
बाबु : बुद्धि राम महतो
बाजे : मगना महतो
ना.प्र.नं. : २९२८/०४४
मिति : २०६१/०८/०४, जि.प्र.का. चितवन
ठेगाना : कठार ५, चितवन
हाल : खैरहनी न.पा. १०, चितवन।

व्यक्तिगत जमानी दिनेहरुको विवरण

क) नाम : अनिता चौधरी
बाबु : छनुवा महतो
पति : सुरेश चौधरी
ससुरा : बुद्धि राम महतो
ना.प्र.नं. : ३५१००१/११५७
मिति : २०७०/०९/०१, जि.प्र.का. चितवन
ठेगाना : कठार ५, चितवन
हाल : खैरहनी न.पा.१०, चितवन।

ख) नाम : सुर्य प्रसाद महतो
बाबु : बुद्धि राम महतो
बाजे : मगना महतो
ना.प्र.नं. : ११६०
मिति : २०४५/०२/१६, जि.प्र.का. चितवन
ठेगाना : गुञ्जनगर-९, चितवन
हाल : खैरहनी न.पा. १०, चितवन।

ग) नाम : सिता चौधरी
बाबु : विका महतो
पति : सुर्य प्रसाद महतो
ससुरा : बुद्धि राम महतो
ना.प्र.नं. : ३५३०१/५०
मिति : २०६३/१०/१८, जि.प्र.का. चितवन
ठेगाना : कठार-५, चितवन
हाल : खैरहनी न.पा. १०, चितवन।

घ) नाम : बुद्धि राम महतो
बाबु : मगना महतो
बाजे : पुर्ण सिंह महतो
ना.प्र.नं. : १३४२
मिति : २०३६/११/३०, जि.प्र.का. चितवन
ठेगाना : रातापुर ५, चितवन
हाल : खैरहनी न.पा. १०, चितवन।

धितो सुरक्षणको विवरण

धनी आइ.सि.एफ.सि. फाइनान्स लि. ऋणी सुरेश चौधरी कायम रहेको यातायात व्यवस्था कार्यालय, पर्सा, वीरगंजमा दर्ता कायम रहेको ना ७ त ३८२, इन्जिन नं.: PY3029D483959, च्यासिस नं.: 1VY5045DCJA009234 भएको १ थान John Deere ट्र्याक्टर।

आइ.सि.एफ.सि. फाइनान्स लिमिटेड
१४२५ थिरबम सडक, भाटभटेनी, काठमाडौं, फोन नं. ४५२५२९२
www.icfc.com.np

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय

प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र

बुटवल, रुपन्देही

विद्युतीय बोलपत्र (e-tender) आह्वानको सूचना

यस केन्द्रको लागि आ.व. २०८०/०८१ मा आवश्यक पर्ने तपसिलमा उल्लेखित खरिद कार्य बोलपत्रका माध्यमबाट गर्नुपर्ने भएकोले बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रहि ई-बिडिङ माध्यमबाट बोलपत्र पेश गर्न तथा विस्तृत जानकारी तथा बोलपत्र फारमको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाइट www.bolpatra.gov.np/egp मा हेर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

क्र. सं.	ठे.नं.	कामको विवरण	धरौटी रकम	बोलपत्र दस्तुर	प्रि बिड मिटिङ्गको मिति र समय	सूचना प्रकाशित मिति	बोलपत्रको दर्ताको अन्तिम मिति र समय
१.	L/PHLMC/NCB/GOODS-RE3. 2/2080-081	ESSENTIAL MEDICINE (PACKAGE-2 IMNCI MEDICINE)	९३०००	३०००	-	दोस्रो पटक मिति २०८०/०७/१७	२०८० मंसिर १७ गते १२:०० भित्र
२.	L/PHLMC/NCB/GOODS-RE3. 5/2080-081	ESSENTIAL MEDICINE (PACKAGE-5 NCD MEDICINE FOR SLICE B)	९३०००	३०००			
३.	L/PHLMC/NCB/GOODS-RE3. 4/2080-081	ESSENTIAL MEDICINE (PACKAGE-4 SAFE MOTHERHOOD)	११५०००	३०००			
४.	L/PHLMC/NCB/ Others-9/2080-081	TRANSPORTATION AND CARRIER SERVICES	७००००	३०००	-	प्रथम पटक मिति २०८०/०७/१७	
५.	L/PHLMC/NCB/ GOODS-10/2080-081	STI/OI MEDICINE	३७०००	३०००			
६.	L/PHLMC/NCB/ GOODS-11/2080-081	SUPPLY DELIVERY AND INSTALLATION OF HPLC MACHINE	७००००	३०००	२०८० मंसिर १ गते दिनको ११:३० बजे	प्रथम पटक मिति २०८०/०७/१७	
७.	L/PHLMC/NCB/ GOODS-12/2080-081	PANCHAKARMA EQUIPEMENTS	४७०००	३०००			
८.	L/PHLMC/NCB/ GOODS-13/2080-081	USG MACHINE	४८००००	५०००			
९.	L/PHLMC/NCB/ GOODS-14/2080-081	SUPPLY DELIVERY AND INSTALLATION OF PHACO MACHINE	११५०००	३०००			

निर्देशक



शाहरूखले मनाए ५८औँ जन्मदिन

शाहरूख खानले बिहीबार आफ्नो ५८औँ जन्मदिन मनाएका छन् । वर्ष २०२३ मा उनले बलिउडमा धमाकेदार कमब्याक गरे । उनले अभिनय गरेका जवान र पठान दुवै सुपरहिट भए । गत जनवरीमा रिलिज भएको पठानले एक हजार ५० करोड भारु तथा सेप्टेम्बरमा रिलिज भएको जवानले एक हजार १ सय ४६ करोड भारु आम्दानी गरे ।



'खिचडी-२' मा सुप्रिया

आतिश कपाडियाको निर्देशनमा तयार भएको पारिवारिक कमेडी फिल्म 'खिचडी २' को ट्रेलर सार्वजनिक भएको छ । सुप्रिया पाठक, जमनादास मजेठिया, राजीव मेहता, अनंग देसाई, बन्दना पाठक, कृति कुल्हारीलगायत कलाकारले फिल्ममा अभिनय गरेका छन् ।

दीर्घरोगीले ख्याल गरौं



चाडपर्वमा मानिसहरू फुर्सदमा हुन्छन् । अन्य समयको दाँजोमा मानिसले धेरै भोजन गर्छन् । खानपानले तपाईंको स्वास्थ्यलाई असर गर्न सक्छ । तसर्थ, सन्तुलित भोजनमा जोड दिनुपर्छ । दीर्घरोगीले खानपानमा अझै विशेष ध्यान दिनुपर्छ ।

प्रेसर, सुगर, दम रोग, मिर्गौला, मुटुजस्ता रोगीले आफ्नो विशेष ख्याल गर्नुपर्छ । तपाईंले सेवन गरिरहनुभएको औषधिको डोज मिलाएर सेवन गर्ने बिर्सनुहुँदैन ।

डाक्टरको सल्लाह



डा. रोशनकुमार झा
फिजिसियन, सशस्त्र प्रहरी अस्पताल

सुगर भएकाले गुलियो खानेकुरा खानुहुँदैन । चाडपर्वमा मासुको परिकार धेरै बनाएर खाइन्छ । भुटेको, तारेको मासु प्रयोग हुन्छ । त्यसमा नुनको मात्रा धेरै प्रयोग हुन्छ । बढी चिल्लो र नुनिलो खानपान स्वास्थ्यका लागि राम्रो होइन ।

बासी खानेकुरा सकेसम्म नखानुहोस् । बासी खाँदा फुड पोइजन हुन सक्छ । सकेसम्म धेरै मासु नखानु नै राम्रो हुन्छ । एक हप्तामा एक व्यक्तिले आधा केजीभन्दा बढी मासु खानु भनेको शरीरका लागि हानिकारक छ । दिनमा ७० ग्राम मात्रै खाँदा राम्रो हुन्छ । तसर्थ, मासुको कमभन्दा कम प्रयोग गर्नुस् ।

समयमा नै सुत्ने बानी गर्नुपर्छ । आफ्नो स्वास्थ्यलाई विशेष ध्यान दिनुपर्छ । जंकफुडबाट टाढा रहनुपर्छ । मदिरा र धूम्रपानले पनि विभिन्न समस्या निम्त्याउँछन् । त्यसकारण, यस्ता खराब खानपानबाट टाढै रहनु राम्रो हुन्छ । शारीरिक रूपमा सक्रिय रहनुपर्छ । नियमित व्यायाम गर्नु राम्रो हुन्छ ।

बालमनोविज्ञानमा चित्रकलाको सकारात्मक प्रभाव



रमेश खनाल
निर्देशक, अरूपण आर्ट ग्यालरी नेपाल

विश्वप्रसिद्ध कलाकारहरू बालबालिकासँग चित्र बनाउन चाहन्छन् । अबोध बालबालिकाले सिर्जना गरेका चित्र दुर्लभ हुन्छन् । तिनै दुर्लभ चित्रलाई प्रेरणाको स्रोत ठानेर विश्वप्रसिद्ध कलाकारहरूले चित्र बनाउँछन् । तसर्थ, बालबालिका सिर्जनाको स्रोत हुन् । उनीहरूको सिर्जनालाई प्रस्फुटन हुने अवसर दिनुपर्छ । उनीहरूको सिर्जनशीलता अभिव्यक्त गर्ने एक सशक्त माध्यम चित्रकला हो । बालबालिकालाई चित्रकला सिकाउनुका धेरै फाइदा छन् । यसले बालबालिकाको भावनात्मक, शारीरिक र मानसिक विकासमा सहयोग पुऱ्याइरहेको हुन्छ । चित्रकलाका दौरान मस्तिष्कले विभिन्न काल्पनिक र रमाइला कुराहरू सोचिरहेको हुन्छ । बालबालिका नयाँ दुनियाँमा पुग्छन् र उनीहरूले मानसिक रूपमा फ्रेस महसुस गर्छन् ।



ध्यान क्षमता वृद्धि: पहिलो कुरा बच्चाले ध्यान गर्ने क्षमता बढ्छ । चित्र बनाउँदा हामी ध्यानमग्न रहनुपर्छ । एउटा फूल बनाउनुपऱ्यो भने त्यसलाई राम्रो तरिकाले बनाउनका लागि यसैमा ध्यान केन्द्रित गर्नुपर्छ । अन्यथा, चित्र आकर्षक हुन सक्दैन । त्यसैले चित्रकलाले ध्यान केन्द्रित गर्न सिकाउँछ । अन्य विषय पढ्नका लागि पनि यो आवश्यक छ ।

उत्प्रेरणा : चित्रकलाले विद्यार्थीलाई मोटिभेट गर्छ । जस्तो, प्रकृतिक, बोटबिरुवा, जनावरका चित्र बनाउँदा उनीहरू निकै खुसी र उत्साही हुन्छन् । यसले उनीहरूमा सकारात्मकता प्रवाह गर्छ । उनीहरू सिर्जनशील बन्छन् । तसर्थ, क्रिएटिभ लर्निङका लागि पनि चित्रकला महत्त्वपूर्ण छ ।

धैर्य : चित्र बनाउन धैर्य चाहिन्छ । धैर्य भएन भने राम्रो काम हुँदैन । हुन तः चित्र सधैँ राम्रो बन्छ भन्ने पनि छैन । तर, विद्यार्थीले राम्रै बनाउनुपर्छ भनेर प्रयास गरिरहेको हुन्छ । चित्रकला गर्ने विद्यार्थीको हस्तलेखन पनि राम्रो हुन्छ ।

सिकाइ प्रक्रिया

बालबालिकालाई आधारभूत रूपमा सुरुमा ६ महिना (२४ वटा क्लास) सिकाउनु राम्रो हुन्छ । उनीहरूलाई चित्रकलाका आधारभूत पक्ष सिकाएपछि चित्र बनाउन लगाइन्छ । ती चित्रलाई प्रदर्शनीमा राखिन्छ र विद्यार्थीलाई प्रमाणपत्र पनि दिइन्छ । मेरो बुझाइमा कम्तीमा ५ कक्षा पढ्ने भएपछि मात्रै विद्यार्थीलाई चित्रकला सिकाउनु राम्रो हुन्छ । किनकि, यतिवेलासम्म बालबालिकाहरू बुझ्ने भइसकेका हुन्छन् । जसकारण, उनीहरूलाई जीवनसँग एट्याच गरेर पेन्टिङ सिकाउन सकिन्छ । रङको महत्त्व, जीवनको महत्त्व, जीवनमा ऊर्जाको महत्त्व, राम्रो-नराम्रो पक्षबारे बुझाउन सकिन्छ । बेसिक कोर्स गरिसकेका विद्यार्थीले त्यसपछि घरमै बसेर पनि आफ्नो कलालाई निखार्न सक्छन् । त्यस्तै, समय मिलाएर थप तालिम पनि लिन सक्छन् । विद्यार्थीलाई आधारभूत कोर्सका दौरान शून्य बिन्दुबाटै (सुरुमा धर्सा तान्ने) सिकाउनुपर्छ । राम्ररी तालिम दिँदै गएपछि उनीहरू प्राविधिक रूपमा चुस्त हुन थाल्छन् । चित्रकला गर्नेको हस्तलेखन पनि राम्रो हुन्छ ।

अंग्रेजी, नेपाली भाषाको व्याकरण भएजस्तै चित्रकलाको पनि आफ्नै व्याकरण हुन्छ । विद्यार्थीलाई आधारभूत पक्ष र व्याकरणबारे सिकाइन्छ ।

त्यस्तै, विद्यार्थीलाई विभिन्न थरीका पेन्सिल र ती पेन्सिल चलाउने तरिका सिकाउनुपर्छ । रङ कसरी चलाउने ? ब्रस कति किसिमको हुन्छ ? यी कुरा सिकाउनुपर्छ । रंङ के हो ? प्राइमरी कलर, सेकेन्डरी कलर, कम्प्लिमेन्ट्री कलर भनेको के हो ? कुन रङमा कस्तो रङ मिसाउँदा कस्तो रङ बन्छ ? एउटा क्यान्भासमा कुन रङ कहाँ बस्छ ? रातो रङ कहाँ बस्छ, पहेँलो कहाँ, हरियो कहाँ बस्छ ? यस्ता आधारभूत पक्षबारे सिकाइन्छ ।

आयल (तेल) कलर, वाटर (जल) कलर के हो ? यीबीच भिन्नता के छ भनेर सिकाउनुपर्छ । वाटर कलरको प्रयोग 'लाइट टु डार्क' र आयल कलरको प्रयोग 'डार्क टु लाइट' हो भन्ने प्रारम्भिक जानकारी दिनुपर्छ । बजारमा पाइने वाक्स कलर, पोस्टर कलर, एक्रेलिक कलरको प्रयोग तेल रंगीय शैलीमा गर्नुपर्छ । कुनै पनि चित्रमा लाइट एन्ड सेड अनिवार्य हुन्छ । लाइट एकातर्फ पर्छ, अर्कोतर्फ सेड (छायाँ) पर्छ । कसरी पर्छ भन्ने कुरा 'लाइट एन्ड सेड'मा सिकाइन्छ ।

Government of Nepal
Nepal Agricultural Research Council
National Plant Breeding and Genetics Research Centre
Khumaltar, Lalitpur

Invitation for Electronic Quotations

IFB No: NPBGRC/SQ/WORKS/01/2080/81
Date of publication: 3rd November 2023

1. The **National Plant Breeding and Genetics Research Centre, Khumaltar, Lalitpur** invites electronic quotations from eligible bidders for the procurement of ***following works*** under Sealed Quotation procedures specified in Public Procurement Act and Regulations. Bidding is open to all eligible Bidders.

Contract Identification No.	Contract Name	Estimated Amount NRs. (excluding VAT and Contingencies)	Bid Security Amount NRs.
NPBGRC/SQ/ WORKS/01/2080/81	Construction of Compound Wall	14,55,448.55	42,000

2. All eligible Bidders are requested to visit PPMO website www.bolpatra.gov.np/egp for further details.

नेपाल सरकार
संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
श्री बौद्धनाथ क्षेत्र विकास समिति
बौद्ध-६, काठमाडौं, फोन: ४५८४२५७

बोलपत्र स्वीकृत सम्बन्धी आशयपत्र

प्रकाशित मिति : २०८०/०७/१७

यस समितिबाट मिति २०८०/०६/१० गते दोश्रो पटक प्रकाशित राष्ट्रिय दैनिक नयाँ पत्रिकामा देहायका आनन्दपुर स्थित ढुङ्गाको गुरु रिन्पोछे मूर्ति तथा कोठा निर्माण गर्ने कार्य र महाँकाल स्थित ढुङ्गाको महाँकाल भैरव मूर्ति निर्माण गर्ने कार्य गर्नको लागि बोलपत्र आह्वानको सूचना प्रकाशित भएकोमा रीतपूर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमका बोलपत्र यस समितिको मिति २०८०/०७/१६ को बोर्ड बैठकको निर्णयानुसार स्वीकृत गरिएको हुँदा सोको प्रयोजनार्थ सम्बन्धीत सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

क्र. स.	ठेक्का नं.	कामको विवरण	कबोल अंक (मु.अ.क) समेत	बोलपत्रदाता फर्मको नाम, ठेगाना
१.	२/०८०/०८१	आनन्दपुर स्थित ढुङ्गाको गुरु रिन्पोछे मूर्ति तथा कोठा निर्माण गर्ने कार्य	२४,७६,५६९.०९	श्री पि.एन.जि./बुद्ध त्रिरत्न जे.भि. कटुन्जेबेसी, काभ्रे
२.	३/०८०/०८१	महाँकाल स्थित ढुङ्गाको महाँकाल भैरव मूर्ति निर्माण गर्ने कार्य	२८,०३,८१२.३६	लोप्चन कन्स्ट्रक्सन, चावहिल-७, काठमाण्डौ ।

प्रभु बैंक लिमिटेड शाखा कार्यालय, टिकापुर, कैलालीका तपसिलमा उल्लिखित ऋणी तथा जमानतकर्तालाइ कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ती गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति २०८०/०७/१७ गते शुक्रबारको नयाँ पत्रिका राष्ट्रिय दैनिक)

यस बैंक (सात्विक सेञ्चुरी कमर्सियल बैंक लि.) का तपसिलमा उल्लेखित ऋणीहरुले विभिन्न शिर्षक अन्तरगत लिनुभएको ऋण कर्जा रकम चुक्ता भुक्तान गर्ने समयावधि समाप्त भईसक्दा पनि बैंकसँग गर्नुभएको सम्झौता बमोजिम कर्जा चुक्ता फछ्र्यौट नगर्नु भएकोले यस बैंकबाट पटक-पटक मौखिक तथा लिखित तर-ताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुँदा यो सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्न गराउन हुन ऋणी, जमानतकर्ता तथा धितोसुरक्षण धनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ । यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधिभित्र कर्जा चुक्ता फछ्र्यौट नगरेको खण्डमा ऋणी तथा जमानतकर्ता लगायतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरीने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,२०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ३६ औँ दिन देखि ४२ औँ दिनभित्र शिलबन्दी बोलपत्र बैंकको शाखा कार्यालय, टिकापुर, कैलालीमा दाखिल गर्नु हुन ईच्छुक महानुभावहरु सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औँ दिन अर्थात मिति २०८०/०८/२९ गते शुक्रवार (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको शाखा कार्यालय, टिकापुर, कैलालीमा दिनको ठीक ३:०० (तीन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, इच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाइ स्वीकार वा अस्वीकार गर्न व्यहोरा समेत जानकारी गराईन्छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिईने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिल

क. ऋणी तथा जमानतकर्ताको विवरण :

ऋणी : नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग, वाणिज्य कार्यालय धनगढी कैलालीमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम मिति २०७४/०१/२९ मा प्रा.फ.र.नं. २४०१७/०७३/७४ मा दर्ता कायम भई नेपाल सरकार अर्थ मन्त्रालय आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय धनगढी कैलालीबाट मिति २०७४/०१/२९ मा करदाताको नाम भगत चौधरी कारोवारको नाम माही सोनी ट्रेडर्स भई स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६०६१२०८४१ को प्रमाणपत्र प्राप्त **माही सोनी ट्रेडर्स फर्म । रजिष्ट्रर्ड ठेगाना :** कैलाली जिल्ला जोशिपुर गा.पा.वडा नं. ०४ दहरबेरीया ।

प्रोप्राईटर तथा जमानतकर्ता : भगत चौधरी	**जमानतकर्ता: सोनिया चौधरी**
(ना.प्र.नं. ६७२०३४/६२३४ जारी मिति २०६५/०४/२७ जारी गर्ने कार्यालय जि.प्र.का.कैलाली) ।	(ना.प्र.नं.६७ २०३४/४२१८५ जारी मिति २०७१/०२/१४ जारी गर्ने कार्यालय जि.प्र.का.कैलाली) ।
ठेगाना : कैलाली जिल्ला जोशिपुर गा.पा. वडा नं.४ (साबिक बौनिया गा.बि.स. वडा न.०१) दहरबेरीया ।	ठेगाना : कैलाली जिल्ला जोशिपुर गा.पा.वडा नं.४ (साबिक बौनिया गा.बि.स. वडा न.०१) दहरबेरीया ।
बाबु : बरातिलाल डगौरा ।बाजे : दाहु डगौरा ।	बाबु : भगतराम डगौरा ।पति/ससुरा : भगत चौधरी/बरातिलाल डगौरा ।

ख.लिलाम बिक्री हुने सम्पत्तिको विवरण :

१. भगत चौधरीको नाममा मालपोत कार्यालय टिकापुर, कैलालीमा दर्ता श्रेस्ता कायम रहेको कैलाली जिल्ला नवलपुर गा.बि.स. वडा नं. ८ नक्सा सिट नं. ८ स्थित कि.नं. ४१९ र ४१६ को क्षेत्रफल ०-२-३-० र ०-१-१०-० (विघा) को जग्गा तथा उक्त घर/जग्गाले चर्चेको र भविष्यमा चर्चने सम्पूर्ण लिग लगापात समेत.....१

२. ऋणी कम्पनी **माही सोनी ट्रेडर्स फर्म**को स्टक तथा चालु सम्पतिहरु उपर हाइपोथिकेसन सुरक्षण समेत.....१

पुनश्च :

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय, टिकापुर, कैलाली**बाट समेत प्राप्त गर्न सकिनेछ ।

२.सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।

३.लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय, टिकापुर, कैलालीमा** सम्पर्क राख्न सकिनेछ ।

PRABHU BANK
प्रभु बैंक लिमिटेड
प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-५७१५०००

नेपाल सरकार
भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
सडक डिभिजन, डोटी

आर्थिक प्रस्ताव खोलिने बारेको सूचना

सूचना नं. ६-२०८०/०८१

प्रकाशित मिति २०८०/०७/१७

यस कार्यालयबाट निर्माण हुने विभिन्न निर्माण कार्यहरुका लागि सूचना नं. ०४, मिति २०८०।०५।२२ मा आर्थिक राष्ट्रिय दैनिकमा सूचना प्रकाशन भई E-Bidding मार्फत पेश हुन आएका बोलपत्रहरुको प्राविधिक प्रस्तावहरु खोलि मूल्याङ्कन हुँदा तपशिल बमोजिमका बोलपत्रदाताहरुको प्रस्तावहरु सार्वजनिक खरिद नियमावली, २०६४(संसोधन समेत) को नियम ३१ज(४) बमोजिम सारभूत रुपमा प्रभावग्राही बोलपत्र भएकोले मिति २०८०।०७।२४ गते १०:०० बजे को समयमा यस कार्यालयमा उक्त बोलपत्रदाताहरुको आर्थिक प्रस्ताव खोलिने भएको हुँदा सोहि नियमको उपनियम ५ बमोजिम सम्बन्धित बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सम्बन्धित बोलपत्रदाताहरु उपस्थित नभएको कारणले आर्थिक प्रस्ताव खोल्न बाधा नपुग्ने समेत जानकारी गराइन्छ ।

तपशिल

ठेक्का नं.	कामको विवरण	सारभुत रुपमा प्रभावग्राही बोलपत्रदाताहरु
RDDOT/ 337011694/ 2080/081-019	Roadway Excavation, Structure works along Pokhara Belapur Dungad Road, Dadeldhura	1) M/s Akela-Daut JV, Kanchanpur 2) M/s Amrit Construction, Kanchanpur 3) M/s R & CS Builders Pvt. Ltd., Kathmandu 4) M/s Gauri Ganesh Nirman Sewa, Sidhupalchowk 5) M/s Hamro-M M JV, Surkhet 6) M/S Jal Samundra - Ganga and Singh - Prakash Tara JV, Kathmandu 7) M/s Joshi G-Bijaya J.V., Kavre 8) M/s Kalika-D.B.-Jagadamba JV, Kailali 9) M/s Nanjila & Aakansha-Bisal-Kakre JV, Surkhet 10) M/s National -Ramjane-Bhimdhunga JV, Kathmandu 11) M/s Pagoda-Sulav-Gorkha J.V., Kathmandu 12) M/s Prashansa-Bajrangbali-Devi JV, Kailali 13) M/s SK-Shreepur-Bhawani JV, Dadeldhura 14) M/s Harittara-Garibi JV, Kathmandu
RDDOT/ 337310113/ 2080/081-020	Periodic Maintenance of Silgadhi Chaukhutte Road NH 03, Chainage 30+000~41+000	M/s Uma Infra Builders Pvt. Ltd., Kailali

डिभिजन प्रमुख

स्वास्थ्यमा काम कम, स्टन्टबाजी बढी

अल्पकालीन या क्षणिक काम तथा लोकप्रिय नारा या अभिव्यक्तिमार्फत प्रकट हुने 'स्टन्टबाजी'ले जनताको स्वास्थ्यमा सुधार ल्याउन सक्दैन



● प्रा.डा. दुण्डीराज पौडेल

अग्रलेख

संसारभर नै राजनीतिक या राजकीय क्षेत्रमा स्टन्टबाजी हुने गर्छन्। तर, नेपालमा भने गैरराजनीतिक, निजी एवं सार्वजनिक क्षेत्रमा पनि स्टन्टबाजीको सहारा लिने गरिएको छ। यस्ता स्टन्टबाजी अल्पकालीन या क्षणिक कर्मदेखि नारा या अभिव्यक्तिमार्फत प्रकट हुने गर्छन्। तर, अल्पकालीन या क्षणिक काम तथा लोकप्रिय नारा या अभिव्यक्तिमार्फत प्रकट हुने 'स्टन्टबाजी'ले जनताको स्वास्थ्यमा सुधार ल्याउन सक्दैन। सबैभन्दा उदेकलाग्दो कुरा त निजी क्षेत्र मात्रै होइन, सार्वजनिक चिकित्सा क्षेत्रका जिम्मेवारसमेत स्टन्टबाजी गर्न पुग्छन्। उदाहरणका रूपमा हाम्रा अधिकांश स्वास्थ्यमन्त्री पदवहालीसँगै घोषणा गर्छन्- पैसाको अभावमा कोही गरिब उपचारबाट वञ्चित हुनुपर्नेछैन। जब कि हजारौँ युवा विदेश पलायन हुनुको मुख्य कारण नै आफन्तको उपचार खर्चको जोहो गर्ने या लागेको ऋण तिर्नकै लागि हो भन्ने तथ्य अन्तर्राष्ट्रिय विमानस्थलको प्रस्थान कक्षमा लाम लागेका युवालाई सोधे पुष्टि हुन्छ।

नेपालमा महँगो उपचार पद्धतिका कारण बर्सेनि गरिबहरूको संख्या वृद्धि भइरहेको तथ्य सरकारी संयन्त्रबाटै पुष्टि भइरहेको छ। सन् २०२० मा फैलिएको कोभिड-१९ माहामारीका क्रममा फगत अक्सिजन थेरापीकै लागि मात्र पनि कयौँको लाखौँ खर्च भयो। यसले पनि गरिबी बढायो। सरकारी अस्पतालमा उपचार हुन नसकी अलपत्र परेकादेखि घरखेतले पनि निजी क्षेत्रमा लागेको महँगो उपचार खर्च पुऱ्याउन नसकेर इन्तु न चिन्तु अवस्थामा रहेका बिरामी र तिनका आफन्तको दुर्दशा हेरे पुग्छ। आणुवंशिक कारणले एउटै गरिब परिवारका बच्चासमेत मुटु, मिर्गौला, कलेजोजस्ता जन्मजात रोगले थलिएर अकाल मृत्यु कुरिरहेकादेखि जन्मजात बहिरोपन भएका दसौँ हजार उदाहरण छन्।

नेपालका केही उच्चस्तरीय पार्टी नेता सरकारको करोडौँ खर्चमा एयर एम्बुलेन्समा विदेश पुगेर न्युमोनियाको उपचार, प्रत्यारोपण सर्जरीदेखि स्वदेशमै विदेशी विज्ञलाई बोलाएर सोही सेवा लिई आरोग्यता हासिल गर्दै आएका छन्। तर, स्वदेशमा अनेकौँ राजनीतिक हस्तक्षेप, पूर्वाग्रह र पक्षपातका कारण केही दशकअघिदेखि निर्बाध सञ्चालन भइरहनुपर्ने अंग प्रत्यारोपण केही अस्पतालमा मात्रै नियमित छ। हजारौँ युवासमेत मिर्गौला प्रत्यारोपणको पर्खाइमा छन् भने अरबको मरुभूमिमा पानी पिउन नपाएका कारण मिर्गौला गुमाउनेको संख्या थपिँदो छ।

सरकारी अकर्मण्यता, व्याप्त भ्रष्टाचार र कमिसनका कारण सार्वजनिक अस्पतालमा क्यान्सर उपचारमा प्रयुक्त रेडियोथेरापी सेवाको अभाव छ, निजीमा लाग्ने महँगो खर्चमा बिमा या आर्थिक सहायताले भरथेग गर्न सक्दैन। क्यान्सरको किमोथेरापी र मुटुसम्बन्धी औषधिमा हुने गरेको कमिसन र अस्वाभाविक मुनाफाले बिरामीले चर्को मूल्य तिर्नुपर्छ। त्यति मात्रै होइन, आर्थिक लाभका लागि 'प्रेस्क्राइब' गरिने अनावश्यक महँगा भिटामिन एवं 'सप्लिपेन्ट'ले बिरामीको चरम शोषण हुने गरेको छ।

यसरी अनेकौँ कमजोरी, बेथिति र चुनौतीले ग्रस्त स्वास्थ्यको जिम्मेवारी विगतमा पनि प्रवृत्तिगत रूपमा जुझारु र खरो प्रतीत हुने नेताले सम्हालेका छन्। उनले पनि पूर्ववर्तीले झैँ पटक-पटक घोषणा गरेका छन्- कुनै पनि गरिबले पैसाको अभावमा उपचारबाट वञ्चित हुनुपर्नेछैन। उनको यो पटक-पटकको अभिव्यक्ति फगत स्टन्टबाजी नठहरिन अस्पतालको सेवामा सुधार ल्याउन आफूले सम्हालेको मन्त्रालयलाई नै क्रियाशील र सक्षम बनाउनुको विकल्प छैन। हेक्का रहोस्, आफ्नो कार्यकालमा सुधारको सिन्को नभाँच्ने मन्त्रीले पनि पदबहालीसँगै यस्तै अभिव्यक्ति प्रकट गर्दै आएका छन्। स्वास्थ्यको नेतृत्वमा, विगतमा स्वयंको उपचारमा भिआइपी सुविधा प्राप्त गर्न र उद्घाटनबाहेक सेवा सुधारमा पूरै बेवास्ता गर्ने र सार्वजनिक अस्पतालमा बिरलै खुट्टा टेक्नेहरू पनि पुगे। कुनै मन्त्रीले त हाकाहाकी अस्पताल प्रमुखसँग रकम माग्थे भन्ने पनि सुनिन्थ्यो।

तर, केही भूपू स्वास्थ्यमन्त्रीले ऐतिहासिक रूपमा उल्लेख्य काम पनि गरेका छन्। ती पूर्ववर्तीमध्ये वर्तमान स्वास्थ्यमन्त्रीकै पार्टीभित्रका प्रतिस्पर्धी युवा नेताको केही महिनाको कार्यकालमा केन्द्रका वीरदेखि मोफसलका अस्पतालसम्म अर्बौंका भौतिक पूर्वाधार, उपकरण, उपचार सेवा, बिमा, निःशुल्क औषधि, डायलाइसिस, विपन्न सेवा, भिआइपी उपचारको नियमनजस्ता सवालमा ठोस उपलब्धि हासिल भएकै हुन्। सक्षमता र वरिष्ठताका आधारमा जिम्मेवारी, नियुक्ति, चिकित्सक एवं स्वास्थ्य मन्त्रालयको स्थायी संयन्त्रभित्रको जनशक्तिको उपयुक्त र निर्मम परिचालन बाँकी नै रहे पनि अन्य धेरै सवालमा उनले सुरु गरेका सुधारले निरन्तरता पाएको भए मुलुकको स्वास्थ्य सेवाले काँचुली फेर्न सक्थ्यो। तर, उनीपछिको नेतृत्वका कारण स्वास्थ्य मन्त्रालय दुर्भाग्यपूर्ण अवस्थामा गुज्रिँदो छ।

वर्तमान स्वास्थ्यमन्त्रीले प्रकट गरेका प्रतिबद्धतामा खरो उत्रन असाध्य र आकस्मिक रोग लागेका आर्थिक रूपमा विपन्न बिरामीले उद्धार र उपचारका लागि मन्त्रालयमार्फत व्यवस्था मिलाउने सरकारी घोषणा गर्दै



त्यसका लागि मन्त्रालयमा चौबीसै घन्टा क्रियाशील संयन्त्रको आकस्मिक टेलिफोन नम्बर जारी गर्न सक्छन्। वास्तवमा संविधानअनुसार नै यो व्यवस्था हुनुपर्ने हो।

उनले मन्त्री पदको जिम्मेवारी सम्हालेसँगै घोषणा गरेअनुसार, औषधि, उपकरण आदि खरिदमा भएको गुणस्तरहीनता, चरम भ्रष्टाचार र मूल्यबारे छानबिन गर्न सक्छन्। मन्त्रालयमा वर्षौंदेखि व्याप्त सीमित स्वार्थकेन्द्रको कब्जा हटाउन सक्छन्। स्थायी संयन्त्रलाई जिम्मेवार र सक्षम बनाउन सक्नुपर्छ। त्यति मात्रै होइन, केन्द्रीयदेखि मोफसलका अस्पतालका विभिन्न विभागमा खरिद गरिएका महँगा उपकरणको उपयोग र अवस्थाबारे निरीक्षण र छानबिन गर्न गराउन सक्छन्।

> तीन करोड नेपालीको स्वास्थ्यको जिम्मेवारी बोकेको स्वास्थ्य मन्त्रालयको राजनीतिक नेतृत्वले सस्तो र तात्कालिक लोकप्रियताका लागि नभई दीर्घकालीन ठोस सुधारमा योगदान दिनुपर्छ

वर्तमान स्वास्थ्यमन्त्रीको राजधानी एवं मोफसलका सार्वजनिक एवं निजी अस्पतालको स्थलगत भ्रमण, सेवाबाट वञ्चित सेवाग्राहीसँगको अन्तर्क्रिया, सक्रियता र निर्देशनको सार्थकता उनको पालामा हासिल हुने ठोस सुधारमा निहित हुन्छ।

अस्पताल भवनहरू निर्माण हुँदैमा सेवा सञ्चालन हुन सक्दो रहेनछ भन्ने उदाहरण काठमाडौंको वीरदेखि धनगढी गेटाको सात सय शय्या क्षमताको अस्पताल भवनले देखाउँछ। अस्पताल भवनसँगै पूर्णकालीन उत्प्रेरित विशेषज्ञसहितका जनशक्ति र उपकरणको व्यवस्थापनबाट मात्रै सेवा प्रदान गर्न सकिन्छ। स्वास्थ्यमन्त्रीले बुझ्नुपर्छ, जनशक्ति र सेवाको परिणाम त सेवाग्राहीको चाप र रोगको प्रकोपअनुसार निर्क्योल हुनुपर्छ।

जब चिकित्सकहरू न्यून पारिश्रमिकका कारण बाध्य भई या आर्थिक उपार्जनको चाहनाका कारण निजी व्यवसायमा संलग्न हुन थाले अनि सार्वजनिक चिकित्सा सेवामा नकारात्मकता पैदा भए, अनेकन् बेथिति पैदा भए। वीरजस्ता अस्पताल पछि पर्दै गएका हुन्। नेपालमा निजी क्षेत्रमा ख्यातिप्राप्त केही सफल चिकित्सकले निजी क्षेत्रमा आबद्ध भएर पनि गरिब र निमुखाप्रति अत्यन्तै संवेदनशील विश्वमै प्रख्यात नारायण हृदयालयका मुटु शल्य चिकित्सक डा. सेट्ठीबाट प्रेरणा लिन सक्नुपर्छ।

सेवामा आधुनिकीकरण : चिकित्सा क्षेत्रका विभिन्न वैज्ञानिक अनुसन्धान एवं खोजले उपचार पद्धतिमा नयाँ एवं आधुनिक प्रविधिगत आयाम थपिएका छन्। ती प्रविधिले असाध्य रोगका कारण हुने गरेका अकाल मृत्युबाट मानिसलाई जोगाएका छन्। बिशेषगरी मुटु, रक्तनली, मिर्गौला, कलेजोजस्ता अंग या भागको प्रत्यारोपण, आरोपण, क्लिपिंग, मार्ग परिवर्तन आदिदेखि धनी-गरिब सबैलाई लाग्ने विभिन्न प्रकारका क्यान्सरको उपचारमा प्रयुक्त रेडियोथेरापी, किमोथेरापी, जिन थेरापी, मलिक्युल थेरापीजस्ता आधुनिक उपचारपद्धति निकै महँगा हुन्छन्। आर्थिक रूपमा सम्पन्न हुनेले त उपचाबाट आरोग्यता हासिल गर्लान्, तर न्यून या मध्यम आर्थिक अवस्था भएका बिरामीले आफ्नो उपचार कसरी गराउलान् खोइ ?

एकातिर चिकित्सा सेवामा विकसित आधुनिक उपचार प्रविधि सहज बनाउनुपर्ने आवश्यकता छ भने अर्कातिर पुरानै उपचार पद्धति पनि सर्वसुलभ र सहज हुन सकेका छैनन्। अझै पनि यदाकदा हैजाजस्ता पानीजन्य रोग र लामखुट्टेको टोकाइबाट लाग्ने डेंगुजस्ता संक्रामक रोग मौसमी माहामारीका रूपमा फैलिने गरेका छन् भने सरकारी अकर्मण्यता एवं उपचारमा लापरबाही हुँदा अर्बौं डलर खर्च भएको क्षयरोग नियन्त्रण पनि प्रभावी हुन सकेको छैन। आंशिक र अपूरो उपचारका कारण क्षयरोगका कीटाणुले बहुऔषधि प्रतिरोध क्षमता विकसित गर्दा यसका कारण पनि बर्सेनि १७ हजारको मृत्यु हुनु दुःखद हो।

आकस्मिक अवस्थामा उद्धार र उपचार : राष्ट्रपति उद्धार कार्यक्रमअनुसार जटिल प्रसूतिको हवाई उद्धारको व्यवस्था भए पनि त्यो आंशिक र महँगो छ। कर्णालीमा विशेषज्ञ सेवा विस्तार र पहुँच नहुँदासम्म यस्ता हवाई उद्धारले मात्र अकाल मृत्युलाई रोक्न सकिन्न। प्रसूतिबाहेक तत्काल शल्यक्रिया एवं अन्य उपचार हुन नसके अपांग या अकालमा ज्यान गुमाउनुपर्ने अवस्था जस्तो हड्डी एवं ढाडको चोटपटक, आन्द्रा बटारिएको या फुटेको, जलन, कानको जटिलता, विभिन्न वस्तु अड्किएको, तत्काल मुत्र प्रवाह नखुलेर मिर्गौलालाई क्षतिग्रस्त हुने अवस्था, रक्त क्यान्सर, मुटु एवं रक्तनलीको अवरुद्धता, मस्तिष्काघातजस्ता रोगबाट ग्रस्त न्यून आर्थिक अवस्था भएका नागरिकलाई फगत एक लाखको आर्थिक सहयोगले कुनै अर्थ राख्दैन। संविधानले नै निर्दिष्ट गरेको अनिवार्य आकस्मिक सेवाको सरकारले सुनिश्चितता गर्नैपर्छ।

आर्थिक व्यवस्थापन कसरी ? : वर्तमान स्वास्थ्यमन्त्रीले भनेजस्तो सुर्तीजन्य वस्तुको करले मात्रै उल्लेखित सेवामा सुधार सम्भव छैन। चिकित्सकलाई अधिकतम समय सरकारी अस्पतालमा शल्यक्रियासहितको सेवामा संलग्न राख्न सरकार एवं मन्त्रालयको निर्णयअनुसार 'एक चिकित्सक एक संस्था'लाई लागू गर्न आवश्यक बजेटको व्यवस्था गर्नैपर्छ।

त्यसबाहेक विपन्नलाई आकस्मिक एवं अन्य सेवा निःशुल्क प्रदान गर्न, बिमालाई अनिवार्य बनाउन अहिलेजस्तो न्यूनतम रकम पर्याप्त छैन। एकातिर कुल वार्षिक बजेटको न्यूनतम १० प्रतिशत स्वास्थ्यमा छुट्याउनुपर्ने नियमलाई पालना गरिएको छैन भने छुट्याइएको रकमको पनि ठूलो हिस्सा खर्च नहुने र चुहावट हुने गरेको छ। स्वास्थ्यसँग सम्बन्धित उपकरण र औषधि खरिद तथा संरचना निर्माणमा प्रचलित ऐन-कानुन नै अव्यावहारिक छन्। त्यस्तै निजी स्वास्थ संस्थालाई सहुलियत र सहजीकरण गर्दै स्वास्थ्य सेवा र शिक्षा क्षेत्रको खर्च या लगानीमा केही प्रतिशत कर लगाउनु मनासिब नै हुन्छ।

सरकारले वार्षिक बजेटमै प्रत्येक करदाताको आम्दानीको स्रोतमै प्रगतिशील कर प्रणालीअनुसार केही प्रतिशत रकम स्वास्थका लागि 'अनिवार्य स्वास्थ्य कर' लगाउनुपर्छ। यसबाहेक सुर्ती, मदिरादेखि प्रदूषणका कारक उद्योगमा पनि न्यूनतम स्वास्थ्य कर लगाउन सक्नुपर्छ।

त्यसैले, तीन करोड नेपालीको स्वास्थ्यको जिम्मेवारी बोकेको स्वास्थ्य मन्त्रालयको नेतृत्वले सस्तो र तात्कालिक लोकप्रियताका लागि नभई दीर्घकालीन ठोस सुधारमा योगदान दिन सके इतिहासले उनकै प्रतिस्पर्धी पूर्ववर्तीको जस्तै उच्च मूल्यांकन गर्नेछ।

---

३ प्रश्न

संविधानविद् **भीमार्जुन आचार्य**लाई



सर्वोच्च अदालतको बिहीबारको परमादेशलाई कसरी हेर्नुभएको छ ?

यसमा अदालतको बाध्यता पनि थियो। अदालत आफ्ना पुराना नजिर र फैसलाविरुद्ध जान सक्दैन। उसले बिहीबार त्यसैका आधारमा परमादेश दिएको हो। यस घटनामा सबैभन्दा बढी गल्ती सरकारले गरेको हो। यसमा राष्ट्रपतिले पनि जानी, नजानी गल्ती गरेको देखियो। सबैका अभिभावक बनेर तटस्थ भूमिका निर्वाह गर्नुपर्ने राष्ट्रपतिले अमूक दल र सरकारको 'आदेशपालक' को भूमिका निर्वाह गरेजस्तो देखिएको थियो। सर्वोच्चले त्यसलाई सच्याइदिएको छ।

सर्वोच्चको परमादेशले आममाफीसम्बन्धी प्रावधानको दुरुपयोग रोक्न सक्ला त ?

अदालतको एउटा आदेशबाट मात्र त्यस्तो सम्भावना हुँदैन। कानुन कार्यान्वयन गर्ने मुख्य जिम्मेवारी कार्यपालिकाको हो। सरकारमा जानेहरू इमानदार नहुने हो भने कानुनले दिएका कैयौँ राम्रा प्रावधानको दुरुपयोग भई नै रहेको हुन्छ। अहिले पनि तात्तातो भएर मात्र यो घटना बाहिर आएको र धेरैले थाहा पाएका हुन्। आममाफीको प्रावधान असल नियतले राखिएको हो। यसमा सरकार र राष्ट्रपति दुवै संस्थाले विवेक पुऱ्याउने हो भने मात्र यसको दुरुपयोग रोकिन सक्छ। सरकार स्वयं संवेदनशील नहुने हो भने यस्तो दुरुपयोग रोक्न कठिन छ।

आममाफीसम्बन्धी प्रावधानको दुरुपयोग रोक्न कसरी सकिएला त ?

यसमा सबैभन्दा बढी संवेदनशील सरकार नै हुनुपर्छ। आममाफीसम्बन्धी कानुन प्रस्ट छ। यसको अक्षरशः पालना गर्ने हो भने दुरुपयोगको कुनै गुन्जाइस रहँदैन। व्यक्तिविशेषलाई हेरेर निर्णय गर्न थालियो भने यसको दुरुपयोग बढ्छ, रोकिन्न।

प्रेरक प्रसंग

खुसीको खोजी

प्राचीन भादगाउँको एउटा गाउँमा एकजना वृद्ध बस्थे। उनी जहिल्यै उदास देखिन्थे। उनको जीवनमा गुनासै गुनासा मात्र थिए। उनी खुसी भएको गाउँलेले कहिल्यै देखेका थिएनन्। वृद्ध गाउँलेहरूदेखि जहिल्यै आक्रोशित भइरहन्थे। उनी केही न केही भनेर सबैलाई गाली गरिरहन्थे। उनको यस्तो बानीबाट सारा गाउँ दिक्दार भइसकेको थियो। मानिसहरू उनको नजिक पर्नबाट जहिल्यै तर्किन्थे। उनका गुनासा सुन्न र गाली खान पर्ला भनेर गाउँले उनको आँगनमा टेक्नसम्म पनि डराउँथे।



दिन बित्दै गए। गाउँलेले पनि उनलाई झेल्दै गए। हुँदाहुँदा उनी एक दिन ८० वर्षको उमेरमा प्रवेश गरे। उनले ८०औँ जन्मदिन मनाएको केही दिनमै एउटा अविश्वनीय घटना भयो। त्यस घटनाबारे गाउँभरि बिजुलीवेगमा हल्ला फैलियो। वृद्ध निकै खुसी देखिन्छन्। उनको अनुहारमा मुस्कान छ। सबैसँग मिलनसार भएर नम्र व्यवहार गर्छन्। कसैलाई गाली गर्दैनन् भन्ने हल्लाले सिंगो गाउँमै तरंग ल्यायो।

यो हल्ला फैलिएपछि सिंगो गाउँ नै उनको आँगनमा ओइरियो। उनको अवस्था देखेपछि सबैले एउटै प्रश्न गरे- अचानक यस्तो चमत्कार कसरी सम्भव भयो ? मुसुक्क मुस्कुराउँदै वृद्धले नम्र शैलीमा जवाफ दिए- हेर्नुस् गाउँलेहरू हो, यो कुनै चमत्कार होइन। यथार्थमा म विगत ८० वर्षदेखि जीवनको खुसी खोज्दै थिएँ। र, त्यो खोजी आजसम्म बेकार साबित भयो। त्यस खोजीले मलाई खुसी होइन, दुःखी बनायो। ८० वर्ष पुगेपछि मैले खुसीविनै बाँच्ने निर्णय लिएँ। मैले खुसीको खोजी त्यागिदिएँ। त्यसैले, म अहिले धेरै खुसी छु।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

अनुसन्धान किन गुपचुप ?

नक्कली भुटानी शरणार्थी प्रकरणको दोस्रो चरणमा प्रहरीले गुपचुप अनुसन्धान गरिरहेको समाचार पढेपछि केही लेख्न मन लाग्यो। नक्कली शरणार्थी प्रकरणमा लहरो तान्दै जाँदा पहरो थर्किने संकेत देखिएपछि माथिल्लो राजनीतिक नेतृत्वले यस प्रकरणको अनुसन्धान गरिरहेको प्रहरी टिमको नेतृत्वलाई सरुवा गरी 'आफूअनुकूल' नेतृत्वलाई सो स्थानमा पुऱ्याएको छ। सायद त्यसैको परिणाम हुनुपर्छ, अहिलेको गुपचुप अनुसन्धान। ठिक छ, प्रहरीले आफ्नो अनुसन्धान गुपचप अघि बढाउन सक्छ। यसमा हामी शंका पनि नगरौँला। तर, राजनीतिक नेतृत्वलाई जोगाउने खालको फितलो अनुसन्धान हुन थाल्यो भने पनि हामी चुप बसौँला त ? त्यसैले, यस प्रकरणको दोस्रो चरणको अनुसन्धान कुनै पनि हालतमा फितलो नहोस्, यसमा राजनीतिको छाया पर्दै नपरोस्।

● **सुकमान लामा**, बौद्ध, काठमाडौं

आयोग सचेत बनोस्

राष्ट्रिय मानव अधिकार आयोग 'ख' श्रेणीमा घटुवा हुनबाट जोगिएको समाचार पढ्दा खुसी लाग्यो। खासगरी पदाधिकारी नियुक्तिलगायत आयोगका कामकारबाहीमा प्रश्न उठाउँदै जेनेभास्थित राष्ट्रिय मानवअधिकार संस्थाहरूको अन्तर्राष्ट्रिय सञ्जाल (गानरी) ले आयोगलाई 'ख' श्रेणीमा घटुवा गर्न सक्ने चेतावनी दिएको थियो। तर, हाललाई गानरीले आयोगलाई 'क' श्रेणीमा कायमै राख्ने निर्णय गरेको भए पनि आगामी दिनमा पुनः आयोगमाथि यस्तो खड्गो नआउला भन्न सकिन्न। त्यसैले, आयोग समयमै सचेत बनेर आफ्नो कार्यशैलीमा सुधार गरोस्।

● **विदिप्ता शाक्य**
कौशलटार, भक्तपुर

महानगरलाई बधाई

काठमाडौं महानगर युनेस्कोको रचनात्मक सहरमा छनोट भएको समाचार सुन्दा खुसी लाग्यो। काठमाडौं महानगर एक सुन्दर सहर हो। यसको व्यवस्थित विकास हुन नसकेकाले मात्र बाहिर-बाहिर हेर्दा यो सहर कुरूप कंक्रिटको जंगलजस्तो लाग्छ। तर, जब यहाँका संस्कृति, परम्परा, मन्दिर, स्तूप, मूर्ति, टुँडाल, हिटी, बहाल, दरबारजस्ता ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक सम्पदा देखिन्छ, तब यहाँको अमूर्त सौन्दर्यको आभास हुन्छ। युनेस्कोले काठमाडौं महानगरभित्रका चार सम्पदालाई विश्व सम्पदामा सूचीकृत गरेको त्यसै कहाँ हो र ?

● **कमला महर्जन**
कालिमाटी, काठमाडौं

सर्वोच्चले सही न्याय दियो

सर्वोच्च अदालतले योगराज ढकाल 'रिगल'लाई आममाफी दिने सरकारको निर्णय खारेज गरेर सही निर्णय गरेको छ। उसको यस फैसलापछि अबका दिनमा कुनै पनि कैदीलाई कैदमिनाहा गर्दा सरकारले 'आफ्ना' मान्छेलाई उन्मुक्ति दिने विषयमा गम्भीरतापूर्वक सोच्नुपर्ने भएको छ। कानुनले दोषी ठहऱ्याएको गम्भीर प्रकृतिका अपराधमा संलग्न हत्यारा, बलात्कारी, भ्रष्टाचारीलगायतलाई आममाफी दिनु नै कानुनको गम्भीर दुरुपयोग हो।

आममाफीसम्बन्धी व्यवस्था संविधानमा कुनै दल या नेताका 'खास' मान्छेलाई आपराधिक कृत्यबाट उन्मुक्ति दिन राखिएको हुँदै होइन। यो त सामान्य प्रकृतिका अपराधमा जेल परेका र भविष्यमा सुधिएर समाजमा घुलमिल हुन सक्ने र पुनः अपराध कर्ममा संलग्न नहुने खालको चरित्र देखाएका कैदीबन्दीले निश्चित कैद सजाय भुक्तान गरिसकेको अवस्थामा तिनलाई जेलमुक्त गर्न राखिएको प्रावधान हो। यदि सरकारले त्यस्तो प्रावधानको दुरुपयोग गरी आफ्ना मान्छेलाई छुटाउँछन् भने यस्तो सरकारका जिम्मेवार मन्त्री र मन्त्रालयका अधिकारीलाई समेत सचेत गराउनुपर्छ।

खुलेआम व्यक्तिहत्यामा संलग्न भएको आरोपमा सजाय भुक्तान गरिरहेका रिगललगायत आममाफी पाएका कतिपय व्यक्तिले जेलबाट छुटेपछि पुनः व्यक्तिको हत्यासम्म गरेका धेरै उदाहरण छन्। त्यसैले सरकारले आगामी दिनमा कुनै हालतमा यो प्रावधानको दुरुपयोग गर्ने हिम्मत नगरोस्।

● **सुजना परियार**, सतुंगल, काठमाडौं


अतातुर्कको राष्ट्रवादी पाटोलाई अँगालेका एर्दोगान

एर्दोगानले गरेको मुस्तफा केमाल अतातुर्कको स्वीकार्यता अपूरो छ, अर्थात् उनको धर्मनिरपेक्ष सुधारक छविलाई धूमिल पारिएको छ

यही अगस्टमा प्रकाशित एक सर्वेक्षणको नतिजामा झन्डै ६० प्रतिशत टर्कीका नागरिक, जसमा ४६ प्रतिशत सत्तारुढ जस्टिस एन्ड डेभलपमेन्ट (एके) पार्टीका समर्थक छन्, तिनले उनलाई मुलुककै लोकप्रिय ऐतिहासिक व्यक्तित्वका रूपमा हेर्छन्। त्यसैगरी हालैको अर्को सर्वेक्षणअनुसार १० मा नौजनाभन्दा बढी उनको टर्कीप्रतिको योगदानलाई लिएर अनुग्रहित छन्। र, ७३ प्रतिशत टर्कीका नागरिक उनले निर्माण गरेका मूल्य-मान्यतालाई सबैभन्दा बढी सान्दर्भिक ठान्छन्। भ्रममा नपर्नुहोला यो समर्थन र सद्भाव हालै फेरि चुनावी विजय हासिल गरेका एके पार्टीका नेता र टर्कीका राष्ट्रपति रेसेप तैयप एर्दोगानले पाएका होइनन् र उनी सपनामा पनि यो समर्थन पाउन सक्दैनन्। यहाँनेर मुस्तफा केमाल अतातुर्कको कुरा भइरहेको छ। अतातुर्कको निधन आजभन्दा ८० वर्षपहिले भए पनि उनी अझै टर्कीका सबैभन्दा चर्चित राजनीतिज्ञ हुन्।

यसलाई २९ अक्टुबरका दिन टर्कीका जनताले मनाएको उत्सवले पुष्टि गर्छ। एक सय वर्षपहिले जब अतातुर्कले ओटोमन साम्राज्यको बाँकी रहेको भूमिलाई आक्रमणकारी ग्रिक सेनाबाट जोगाए र साम्राज्यको उत्तराधिकारी राज्यलाई गणतन्त्र घोषणा गर्दै ओटोमन सल्तनतको अन्त्य गरेका थिए। नयाँ गणतन्त्रको संसद्ले उनलाई तुरुन्तै राष्ट्रपतिका रूपमा चयन गरेको थियो। त्यसको एक दशकमा अतातुर्कको नेतृत्वमा बृहत् राष्ट्र निर्माण प्रक्रिया अगाडि बढेको थियो। अतातुर्कको निधन हुने वेलासम्म टर्कीले नयाँ वर्णमाला, नागरिक संहिता, मताधिकार र राज्यधर्मबाट इस्लामलाई हटाउँदै धर्मनिरपेक्षतालाई अँगालिसकेको थियो।

एर्दोगानलाई सामान्यतया अतातुर्कविरोधीका रूपमा चित्रण गरिन्छ। सन् २००३ मा एर्दोगान टर्कीका प्रधानमन्त्री हुँदा उनलाई दोस्रो इरान खडा गर्न तम्सिएको राजनीतिक इस्लामको अगुवाका रूपमा आलोचना गरिएको थियो। धर्मराज्यको सम्भावना नभए पनि केही मानिसले अझै पनि एर्दोगान धर्मराज्य बनाउन तम्सिएका छन् भनेर डराउँछन्। एर्दोगानले



तस्बिर : एपी

आफ्नो दुई दशकको सत्तामा टर्कीको धर्मनिरपेक्ष व्यवस्थालाई भत्काउन खोजेका थिए। राज्यका संस्था र सञ्चारमाध्यममाथि आफ्नो नियन्त्रणका बाबजुद पनि उनी यस मामिलामा सफल हुन सकेनन्। एर्दोगानले अतातुर्कको विरासतमा केही क्षति पुऱ्याए पनि उनले अतातुर्कको विरासतलाई आत्मसात् पनि गरेका छन्।

एर्दोगानको नेतृत्वमा इस्लामलाई ओटोमनकालयताकै बढी स्थान दिइएको छ। एर्दोगानले धर्मभीरु व्यवसायीलाई छुट दिएका र हिजाब पहिरनमा हुने सीमितता खुकुलो पारेका थिए। उनले शिक्षामा ठूलो परिवर्तन ल्याएका छन्, अर्थात् धार्मिक शिक्षामा थप अनुमति दिँदै इस्लामिक प्रचारकलाई शिक्षक बनाउने हजारौँ इमाम हातिप विद्यालय खोलेका छन्। यी विद्यालयले टर्कीका कुल सार्वजनिक विद्यालयको १३ प्रतिशतभन्दा बढी हिस्सा ओगट्छ। त्यसैगरी एर्दोगानले मदिरामा युरोपमै सबैभन्दा बढी कर लगाएका छन्।

यतिको लगानीका बाबजुद नतिजा अपेक्षाकृत हुन सकेको छैन। एक अध्ययनले नास्तिक टर्किस नागरिकको संख्या दुई प्रतिशतबाट सात प्रतिशत पुगेको र हिजाब लगाउने महिलाको संख्या ६३ प्रतिशतबाट ५९ प्रतिशतमा झरेको देखाएको छ। खर्चिलो विज्ञापन र प्रसारका बाबजुद टर्कीमा रक्सी खपत स्थिर नै रहयो।

एर्दोगान र एके पार्टी गणतन्त्रको सबैभन्दा उत्साही समर्थक कहिल्यै थिएनन्। 'गणतान्त्रिक राज्यलाई उत्साहका साथ अँगाल्न ओटोमन साम्राज्यको असफलताका बोल्न सक्नुपर्छ, तर उनीहरूले (एर्दोगान र एके पार्टी) यसो गर्न सकेका छैनन्' राजनीतिशास्त्री अली कार्काग्लु बताउँछन्। ओटोमन साम्राज्यप्रति सहानुभूति देखाए पनि एर्दोगान र एके पार्टीले अतातुर्कको अवमूल्यन पनि गर्न सकेका छैनन्। वास्तवमा अतातुर्कको नाम वामपन्थीदेखि दक्षिणपन्थीसम्मका सबै राजनीतिक शक्तिले प्रयोग गर्दै आएका छन्। मुलुकमा भएका सैन्य 'कु'लाई समेत पुष्टि गर्न उनको नाम लिने गरिएको इतिहास छ। सन् २०१६ मा एर्दोगानलाई अपदस्थ गर्ने नियतले गरिएको असफल 'कु'मा पनि अतातुर्कको नाम प्रयोग गरिएको थियो।

एर्दोगानले आफ्नो राजनीतिको प्रारम्भमा अतातुर्कको खुलेर आलोचना गरे। एकपटक एर्दोगानले अतातुर्क र उनको उत्तराधिकारीलाई 'दुई जँड्याहा'को संज्ञासमेत दिएका थिए। तर, टर्कीका उदारवादी, कुर्द र गुलेन आन्दोलनबाट समर्थन गुमाएपछि उनले सेना एवं प्रहरी निकटका धेरैजना राष्ट्रवादीसँग मिलेर एर्दोगानले अतातुर्कलाई आफ्नै सत्ताको प्रतीकका रूपमा अँगालेका छन्। सेन्टूल एसिया-ककेसस इन्स्टिट्युटका हलिल कारावेलीका अनुसार '२० वर्षपहिले एर्दोगान बाहिरिया थिए र अतातुर्क राज्य थिए' तर अहिले 'एर्दोगान नै राज्य बनेका छन्'।

तर, एर्दोगानले गरेको अतातुर्कको स्वीकार्यता अपूरो छ। एक धर्मनिरपेक्ष सुधारक र टर्कीलाई युरोपसँगै उभ्याउनुपर्छ भनेर वकालत गर्ने अतातुर्कको छविलाई धूमिल पारिएको छ। बरु एर्दोगानले अतातुर्कलाई युद्धनायक अर्थात् 'गाजी'को रूपमा चित्रण गर्दै पहिलो विश्वयुद्धपछि देशलाई विभाजित गर्न खोज्ने विभिन्न राष्ट्रबाट टर्कीलाई जोगाउने भूमिकालाई जोड दिएका छन्। यो भाष्यले टर्कीलाई उदीयमान शक्तिको रूपमा चित्रण गर्दै पश्चिम र उदार अन्तर्राष्ट्रिय व्यवस्थाको प्रतिरोधी हो भन्ने देखाउँछ। तसर्थ जोन्स हप्किन्स विश्वविद्यालयका प्राज्ञ लिसेल हिन्ट्जले यो भाष्य एर्दोगानका लागि अनुकूल देखिएको बताउँछिन्।

कारावेलीका अनुसार एर्दोगानले धार्मिक र धर्मनिरपेक्षता विभाजनलाई एकताबद्ध गर्ने राष्ट्रवादलाई बढावा दिएका छन्, जसमा अतातुर्कको परिमार्जन गरिएको छविलाई प्रयोग गरिएको छ। एर्दोगानले राष्ट्रलाई विभाजित गरेर आफ्नो करियर निर्माण गरेका छन् र यसलाई उनी जारी राख्नेछन्। 'टर्किस शताब्दी'को उनको विचारले पश्चिमबाट छुट्कारा, आर्थिक वृद्धि र ओटोमनको यो संशोधित दृष्टिकोणले पार्टीइतरका मानिसलाई बढी आकर्षित गरेको छ। यो विरासत एर्दोगानको समयपछि पनि रहन सक्छ। एर्दोगान र अतातुर्कबीच धेरै भिन्नता भए पनि वर्तमान दबंगाइ नेता एर्दोगान आफूलाई अतातुर्कको प्रत

भावपूर्ण श्रद्धाञ्जली

जन्म:
१९८६ फाल्गुण २४



स्वर्गारोहण:
२०८० कार्तिक ०६

स्व. बिष्णुकृष्ण श्रेष्ठ

हाम्रा पथप्रदर्शक अभिभावक एवं बैंकका संस्थापक तथा सञ्चालक समितिका अध्यक्ष **बिष्णुकृष्ण श्रेष्ठज्यू**को असामयिक निधनप्रति हामी निकै मर्माहत भएको तथा एक कुशल अभिभावक गुमाएको महसुस गरेका छौं। उहाँको निधनले हामीलाई अपूरणीय क्षति पुगेको छ। यस बैंकप्रति उहाँले गरेको योगदान सधैं अविस्मरणीय रहिरहनेछ। आज **१२ औं दिन**को पुण्यतिथिमा उहाँप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै, यस दु:खद घडीमा शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं।

सुदेश खालिङ
प्रमुख कार्यकारी अधिकृत
तथा
समस्त एभरेष्ट बैंक परिवार

Rastriya Banijya Bank Limited

राष्ट्रिय वाणिज्य बैक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाईको आफ्नै बैंक
नेपाल राष्ट्र बैंकबाट क वर्गको इजाजतपत्रप्राप्त संस्था

Unaudited Financial Results
First Quarter ending FY 2080/81 (2023-24)

Condensed Consolidated Statement of Financial Position
As on Quarter Ended 30 Ashwin 2080 (17 October 2023)

Particulars	Group		Bank	
	This Quarter Ending	Immediate Previous Year Ending (Unaudited)	This Quarter Ending	Immediate Previous Year Ending (Unaudited)
Assets				
Cash and cash equivalent	14,923,984,614	9,796,166,647	14,914,516,960	9,789,494,582
Due from Nepal Rastra Bank	17,832,653,866	22,675,064,515	17,832,653,866	22,675,064,515
Placement with Bank and Financial Institutions	-	-	-	-
Derivative financial instruments	4,117,200	2,726,800	4,117,200	2,726,800
Other trading assets	35,712,043	18,394,920	-	-
Loan and advances to B/FIs	13,174,216,876	15,287,524,934	13,174,216,876	15,287,524,934
Loans and advances to customers	237,155,320,480	230,010,876,858	237,155,320,480	230,010,876,858
Investment securities	73,255,468,867	78,902,189,124	73,034,048,867	78,670,569,124
Current tax assets	4,112,412,251	3,703,829,707	4,111,182,871	3,703,429,374
Investment in subsidiaries	-	-	400,000,000	400,000,000
Investment in associates	243,942,610	243,942,610	206,111,100	206,111,100
Investment property	197,845,995	197,845,995	197,845,995	197,845,995
Property Plant and equipment	30,787,788,198	30,703,002,353	30,784,402,393	30,700,126,684
Goodwill and Intangible assets	44,939,549	50,677,199	43,937,633	49,555,108
Deferred tax assets	3,417,943	3,867,455	-	-
Other assets	11,519,284,902	3,379,309,811	11,509,208,577	3,362,945,481
Total Assets	**403,291,105,393**	**394,975,418,929**	**403,367,562,818**	**395,056,270,555**
Liabilities				
Due to Bank and Financial Institutions	5,730,798,497	1,325,147,513	5,730,798,497	1,325,147,513
Due to Nepal Rastra Bank	-	-	-	-
Derivative financial instruments	-	-	-	-
Deposits from customers	325,399,948,460	321,338,508,263	325,631,619,688	321,659,484,327
Borrowing	60,000,000	60,000,000	60,000,000	60,000,000
Current Tax Liabilities	3,850,148	445,277	-	-
Provisions	364,122,190	364,183,477	364,122,191	364,183,477
Deferred tax liabilities	8,162,492,140	7,815,101,122	8,162,492,140	7,815,101,122
Other liabilities	5,209,369,064	7,444,710,442	5,154,246,941	7,292,598,503
Debt securities issued	2,554,726,027	2,500,582,191	2,554,726,027	2,500,582,191
Subordinated Liabilities	-	-	-	-
Total liabilities	**347,485,306,526**	**340,848,678,285**	**347,658,005,484**	**341,017,097,133**
Equity				
Share capital	15,637,377,054	15,637,377,054	15,637,377,054	15,637,377,054
Share premium	-	-	-	-
Retained earnings	1,955,397,266	1,891,958,688	1,867,637,274	1,812,873,007
Reserves	38,213,024,547	36,597,404,902	38,204,543,005	36,588,923,361
Total equity attributable to equity holders	**55,805,798,866**	**54,126,740,644**	**55,709,557,333**	**54,039,173,422**
Non-controlling interest	-	-	-	-
Total equity	**55,805,798,866**	**54,126,740,644**	**55,709,557,333**	**54,039,173,422**
Total liabilities and equity	**403,291,105,393**	**394,975,418,929**	**403,367,562,817**	**395,056,270,555**
Contingent liabilities and commitment	**35,067,675,322**	**39,686,542,854**	**35,067,675,322**	**36,968,542,854**
Net assets value per share	**356.87**	**381.10**	**356.26**	**345.58**

Condensed Consolidated Statement of Profit or Loss
For the Quarter ended on 30 Ashwin 2080 (17 October 2023)

Particulars	Group				Bank			
	Current Year		Previous Year Corresponding		Current Year		Previous Year Corresponding	
	This Quarter	Upto this Quarter(YTD)	This Quarter	Upto this Quarter(YTD)	This Quarter	Upto this Quarter(YTD)	This Quarter	Upto this Quarter(YTD)
Interest income	7,607,921,634	7,607,921,634	7,351,504,960	7,351,504,960	7,601,758,452	7,601,758,452	7,345,674,042	7,345,674,042
Interest expense	5,068,757,493	5,068,757,493	4,161,774,281	4,161,774,281	5,073,320,489	5,073,320,489	4,161,774,281	4,161,774,281
Net interest income	**2,539,164,141**	**2,539,164,141**	**3,189,730,679**	**3,189,730,679**	**2,528,437,963**	**2,528,437,963**	**3,183,899,761**	**3,183,899,761**
Fees and commission income	333,412,574	333,412,574	238,615,975	238,615,975	310,943,257	310,943,257	229,104,028	229,104,028
Fees and commission expense	109,229,754	109,229,754	81,718,839	81,718,839	104,726,578	104,726,578	81,718,839	81,718,839
Net fee and commission income	**224,182,820**	**224,182,820**	**156,897,136**	**156,897,136**	**206,216,679**	**206,216,679**	**147,385,189**	**147,385,189**
Net interest, fee and commission income	**2,763,346,961**	**2,763,346,961**	**3,346,627,815**	**3,346,627,815**	**2,734,654,642**	**2,734,654,642**	**3,331,284,950**	**3,331,284,950**
Net trading income	7,758,976	7,758,976	916,619	916,619	9,611,568	9,611,568	916,619	916,619
Other operating income	166,432,598	166,432,598	118,096,983	118,096,983	167,076,249	167,076,249	118,456,983	118,456,983
Total operating income	**2,937,538,535**	**2,937,538,535**	**3,465,641,417**	**3,465,641,417**	**2,911,342,459**	**2,911,342,459**	**3,450,658,552**	**3,450,658,552**
Impairment charge/(reversal) for loans and other losses	241,262,838	241,262,838	320,700,507	320,700,507	241,262,838	241,262,838	320,700,507	320,700,507
Net operating income	**2,696,275,697**	**2,696,275,697**	**3,144,940,910**	**3,144,940,910**	**2,670,079,621**	**2,670,079,621**	**3,129,958,045**	**3,129,958,045**
Operating expense								
Personnel expenses	1,034,051,147	1,034,051,147	975,421,285	975,421,285	1,027,080,528	1,027,080,528	971,530,374	971,530,374
Other operating expense	296,814,201	296,814,201	317,177,989	317,177,989	292,868,779	292,868,779	313,551,928	313,551,928
Depreciation & Amortization	134,489,575	134,489,575	66,823,746	66,823,746	134,303,163	134,303,163	66,557,859	66,557,859
Operating Profit	**1,230,920,774**	**1,230,920,774**	**1,785,517,890**	**1,785,517,890**	**1,215,827,151**	**1,215,827,151**	**1,778,317,884**	**1,778,317,884**
Non operating income	19,180,540	19,180,540	2,650,994	2,650,994	19,180,540	19,180,540	2,650,994	2,650,994
Non operating expense	6,715,021	6,715,021	-	-	6,715,021	6,715,021	-	-
Share of profit of associates	-	-	-	-	-	-	-	-
Profit before income tax	**1,243,386,293**	**1,243,386,293**	**1,788,168,884**	**1,788,168,884**	**1,228,292,670**	**1,228,292,670**	**1,780,968,878**	**1,780,968,878**
Income tax expense	**373,578,055**	**373,578,055**	**536,644,737**	**536,644,737**	**368,487,801**	**368,487,801**	**534,290,662**	**534,290,662**
Current Tax	373,578,055	373,578,055	536,644,737	536,644,737	368,487,801	368,487,801	534,290,662	534,290,662
Deferred Tax	-	-			-	-	-	-
Profit for the period	**869,808,238**	**869,808,238**	**1,251,524,147**	**1,251,524,147**	**859,804,869**	**859,804,869**	**1,246,678,216**	**1,246,678,216**
Condensed Consolidated Statement of Comprehensive Income								
Profit/Loss for the period	869,808,238	869,808,238	1,251,524,147	1,251,524,147	859,804,869	859,804,869	1,246,678,216	1,246,678,216
Other Comprehensive Income	-	-			-	-		
Total Comprehensive Income	**869,808,238**	**869,808,238**	**1,251,524,147**	**1,251,524,147**	**859,804,869**	**859,804,869**	**1,246,678,216**	**1,246,678,216**
Basic earnings per share		22.25		35.91		21.99		35.76
Diluted earnings per share		22.25		33.51		21.99		32.25
Profit attributable to:								
Equity holders of the Bank	869,808,238	869,808,238	1,251,524,147	1,251,524,147	859,804,869	859,804,869	1,246,678,216	1,246,678,216
Non-controlling interest	-	-	-	-	-	-	-	-
Total	**869,808,238**	**869,808,238**	**1,251,524,147**	**1,251,524,147**	**859,804,869**	**859,804,869**	**1,246,678,216**	**1,246,678,216**

Significant Ratios as per NRB Directive

Particulars	Group				Bank			
	Current Year		Previous Year Corresponding		Current Year		Previous Year Corresponding	
	This Quarter	Upto this quarter(YTD)	This Quarter	Upto this quarter(YTD)	This Quarter	Upto this quarter(YTD)	This Quarter	Upto this quarter(YTD)
Capital Fund to RWA		12.85%		14.08%		12.85%		14.08%
Non-performing loan(NPL) to total loan		3.62%		2.48%		3.62%		2.48%
Total loan loss provision to Total NPL		99.32%		120.39%		99.32%		120.39%
Cost of Funds		6.26%		6.51%		6.26%		6.51%
Credit to Deposit Ratio (Calculated as per NRB Directives)		77.43%		84.36%		77.43%		84.36%
Base Rate		8.32%		8.85%		8.32%		8.85%
Base Rate (Quarterly Average)		8.70%		8.33%		8.70%		8.33%
Interest Rate Spread		3.99%		4.26%		3.99%		4.26%

Statement of Distributable Profit or Loss
For the Quarter ended on 30 Ashwin 2080 (17 October 2023)

Particulars	Amount (Rs.)
Opening Retained Earnings	**1,812,873,008**
Net profit or (loss) upto first quarter of F/Y 2080/81	**859,804,869**
1. Appropriations:	
1.1 Profit required to be appropriated to statutory reserve	**382,403,841**
a. General reserve	171,960,974
b. Capital redemption reserve	
c. Foreign exchange fluctuation fund	-
d. Corporate social responsibility fund	2,242,474
e. Employees' training fund	51,950,393
f. Other	
Debenture Redemption Reserve	156,250,000
1.2 Profit required to be transferred to Regulatory Reserve	**474,720,095**
a.Transferred to Regulatory Reserve	474,720,095
b.Transferred from Regulatory reserve	
Distributable Profit or (Loss)	**1,815,553,941**

Notes

1. The above financial statements have been prepared based on the Unified Directive 2080 issued by NRB and are NFRS compliant. The Bank has opted carve-outs on NFRSs as issued by The Institute of Chartered Accountants of Nepal whereever applicable.
2. Loans and Advances to customers include accrued interest and employee loans and are presented net of impairment charges. Higher of impairment charges calculated as per NFRS provision and NRB regulation has been charged to statement of profit or loss.
3. Group represents the Bank and its wholly owned subsidiaries RBB Merchant Banking Limited and R.B.B. Securities Company Limited.
4. Intra-group transactions have been eliminated in the above consolidated financial statements.
5 Staff Bonus calculated as per prevailing Bonus Act and Regulation has been included in personnel expenses.
6. Interest rate spread of FY 2080/81 First quarter has been calculated as per NRB Directive 2080.
7. Corresponding previous period figures have been regrouped/ rearranged/re-classified wherever necessary.
8. The above figures are subject to change based on the direction of statutory auditor and/ or regulator.
9. Above quarterly financial results are also available in the bank's website: www.rbb.com.np

किसानलाई प्रोत्साहित गर्दै इलामको मांसेबुङ

नगद प्रोत्साहन दिन ३० लाख बजेट

इलाममा **चिरञ्जीवी घिमिरे**

पूर्वी पहाडी जिल्ला इलामको मांसेबुङ कृषिमा सम्भावना बोकेको गाउँपालिका हो । तराईका सहरहरूनजिकको दूरीमा भएका कारण उत्पादित कृषि उत्पादनलाई बजारीकरण गर्न पनि सहज छ। मांसेबुङ गाउँपालिकाले किसानलाई प्रोत्साहन गर्न तथा कृषि उत्पादन वृद्धिका लागि विशेष योजना ल्याएको छ। गत आर्थिक वर्ष ०७९/८० बाट कृषि उत्पादन वृद्धिका लागि गाउँपालिकाले विशेष कृषक प्रोत्साहन कार्यक्रम ल्याएको थियो । चालू आर्थिक वर्षमा पनि उक्त कार्यक्रमलाई अघि बढाइएको छ। उक्त प्रोत्साहन कार्यक्रमअन्तर्गत गाउँपालिकाले प्रत्यक्ष किसानलाई सहायता दिन सुरु गरेको छ।

गत वर्ष गाउँपालिकाले कृषकलाई ३४ लाख ४१ हजार चार सय ८ रुपैयाँ प्रोत्साहनबापत रकम दिइएको गाउँपालिकाका प्रवक्ता तथा कृषि प्रोत्साहन कार्यक्रमका अनुगमन समिति संयोजक सुसन राईले जानकारी दिए। उनका अनुसार बाँस, स्कुस, केरा, कफी, पहेँली दाल र दूध उत्पादन गर्ने कृषकलाई प्रोत्साहनबापत रकम हस्तान्तरण गरिएको छ भने चालू आवका लागि ३० लाख रुपैयाँ राखिएको उनले बताए।

गाउँपालिकाले गत आर्थिक वर्षमा स्कुसमा ७० घरपरिवारलाई १५ लाख ४७ हजार, बाँसमा एक सय ४७ घरपरिवारलाई ६ लाख ६९ हजार चार सय र केरामा ५४ घरपरिवारलाई चार लाख १९ हजार दुई सय प्रोत्साहन रकम दिएको थियो । त्यस्तै, पहेँली दालमा ७१ घरपरिवारलाई पाँच लाख ६९ हजार पाँच सय ५४, दूधमा १२ घरपरिवारलाई एक लाख १९ हजार तीन सय ६४ र कफीमा ३४ घरपरिवारलाई एक लाख १६ हजार आठ सय ९० रुपैयाँ प्रोत्साहनबापत रकम दिइएको प्रवक्ता राईले बताए।

■ फेरियो कार्यविधि, मापदण्डमा कडाइ

गाउँपालिकाले बनाएको कार्यविधिअनुसार गत वर्ष २५ झाङ बाँस लगाएका किसानलाई प्रतिझाङ एक सय रुपैयाँ प्रोत्साहन रकम दिइएको उनले बताए । यस वर्ष कार्यविधि संशोधन गरेर प्रोत्साहन कार्यक्रममा सहभागी हुनका लागि अनिवार्य ५० झाङ बाँस हुनैपर्ने प्रावधान राखिएको छ।

गाउँपालिकाले न्यूनतमा २० झाङ स्कुस हुने कृषकलाई प्रतिझाङ एक हजार रुपैयाँ प्रोत्साहन रकम दिएको थियमो । यस वर्ष कार्यविधि संशोधन गरेर ३० झाङमाथि स्कुस हुनेलाई प्रतिझाङ पाँच सय रुपैयाँ उपलब्ध गराइने प्रवक्ता राईले बताए। 'स्कुसलाई हामीले झनै महत्त्व दिएर राखेका छौं । यो बहुउपयोगी छ। मुन्टा, जरा र फल नै सब्जीका रूपमा प्रयोग हुन्छ,' उनले भने, 'हामीले अनुमान लगाएको भन्दा धेरै स्कुस भएका कारण यस वर्ष प्रतिझाङ पाँच सय बनाएका हौं।'



स्कुस टिप्दै मांसेबुङ-६ का गोविन्द राई

यस्तै, न्यूनतम ५० झाङ केरा हुने किसानलाई प्रति झाङ एक सय रुपैयाँ र कफीमा प्रतिकेजी २० रुपैयाँ प्रोत्साहन रकम दिइएको गाउँपालिकाले जनाएको छ। यस्तै, पहेँली दालमा एक सय केजीमाथि उत्पादन गर्ने किसानलाई प्रतिकेजी २० रुपैयाँ दिइएको गाउँपालिकाले जनाएको छ।

यस वर्ष भने दालमा प्रोत्साहन रकम लिनका लागि किसानले दुई सय केजी उत्पादन गर्नुपर्नेछ। गाउँपालिकाले दैनिक २० लिटरमाथि दूध उत्पादन गर्ने किसानलाई प्रतिलिटर दुई रुपैयाँ प्रोत्साहन रकम दिइएको प्रवक्ता राईले बताए। 'कफी, दाल र दूधको तथ्यांक भने संकलन केन्द्रबाट लिएका हौं । दर्ता भएका संकलन केन्द्रमा दिने किसानलाई एक वर्षको एकमुष्ट रकम दिएका छौं,' उनले भने।

■ आत्मनिर्भर हुन प्रोत्साहन कार्यक्रम

गाउँपालिकालाई कृषिमा आत्मनिर्भर बनाउँदै जनताको जीवनस्तर उकास्नका लागि यो कार्यक्रम ल्याइएको गाउँपालिका अध्यक्ष हेमन्त राईले बताए। 'कृषि उत्पादनमा बढीभन्दा बढी जोड दिई मांसेबुङको विकसमा कृषि उत्पादनलाई प्रमुख आयस्रोतका रूपमा विकास गर्न यो कार्यक्रमलाई हामीले प्राथमिकता दिएका हौं,' अध्यक्ष राईले भने, 'मांसेबुङका जनताको प्रमुख आयस्रोत कृषि नै हो । कृषिलाई विशेष प्राथमिकतामा राखेर गाउँपालिकाले काम गर्नेछ। हाम्रो प्रमुख उद्देश्य नै उत्पादनमा वृद्धि गर्नु हो।'

'हाम्रो कृषि उत्पादनमा अहिले बजारको समस्या छैन । बजारीकरणमा गाउँपालिकाले सहयोग नै गर्छ,' उनले भने, 'दमक-८ मा दमक नगरपालिकासँगै पहाडी जिल्लाका स्थानीय तहको साझेदारीमा प्रदेश सरकारले कृषि बजार पनि बनाउन सुरु गरेको छ। पहाडी क्षेत्रका विभिन्न ६ ठाउँमा कृषि उत्पादन संकलन केन्द्र पनि निर्माण गर्ने गरी प्रदेशले योजना अघि बढाएको छ। हाम्रो कृषि उत्पादनलाई अर्गानिक बनाउन प्रयत्न गरिरहेका छौं। अर्गानिक बनाउन सके बजार र मूल्यको राम्रो पाउँछ।' यो कृषि प्रोत्साहन कार्यक्रमबाट वास्तविक किसान लाभान्वित भएको मांसेबुङ गाउँपालिकाका उपाध्यक्ष विनोद नेम्बाङ्ले बताए।

'तल्लो तहमा पुगेर बिमा व्यवसाय गर्नुपर्छ'

काठमाडौं/ नेपाल बिमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवाललेे काठमाडौं उपत्यकामा मात्र केन्द्रित नभई सबै प्रदेश र स्थानीय तहसम्म पुगेर बिमा व्यवसाय विस्तार गर्न बिमा कम्पनीहरूलाई निर्देशन दिएका छन्।

मर्जर भएका बिमा कम्पनीका सञ्चालक समितिका अध्यक्ष तथा प्रमुख कार्यकारी अधिकृतसँगको छलफल एवं अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष सिलवाललेे पुँजीको अधिकतम सदुपयोग हुने गरी अघि बढ्न निर्देशन दिएका हुन्।

बिमा कम्पनीको आफ्नै व्यावसायिक रणनीति हुनुपर्ने बताउँदै उनले बिमा व्यवसायलाई स्वच्छ, स्थिर, दिगो र नाफामूलक बनाउनुपर्ने बताए। बिमा गर्न नागरिक कम्पनी खोज्दै आउने नभई कम्पनीहरू नै नागरिककोमा जानुपर्ने तथा कम्पनीहरू व्यावसायिक रूपमा अघि बढ्नुपर्ने उनको भनाइ थियो।

त्यस्तै, प्राधिकरणका कार्यकारी निर्देशक राजुरमण पौडेलले प्राधिकरणले पुँजी वृद्धिको निर्णय गरेपश्चात् बिमा कम्पनीहरू पुँजी पुऱ्याउन स्वतस्फूर्त रूपमा मर्जरमा गएको उल्लेख गर्दै कम्पनीहरूले तोकिएको अवधिभित्र पुँजी पुऱ्याउनुपर्ने र त्यसका लागि सहजीकरण गर्न प्राधिकरण तयार रहेको बताए। कार्यकारी निर्देशक पौडेलले बिमा कम्पनीहरूको मर्जरपश्चात् विशेषगरी कर्मचारीका सम्बन्धमा गुनासाहरू आएकाले त्यस्ता गुनासा आन्तरिक रूपमै समाधान गर्न र कर्मचारीलाई मर्का नपार्न तथा प्रदेश कार्यालयहरूलाई नमुनाका रूपमा सञ्चालन गर्न निर्देशनसमेत दिए।

कार्यक्रममा मर्जर भएका बिमा कम्पनीका सञ्चालक समितिका अध्यक्ष तथा प्रमुख कार्यकारी अधिकृतहरूले मिश्रित धारणा राख्दै केही बिमा कम्पनीका तर्फबाट मर्जरपश्चात् निर्देशिकाबमोजिम कर्मचारीहरूको व्यवस्थापन गरेको, कर्मचारीहरूको सेवा सुविधामा एकरूपता ल्याएको, मर्जरबाट ठूलो समस्या नआएको र स-साना समस्याहरू आफैं समाधान गरी अगाडि बढेको धारणा राखेका थिए।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको ३५ (पैंतिस) दिने सूचना

प्रकाशित मितिः २०८०/०७/१७

तपसिलमा उल्लेखित ऋणीले यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड (साबिक तिनाउ मिसन डेभलपमेण्ट बैंक लि.) को शाखा कार्यालय तामनगर, रुपन्देहीबाट सिटिजन्स अधिविकर्ष कर्जा शिर्षक अन्तर्गत कर्जा लिई उपभोग गरेको ऋणकर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने साबाँ, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा बापत तिर्न बुझाउन पर्ने साबाँ, तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋणकर्जा रकमको सम्पूर्ण साबाँ, ब्याज तथा हर्जाना रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गर्नु भएकोले यथाशिघ्र बैंकमा सम्पर्क गरी आफूले उपभोग गरेको ऋणकर्जा सुविधा बापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्रमा पनि ऋणकर्जा सुविधा बापत तिर्न बुझाउन पर्ने साबाँ, ब्याज र सो को हर्जाना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण बापत लेखिदिएको तपसिलमा उल्लेख भएको **"धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको सूचना"** प्रकाशित गरी लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असुल गरी लिने र प्रचलित नियम बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराईन्छ।

साथै तपसिलमा उल्लेखित जमानीकर्ताहरुले स्वयम् बैंकमा उपस्थित भई जमानत दिने कागज गरिदिनु भएको हुँदा यहाँ जमानीकर्ताहरुले पनि उपरोक्त व्यहोरा अवगत गरी सूचनाको म्याद भित्र बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन अनुरोध गरिन्छ। अन्यथा बैंकको लेना रकम असुल उपर गर्नुका साथै तहाँलाई समेत कर्जा सूचना केन्द्र लिमिटेडमा नियमानुसार कालोसूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

तपसिल

कर्जा शिर्षक : सिटिजन्स अधिविकर्ष कर्जा
ऋणीको नाम : नव विजय सप्लायर्स
रजिष्टर्ड ठेगाना : बुटवल उप.म.न.पा. वडा नं. १२, रुपन्देही
रजिष्ट्रेशन नं. : ४९५७२/०७७/७८ (नेपाल सरकार वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, रुपन्देही)
पान नं. : ३०३५९९५८६

प्रोप्राईटरको नाम र ठेगाना
नाम : गिरीराज कुवंर
बाबु : खिम बहादुर कुवंर
बाजे : तिल बिक्रम कुवंर
ठेगाना : सेमलार गा.वि.स. वडा नं. १, रुपन्देही
हाल : बुटवल उप.म.न.पा, वडा नं. १२, रुपन्देही
ना.प्र.नं. : ३/९९९३
जारी मिति : २०५६/०९/२८
जि.प्र.का. : रुपन्देही

जमानीकर्ताहरुको नाम र ठेगाना

१. नाम : सरिता कुंवर
बाबु : जगति कडेंल
पति : गिरीराज कुंवर
ससुरा : खिम बहादुर कुंवर
ठेगाना : सेमलार गा.वि.स. वडा नं. १, रुपन्देही
हाल : बुटवल उप.म.न.पा, वडा नं. १२, रुपन्देही
ना.प्र.नं. : ३७२०२५/७३३४२
जारी मिति : २०६८/१२/१२
जि.प्र.का. : रुपन्देही

२. नाम : ज्ञानेन्द्र विक्रम पौडेल उपाध्याय
बाबु : कुलानन्द पौडेल उपाध्याय
बाजे : मणिभद्र उपाध्याय
ठेगाना : शिवगढी गा.वि.स. वडा नं. २, कपिलवस्तु
हाल : बुटवल उप.म.न.पा, वडा नं. १२, रुपन्देही
ना.प्र.नं. : ५/९४०
जारी मिति : २०५१/०४/१९
जि.प्र.का. : कपिलवस्तु

धितो राखिएको सम्पत्तिको विवरणः
धितो सुरक्षण धनीको नामः- सरिता कुवंर

जिल्ला	न.पा./गा.वि.स.	वडा नं/नक्सा सिट नं.	कि.नं.	क्षेत्रफल (वि.क.धु.)	कैफियत
रुपन्देही	सेमलार	२७	४०५	०-०-१०	सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत।
रुपन्देही	सेमलार	२५	४	०-०-१२	

माथि उल्लिखित अचल सम्पत्तिका अतिरिक्त यस बैंकलाई पठाएको मौज्दातको विवरण अनुसारको स्टक मौज्दात लगायत फर्मले उठाउन बाँकी सम्पूर्ण रकम कलम (Entire Receivables) सहित।

Citizens Bank

मुख्य कार्यालयः
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA

अर्थ पत्रिका

नयाँ पत्रिका
शुक्रबार १७ कार्तिक ०८०

सात अर्ब ऋणमध्ये आयल निगमले तिऱ्यो ६ अर्ब ३० करोड

डेढ वर्षयता अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको भाउ निरन्तर घटे पनि मूल्य समायोजन नगरी चर्को नाफा राखेर ऋण चुक्ता गर्दै निगम

अजित अधिकारी/नयाँ पत्रिका

नेपाल आयल निगमले पाँच वर्षमा १० किस्ताका दरले भुक्तानी गर्ने सर्तमा सरकारबाट लिएका सात अर्ब ऋण डेढ वर्षमै तिर्ने लक्ष्य राखेको छ। अन्तर्राष्ट्रिय बजारमा बढेको कच्चा तेलको भाउअनुसार नेपाली बजारमा मूल्य समायोजन गर्न नपाउँदा इन्डियन आयल कर्पोरेसन (आइओसी)को बक्यौता तिर्न नसकी अप्ठ्यारोमा परेपछि निगमले जेठ, ०७९ मा सरकारबाट ३ प्रतिशत सहुलियत ब्याजदरमा सात अर्ब ऋण लिएको थियो। सो ऋण रकम प्रति किस्ता ७० करोडका दरले पाँच वर्षमा भुक्तानी गर्ने सर्त राखिएको थियो। तर, पछिल्लोपटक निगमले १३ कात्तिकमा एक अर्ब ४० करोड सरकारलाई बुझाइसकेको छ।

सो रकम बुझाएपछि सरकारलाई तिर्नुपर्ने ऋण दायित्व ७० करोडमा झरेको निगमका नायब कार्यकारी निर्देशक नागेन्द्र साहले जानकारी दिए। उनले भने, 'दसैंमा पेट्रोलियम पदार्थको खपत बढेर आम्दानीमा सुधार भयो। त्यसैले त्यहाँबाट प्राप्त आम्दानी सरकारको ऋण तिर्न प्रयोग गर्ने निर्णय गर्दै एक अर्ब ४० करोड रुपैयाँ भुक्तानी गरेका छौं।'

निगमले एक महिनाअघि असोज पहिलो साता पनि सरकारी ऋणबापतको एक अर्ब ४० करोड भुक्तानी गरेको थियो। त्यतिबेला साउन र भदौमा आर्जन गरेको नाफा रकम एक अर्ब २७ करोड र मूल्य अभिवृद्धि कर (भ्याट)बापत जम्मा भएको १५ करोड रुपैयाँसमेत सरकारी ऋण तिर्न प्रयोग गरिएको थियो। निगमले गत असारमा सबैभन्दा धेरै दुई अर्ब ८० करोड सरकारी ऋण चुक्ता गरेको थियो भने ऋण लिएको सात महिना (पुस ०७९) मा पहिलो किस्ताबापत ७० करोड रुपैयाँ तिरेको थियो।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

■ आयल निगमले भुक्तानी गरेको रकम

विवरण	समय	रकम
ऋण लिएको	**जेठ ०७९**	**७ अर्ब**
पहिलो किस्ता भुक्तानी	पुस ०७९	७० करोड
दोस्रो किस्ता भुक्तानी	असार ०८०	२ अर्ब ८० करोड
तेस्रो किस्ता भुक्तानी	भदौ ०८०	१ अर्ब ४० करोड
चौथो किस्ता भुक्तानी	कात्तिक ०८०	१ अर्ब ४० करोड

स्रोत : नेपाल आयल निगम लिमिटेड

१० किस्तामा तिर्नुपर्ने सर्त राखिएको ऋण निगमले बढीमा पाँच किस्तामा र डेढ वर्षभित्रै सक्ने लक्ष्य राखेको छ। 'अब अन्तिम किस्ताबापत तिर्नुपर्ने रकम ७० करोड रुपैयाँ छ,' साहले भने, 'कच्चा तेलको अन्तर्राष्ट्रिय बजारले साथ दिएमा मंसिर-पुसभित्रै सरकारी ऋण तिरेर सबै दायित्वबाट मुक्त हुन्छौं।'

डेढ वर्षयता अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको भाउ निरन्तर घटे पनि आयल निगमले सोही दरमा मूल्य समायोजन नगरी चर्को नाफा राखेका कारण ठूलो ऋण रकम चाँडै चुक्ता गर्न लागेको हो। निगमले गत ३१ असारदेखि अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको भाउ थपघट भएअनुसार नेपाली बजारमा मूल्य समायोजन गर्न थालेदेखि नियमित नाफासमेत राख्दै आएको छ। स्वचालित मूल्य प्रणाली कार्यान्वयन गर्ने क्रममा निगमले पेट्रोलमा २.५ प्रतिशत र डिजेलमा २ प्रतिशत नाफा राख्ने गरेको छ।

स्वचालित मूल्य प्रणाली हवाला दिँदै निगमले दसैंको मुखमा गत १३ असारमा सबै प्रकारका इन्धनको मूल्यवृद्धि गर्नेक्रममा पेट्रोल दुई, डिजेल, मट्टीतेल र हवाई इन्धन समान आठ रुपैयाँ प्रतिलिटर तथा खाना पकाउने एलपी ग्यास दुई सय १५ रुपैयाँ प्रतिसिलिन्डर मूल्यवृद्धि गरेको थियो। सो निर्णयको चौतर्फी आलोचना भएपछि प्रधानमन्त्री प्रचण्डको हस्तक्षेपमा भोलिपल्ट नै सबै मूल्यवृद्धि फिर्ता भएको थियो। त्यसयता भने अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको भाउसमेत सामान्य दरमा घटेका कारण निगमले दुईपटक मूल्य घटाइसकेको छ।

आयल निगमका कार्यकारी निर्देशक उमेशप्रसाद थानीले भने उपभोक्तामैत्री कारोबार र दायित्व भुक्तानीलाई सँगसँगै अघि बढाइरहेको दाबी गरेका छन्। 'संस्था जति बलियो भयो, इन्धनको सहज आपूर्तिका लागि उति नै प्रभावकारी हुन्छ भन्ने सबैले बुझ्दिनुपर्छ,' उनले भने, 'पेट्रोलियम पदार्थ सहज आपूर्तिका लागि नै निगमले केही नाफा राख्ने र ऋण तथा बक्यौता तिर्दै आएको छ।' उनले ऋण मुक्त भएपछि निगमले राख्दै आएको नाफाको दरसमेत घटाएर उपभोक्तालाई लाभ दिने बताए।

सरकारी ऋणबाहेक निगमले गत आर्थिक वर्ष ०७९/८० मा आइओसीको २४ अर्ब बक्यौता तिरिसकेको छ। टेकुस्थित प्रधान कार्यालय धितोमा राखेर राष्ट्रिय वाणिज्य बैंकबाट लिएको तीन अर्ब रुपैयाँ ऋणसमेत चुक्ता गरिसकेको छ।

कतारमा 'अन कल क्लिनर' काम गर्ने नेपाली महिला शोषणमा

कतारमा रहेका करिब १५ हजार महिला श्रमिक अधिकांश क्लिनर भिसामै

दोहामा **मुना कुँवर**

कतारमा क्लिनर भिसामा जाने नेपाली महिला श्रमिक विभिन्न खालका शोषणमा पर्ने गरेका छन्। नेपालका म्यानपावर कम्पनीले क्लिनर भिसामा पठाए पनि कतारका एजेन्टले आप्रवासी महिला श्रमिकलाई 'अन कल क्लिनर'को काममा पठाउन थालेका छन्। 'अन कल क्लिनर'मा श्रमिकले व्यक्तिको घरमा नै गएर सरसफाइको काम गर्नुपर्छ। घरमालिकको इच्छाबमोजिम निश्चित समयका लागि श्रमिक हायर गरिएको हुन्छ। कतिपय गलत नियत भएका व्यक्तिले सरसफाइको काम भनेर महिला श्रमिक हायर गर्न खोजेको पनि देखिएको नेपाली संघ कतारका प्रथम उपाध्यक्ष कृष्ण पन्थीले जानकारी दिए।



नेपाली श्रमिकलाई कतारलगायत मध्यपूर्वमा रोजगारीका लागि जान क्लिनर भिसा सबैभन्दा सहज हो। क्लिनर भिसामा कुनै सीप र दक्षता नचाहिने हुँदा नेपाली महिला र पुरुष श्रमिक यस्तो भिसामा कतार आइपुग्ने गरेका छन्। जसमध्ये महिला श्रमिक भने जोखिममा पर्ने गरेको उनले बताए। कतारले क्लिनर र घरेलु श्रमिकका रूपमा आप्रवासी कामदार भित्र्याउँदै आएको छ। तर, नेपालले भने घरेलु श्रमिक भिसालाई बन्द गरेको छ। जसका कारण अधिकांश नेपाली महिला श्रमिक क्लिनर भिसामा कतार आउने गरेका छन्।

कतार सरकारले सरकारी, अर्धसरकारी निकायहरूजस्तै विद्यालय, हस्पिटल, बालबालिका स्याहार केन्द्र, सपिङ मललगायका स्थान सरसफाइका लागि क्लिनर भिसामा आप्रवासी श्रमिक भित्र्याउने गरेको छ। नेपालबाट यस्तै कामका लागि महिला श्रमिक आए पनि कतारस्थित एजेन्टले 'अन कल क्लिनर'मार्फत निजी घरको सरसफाइको काममा खटाउने गरेको संघका प्रथम उपाध्यक्ष पन्थीले बताए। 'अस्पताल, मललगायतका क्षेत्रमा काम गर्ने भनेर महिला श्रमिकलाई कतार ल्याइन्छ। तर, यहाँ आएपछि निजी घरको सरसफाइमा पठाउने गरेका छन्,' उनले भने। निजी निवासमा नै पुगेर काम गर्नुपर्दा महिला जोखिममा परेको उनको भनाइ छ।

कतारका राजदूत डा. नरेश ढकाललले महिला श्रमिकका लागि कतार सुरक्षित मुलुक रहेको र यहाँ महिलाको अनुमतिविना कसैले केही गर्न नसक्ने बताए। उनले भने, 'अन कल क्लिनरको विषयमा सुनेको छु। तर, कतार सरकारले यस्ता भिसा दिँदैन। एजेन्टले क्लिनर भिसामा आएकालाई यस्तो खालको काममा पठाउने गरेको सुनिन्छ। तर, यस्तो समस्या भएमा दूतावासमा आएर उजुरी दिनुपर्छ। म सबैलाई आग्रह गर्छु। लिखित रूपमा उजुरी दिनुस्। उजुरी भएपछि नै हामी घटनाको छानबिन गर्छौं।'

'अन कल क्लिनर' भनेको के हो ?

'अन कल क्लिनर' सेवाग्राहीको मागबमोजिम घरमा नै पुगेर निश्चित अवधिका लागि गरिने सरसफाइको काम हो। यो कामका लागि क्लिनर कम्पनी र सेवाग्राहीबीच अनलाइनमा नै सम्पर्क हुन्छ। यस्ता कम्पनीले एप्लिकेसन तथा अनलाइन विज्ञापन गर्छन्। सेवाग्राहीले पनि एप्लिकेसन वा अनलाइन विज्ञापन हेरी कम्पनीसँग श्रमिकको माग गर्छन्। सेवाग्राहीले निश्चित घन्टा वा निश्चित दिनका लागि पनि श्रमिकको माग गर्दै अनलाइनमार्फत नै शुल्क भुक्तानी गर्छ। क्लिनर कम्पनीले श्रमिकलाई सेवाग्राहीको घरमा नै पुऱ्याउँछ। तोकिएको अवधिपछि लिन जान्छन्। सेवाग्राहीको घरमा नै पुगेर काम गर्नुपर्ने हुँदा महिला श्रमिक शोषणमा पर्ने सम्भावना अधिक हुने संघको भनाइ छ।

■ सातामै २७ जनाले महिलाले मागे सहयोग

कतारमा 'अन कल क्लिनर'को काममा आएका नेपाली महिलाहरू शोषणमा परेपछि गैरआवासीय नेपाली संघसँग सहयोग माग्न थालेका छन्। गत साता मात्रै २७ जना नेपाली महिला श्रमिकले रोजगारदाताबाट दुर्व्यवहार भएको भन्दै संघमा गुनासो गरेको संघका प्रथम उपाध्यक्ष पन्थीले जानकारी दिए। संघको श्रमिक संयोजक पनि रहेका पन्थीले समस्यामा परेको श्रमिकको गुनासो सुनुवाइका लागि टोल फ्री नम्बर सञ्चालन गरेको बताए। गुनासो गर्ने सबै श्रमिक क्लिनर भिसामा नै कतार आएका हुन्। तर, कतारको एजेन्टले भने 'अन कल क्लिनर'को काममा लगाएको पीडित महिलाले गुनासो गरेका छन्। कतारमा ३ लाख ६४ हजार नेपाली श्रमिक छन्। जसमध्ये १५ हजार महिला छन्। अधिकांश महिला क्लिनरका रुपमा कार्यरत रहेको उनको भनाई छ। यो बाहेक करिब ५० हजार नेपाली अबैधानिक रुपमा कतारमा रहेको संघको अनुमान छ।

कतारमा यस्तो काममा खटाउने १५ हजार क्लिनर कम्पनी छन्। केही नेपालीले सञ्चालन गरेका कम्पनी पनि छन्। 'क्लिनर भिसामा महिला श्रमिक कतार ल्याएर अन कल क्लिनरको काममा पठाउने चारवटा कम्पनीलाई नेपाली दूतावासलाई अनुरोध गरी ब्लक लिस्टमा राखेका छौं,' उनले भने। तर, कतिपय नेपाली महिला श्रमिक शोषणमा परे पनि उजुरी गर्दैनन्। आर्थिक तथा रोजगारीको प्रलोभनले पनि महिलाहरू जोखिम मोलेरै काम गर्ने गरेको संघको भनाइ छ। 'कतिपय महिला दिदीबहिनीहरू खर्च गरेर कतार आइयो। उजुरी गरियो भने रित्तो हात फर्कनुपर्ला भन्ने डरले पनि बोल्नुहुन्न,' उनले भने।

■ उजुरी गर्न हिचकिचाउँछन् श्रमिक

कतार सरकारले आप्रवासी श्रमिकका लागि कडा कानुन ल्याएको छ। कुनै पनि रोजगारदाताले नियमविपरीत जबर्जस्ती काममा लगाउन पाउँदैनन्। कतार सरकारले तोकेको पारिश्रमिक र सेवा-सुविधा अनिवार्य भुक्तानी गर्नुपर्ने हुन्छ। कतार सरकारले समय-समयमा कम्पनीहरूको अनुगमन गरी आप्रवासी श्रमिकको गुनासोसमेत सुन्ने गरेको छ। तर, श्रमिकहरूले स्वयं नै समस्या सुनाउन नचाहेको संघको दाबी छ।

कतार सरकारको नीति राम्रो भएकाले विश्वका विभिन्न मुलुकका नागरिकले व्यवसाय सञ्चालन गरेका छन्। तर, रोजगारदाताले बदमासीले गर्दा श्रमिक जोखिममा पर्छन्। रोजगारदाताले श्रमिक मन नपरेमा विभिन्न आरोप लगाएर जेलमा समेत हाल्ने गरेका छन्। त्यसैले पनि नेपाली श्रमिक समस्या सुनाउनुभन्दा सहेर बस्न चाहने सामाजिक अभियन्ताहरू बताउँछन्।

नेपाल र कतार सरकारबीच पहिलोपटक सन् २००७ मा श्रम सम्झौता भएको थियो। सुरुवातमा रोजगारदाता कम्पनीले श्रमिकलाई नगद नै पारिश्रमिक दिने व्यवस्था गरेको थियो। नगदमा नै पारिश्रमिक दिने समयमा रोजगारदाताबाट धेरै आप्रवासी श्रमिक ठगिएको कतारमा लामो समयदेखि व्यवसाय गर्दै आएका रोबिन्द महर्जनले बताए। तर, अहिले भने कतार सरकारले बैंक खाताबाट नै भुक्तानी गर्नुपर्ने व्यवस्था गरेको छ। यसले श्रमिकलाई राहत मिलेको उनले बताए।

लप्सीफेदी सबस्टेसनको निर्माण झन् अन्योल

मिलन विश्वकर्मा/नयाँ पत्रिका

शंखरापुर नगरपालिका-३ को बोजिनीमा बन्ने ४००/२२०/१३२/११ केभी क्षमताको लप्सीफेदी सबस्टेसन निर्माण थप अन्योलमा परेको छ। आयोजनालाई चाहिने जग्गा प्राप्ति भइसक्दा पनि स्थानीयले थप माग राखेर चार वर्षदेखि निर्माण सुरु गर्न दिएका छैनन्।

आयोजनाको निर्माण सुरु गर्न चार वर्षमा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, नेपाल विद्युत् प्राधिकरण, स्थानीय तह तथा स्थानीय बासिन्दाबीच दुई दर्जनभन्दा बढी बैठक भएका छन्। यसबीचमा ऊर्जामन्त्री र सचिवस्तरीय वार्तासमेत भएका छन्। तर, यससम्बन्धी विवाद अझै समाधान भएको छैन। यसैक्रममा बुधबार भएको एक छलफलमा शंखरापुर नगरपालिका मेयर रमेश नापितले बैठकको माइन्युट नै च्यातेर हिँडेका छन्।

बुधबार साँखु बजारमा मेयर नापितसहित स्थानीय तहका जनप्रतिनिधि, इलाका प्रशासन कार्यालय, विद्युत् प्राधिकरणका प्रतिनिधिबीच भन्डै सात घन्टा लामो छलफल भएको थियो। त्यसमा सरकार तथा प्राधिकरणले स्थानीयको माग सम्बोधन गर्ने सहमति पनि भएको थियो। तर, हस्ताक्षर गर्ने क्रममा मेयर नापितले केही बुँदामा असहमति जनाउँदै माइन्युट नै च्यातेर हिँडेको छलफलमा उपस्थित प्राधिकरणका एक अधिकारीले जानकारी दिए। त्यसपछि उक्त रजिस्टर कापी नै गायब गराइएको स्रोतको भनाइ छ।

'मेयर नै भएपछि उहाँले आयोजना निर्माणमा समन्वयन गर्नुपर्ने हो। तर, उल्टै माइन्युट च्यात्नुभयो। उहाँको यो गैरजिम्मेवारपूर्ण कदमले आयोजनाको निर्माण थप अन्योलमा परेको छ,' स्रोतले भने, 'हामीले आयोजनालाई चाहिने जग्गा स्थानीयबाट खरिद गरिसकेका छौं र मुआब्जा पनि दिइसकेका छौं। तर, नेपाली ऐन-कानुनको अधीनमा रहेर स्थानीयलाई थप सेवा-सुविधा दिन तयार छौं। त्यसमा उहाँहरू पनि सहमत नै हुनुभएको छ। समन्वयन गर्नुपर्ने व्यक्ति नै उल्टै माइन्युट च्यातेर हिँड्नुभयो। यसले आयोजना निर्माणमा थप अन्योल देखिएको छ।' मेयर नापितले नयाँ पत्रिकासँगको टेलिफोन वार्तामा भने यस विषयमा कुनै पनि टिप्पणी नगर्ने बताए।

दूधकोशीमा लगानी गर्ने एडिबीको घोषणा

काठमाडौं/ एसियाली विकास बैंक (एडिबी)ले ६ सय ३५ मेगावाटको दूधकोशी जलाशययुक्त जलविद्युत् आयोजनामा लगानी गर्ने प्रतिबद्धता जनाएको छ। नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ, एडिबीका महानिर्देशक रमेश सुब्रमण्यम र एडिबी नेपाल आवासीय नियोगका निर्देशक आर्नोड कुश्वा सम्मिलित टोलीले बुधबार आयोजनाको स्थलगत निरीक्षण गरेको छ। टोलीले आयोजनाको जलाशय क्षेत्र र विद्युत्गृहस्थलको निरीक्षण गर्दै बाँधस्थल खोटाङको रबुवा बजारका स्थानीय तहका जनप्रतिनिधिसँग अन्तर्क्रिया गरेको थियो।

कार्यक्रममा महानिर्देशक सुब्रमण्यमले आयोजना अगाडि बढाउन उच्च तहबाट अन्तिम निरीक्षण भएको भन्दै एडिबीको नेतृत्वमा जतिसक्दो छिटो वित्तीय व्यवस्थापन गर्न लागिएको बताए। आयोजनालाई स्थानीय बासिन्दाले स्वीकार गरेको उल्लेख गर्दै ३८ वर्षदेखि चर्चामा रहेका आयोजनाको प्राविधिक, वातावरणीय र सामाजिक पक्षलाई जति सक्दो छिटो टुंगो लगाएर निर्माणमा लैजानुपर्ने बताए।

आयोजनाको अनुमानित लागत निर्माण अवधिको ब्याजसहित दुई अर्ब २० करोड अमेरिकी डलर (करिब दुई खर्ब २५ अर्ब रुपैयाँ) रहेको छ। यसमध्ये ऋणबाट एक अर्ब ६८ करोड डलर र बाँकी इक्विटीबाट जुटाएर वित्तीय व्यवस्थापन गर्ने तयारी छ। एडिबीको नेतृत्वमा विभिन्न अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूबाट आयोजनामा एक अर्ब डलर सहुलियत ऋण लगानी हुनेछ। यसमध्ये एडिबीले ५५ करोड डलर सहुलियतपूर्ण ऋण लगानीको प्रतिबद्धता जनाएको हो। एडिबी नेपाल आवासीय नियोगका निर्देशक आर्नोड कुश्वाले निर्णय प्रक्रियालाई तीव्रता दिन लगनशीलताका साथ काम गरिरहेको र नेपाल सरकारसँग बारम्बार छलफल भइरहेको बताए।

प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले नेपालको विद्युत् प्रणालीका लागि दूधकोशी महत्त्वपूर्ण आयोजना भएकाले एक वर्षभित्र (सन् २०२४ डिसेम्बर) एडिबीको नेतृत्वमा वित्तीय व्यवस्थापन गर्ने गरी काम भइरहेको बताए। कार्यक्रममा स्थानीय तहका जनप्रतिनिधिले स्थानीय रूपमा विकास निर्माणका क्रियाकलाप ठप्प भएकाले आयोजनाका विषयमा रहेको अन्योल तत्काल हटाउन आग्रह गरेका थिए।

नेपालको स्वास्थ्य क्षेत्र सुधार्न विश्व बैंकले १३ अर्ब ८० करोड दिने

काठमाडौं/ विश्व बैंकले नेपालको स्वास्थ्य क्षेत्रमा सुधारका लागि करिब १३ अर्ब ८० करोड रुपैयाँ (१०३.८४ मिलियन अमेरिकी डलर) वैदेशिक सहायता दिने भएको छ। जसमध्ये एक सय मिलियन डलर सहुलियतपूर्ण ऋण अन्तर्राष्ट्रिय विकास संगठन (आइडिए)मार्फत र ३.८४ मिलियन डलर हेल्थ इमर्जेन्सी प्रिपेडनेस एन्ड रेस्पोन्स ट्रस्टमार्फत अनुदान दिने उल्लेख छ। बिहीबार विश्व बैंक र नेपाल सरकारबीच डिजिटल रूपमा हस्ताक्षर भएको वित्तीय सम्झौता आदान-प्रदान भएको छ। डिजिटल रूपमा हस्ताक्षर भएको विश्व बैंक सहायताको पहिलो परियोजना हो।

नेपालको तर्फबाट अर्थसचिव कृष्णहरि पुष्कर र विश्व बैंकका देशीय निर्देशक फारिस हदाद जर्भोसबीच सम्झौता भएको छ। यो सम्झौतापत्र आदान-प्रदान अर्थमन्त्री डा. प्रकाशशरण महत, विश्व बैंकका व्यवस्थापकीय निर्देशक अन्ना जर्दे र बैंकको दक्षिण एसियाका उपाध्यक्ष मार्टिन रेजरको सहभागितामा भएको थियो।

यो कार्यक्रम संघीय तहमा स्वास्थ्य बिमा बोर्ड र कोसी तथा गण्डकीका स्थानीय तहको सहकार्यमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले कार्यान्वयन गर्नेछ। 'गुणस्तरको स्वास्थ्य सेवा मानव पुँजी विकासको आधारशिलाका रूपमा काम गर्छ। नेपाल क्वालिटी हेल्थ सिस्टम्स प्रोग्राम अपरेसनले तय गरेको बृहत् सुधार एजेन्डा उच्च गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गर्न निर्णायक हुनेछ,' अर्थसचिव डा. कृष्णहरि पुष्करले भने।नेपालमा एक लचिलो र समावेशी जनस्वास्थ्य प्रणाली निर्माण गर्न सरकारसँग काम गर्न प्रतिबद्ध रहेको फारिसले बताए। उनले भने, 'यसले उत्पादकत्व र मानव पुँजी विकासमा योगदान पुऱ्याउँछ, जुन दिगो आर्थिक वृद्धिका लागि आधारभूत विषय हो।'

VACANCY ANNOUNCEMENT

Falcon Construction And Suppliers Pvt.Ltd. New Baneshwor, Kathmandu is seeking for qualified and energetic candidates for the following posts:-

CIVIL ENGINEER- 2 Female

Qualification:

1. Bachelor in Civil Engineering
2. Fluent in English writing and speaking.
3. Skill in AutoCAD,MS Word and MS Excel is essential.
4. 1 years Experience/Freshers are also encouraged to apply.

Interested candidate should send complete **CV** before 10th November, 2023 at **falconconstruction127@gmail.com**
Phone no : 01-4790577

GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL •

सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५(३) र नियमावली २०६५ को नियम ३ बमोजिमको विवरण देहाय बमोजिम रहेको छ।

क	निकायको स्वरुप र प्रकृति:	कम्पनी ऐन २०६३ बमोजिम स्थापना भई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६३ बमोजिम संचालित वित्तीय संस्था
ख	निकायको काम, कर्तव्य र अधिकार:	बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६३ मा व्यवस्था भए बमोजिमका काम, कर्तव्य र अधिकार रहेको छ।
ग	निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण:	वित्तीय संस्थामा १४६ जना कर्मचारी कार्यरत रहेका छन् र संस्थाले तोकेको कार्य विभिन्न पदमा कार्यरत कर्मचारीहरु मार्फत भइ रहेको छ। व्यवस्थापन समूहको नाम र पद www.goodwillfinance.com.np मा हेर्न सकिन्छ।
घ	निकायबाट प्रदान गरिने सेवा:	बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६३ मा व्यवस्था भए बमोजिम राष्ट्रिय स्तरको "ग" वर्गका वित्तीय संस्थाले दिन सक्ने सम्पूर्ण बैंकिङ्ग सेवाहरु सन १९९५ देखि दिइँदै आएको छ।
ङ	सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी:	सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीहरुको विवरण www.goodwillfinance.com.np मा उपलब्ध छ।
च	सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि:	वित्तीय संस्थाले सेवा प्रदान गर्दा लिने शुल्क तथा दस्तुर सूचनाको हक सम्बन्धि ऐन २०६३ बमोजिम हुनेछ।
छ	निर्णय गर्ने प्रक्रिया र अधिकारी:	वित्तीय कारोवारका सम्बन्धमा विभिन्न प्रकारका विभिन्न तहका अधिकारीहरुले यस संस्थाको कर्जा नीति निर्देशिकाको अधिनमा रही निर्णय गर्ने गरेको छ। प्रमुख कार्यकारी अधिकृत तथा वित्तीय संस्थाको संचालक समिति अन्तिम निर्णय कर्ताको रुपमा रहेको छ।
ज	निर्णय उपर उजुरी सुन्ने अधिकारी:	ग्राहकहरुको गुनासो तथा उजुरी गर्नेको लागि हाल केन्द्रिय स्तरमा भरत बहादुर महत अधिकारीलाई गुनासो सुन्ने अधिकारीको रुपमा रहने व्यवस्था गरिएको छ। गुनासो सुनुवाई अधिकारी: वरिष्ठ प्रबन्धक, भरत बहादुर महत फोन नं.: ४५४४०३९, इमेल: bharat@goodwill.net.np
झ	सम्पादन गरेको कामको विवरण:	बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ मा व्यवस्था भए बमोजिम राष्ट्रिय स्तरको "ग" वर्गका वित्तीय संस्थाले गर्न सक्ने सम्पूर्ण बैंकिङ्ग तथा वित्तीय कारोवारहरु नेपाल राष्ट्र बैंकको एकिकृत निर्देशनको अधिनमा रही सम्पादन भैरहेको छ।
ञ	सूचना अधिकारी नाम र पद:	ग्राहकहरुलाई आवश्यक सूचना प्रदान गर्न तपशिल बमोजिमका अधिकारीहरुलाई तोकिएको छ। सूचना अधिकारी : भरत बहादुर महत पद : वरिष्ठ प्रबन्धक साथै यस वित्तीय संस्थाको शाखा कार्यालयहरुमा सम्बन्धित शाखा प्रमुखलाई सूचना अधिकारीको रुपमा कार्य गर्ने व्यवस्था गरिएको छ। साथै कुनै गुनासो भएमा सिधै Website मार्फत गुनासो राख्न सकिने समेत व्यवस्था गरिएको छ।
ट	ऐन, नियम, विनियम वा निर्देशकको सूची:	प्रचलित सम्पूर्ण ऐन, नियम, विनियम र निर्देशिकाहरु वित्तीय संस्थाले पालना गर्नुपर्ने हुन्छ भने देहाय बमोजिमका ऐन, नियम, विनियम र निर्देशिकाहरु बैंकिङ्ग कार्यका लागि प्रमुख रुपमा रहेको छन्। १. नेपाल राष्ट्र बैंक ऐन २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ २. बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ ३. कम्पनी ऐन, २०६३ बैंकिङ्ग कसुर तथा सजायँ ऐन, २०५८ ४. सम्पत्ती शुद्धिकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ ५. धितोपत्र सम्बन्धी ऐन, २०६३, सुरक्षित कारोबार ऐन, २०६३ ६. करार ऐन, २०६५, विनियम अधिकार पत्र ऐन, २०३४ ७. विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९, आयकर ऐन, २०५८ ८. उपरोक्त ऐनहरु बमोजिमका सम्पूर्ण नियम तथा विनियमहरु ९. नेपाल राष्ट्र बैंकद्वारा जारी गरिएको एकिकृत निर्देशिकाहरु
ठ	आम्दानी, खर्च तथा आर्थिक कारोवारहरु सम्बन्धि अद्यावधिक विवरण:	बैंकको आम्दानी, खर्च तथा आर्थिक कारोवारहरु सम्बन्धि त्रैमासिक अद्यावधिक विवरणहरु राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशित हुँदै आएको छ भने वित्तीय संस्थाको वेवसाइट www.goodwillfinance.com.np मा समेत रहेको छ।
ड	बैंकको प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगाना:	बैंकको प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगाना यस प्रकार रहेको छ। श्री सरोज काजी तुलाधर प्रमुख कार्यकारी अधिकृत, गुडविल फाइनान्स लिमिटेड, हात्तीसार काठमाडौं। फोन नं.: ०१-४५४४०३९ इमेल: saroj@goodwill.net.np

गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)
GOODWILL FINANCE LIMITED
नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतप्राप्त राष्ट्रियस्तरको संस्था

केन्द्रिय कार्यालय
हात्तीसार, काठमाण्डौं, पो.ब.नं. ८८६७
फोन: ४५४४०३५, फ्याक्स: ४५४३४१४
इमेल: info@goodwill.net.np

शाखा कार्यालयहरु

डिल्लीबजार ४४३२२४० | इन्द्रचोक ५३२५४५५४ | भक्तपुर ६६२००६७ | कुमारीपाटी ५४०८६४० | त्रिपुरेश्वर ५३३९५३३ | नयाँबजार ५५१०७३८ | ईटहरी, सुनसरी ०२५-५८७०५१ | वितामोड ०२३-५३०५४८ | नेपालगंज ०८१-५३२०५६
घोराही, दाङ्ग ०८२-५६३३५० | ईलाम ०२७-५२०८४५ | फिदिम ०२४-५२१०६८ | बुटवल ०७१-५३७३८२ | बर्दिबास ०४४-५५०१०२ | धनगढी ०९१-४१७३५७ | नवलपुर ०४६-५७००६० | गैंडाकोट ०७८-५०१४११ | भैरहवा ०७१-५९०९६३

GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL •

धितोपत्र बोर्डले तत्काल सार्वजनिक सेयर निष्कासनको अनुमति नदिने

भोजराज भण्डारी/नयाँ पत्रिका



नेपाल धितोपत्र बोर्डले सार्वजनिक निष्कासन (आइपिओ) सेयर स्वीकृति रोक्ने निर्णय गरेको छ। बिहीबार बसेको धितोपत्र बोर्डको अनौपचारिक बैठकले सार्वजनिक निष्कासनको सेयर रोक्ने निर्णय गरेको हो। बोर्डको यो निर्णयसँगै हकप्रद सेयर, एफपिओलगायत सबै सार्वजनिक निष्कासन तत्काललाई रोक्का हुनेछन्।

सेयर बजार पछिल्लो समय निरन्तर घटिरहेको अवस्थामा सार्वजनिक सेयरको आपूर्ति बढेकाले केही समयका लागि रोक्ने निर्णय गरिएको बोर्डका एक अधिकारीले बताए। उनले भने, 'औपचारिक निर्णय हुन बाँकी छ, तर केही समयका लागि सार्वजनिक निष्कासन रोक्ने निश्चित भएको छ।'

पछिल्लो समय लगानीकर्ताले बोर्डले सार्वजनिक निष्कासनलाई मनलाग्दी अनुमति दिएको भन्दै आलोचना हुँदै आएको थियो। बजार घटिरहेको समयमा सार्वजनिक निष्कासनको ताँती लाग्दा त्यसको असर दोस्रो बजारमा परेको लगानीकर्ता तथा नेपाल इन्भेस्टर्स फोरमका पूर्वअध्यक्ष छोटेलाल रौनियारले बताए। उनले भने, 'बोर्डको यो कदम ठिकै हो, दुई वर्षदेखि बजार लगातार घटिरहेको अवस्था छ। लगानीकर्ताले २० खर्ब रुपैयाँ गुमाएको अवस्थामा सार्वजनिक निष्कासन मात्रै आइरहने बजारचाहिँ घटिरहने अवस्थामा बजार कसरी राम्रो हुन्छ ? केही समयलाई स्वीकृत रोक्नु सकारात्मक नै लिन सकिन्छ।'

नेपाल धितोपत्र बोर्डका पूर्वअध्यक्ष रेवतबहादुर कार्कीले बजार घटेकै आधारमा सार्वजनिक निष्कासन रोक्नुपर्ने कुनै कारण नभएको बताए। उनले भने, 'बजार घटेको समयमा लगानीकर्तालाई भन्नै प्रोत्साहित गर्नुपर्नेमा सार्वजनिक निष्कासन नै रोक्नु ठीक होइन।'

धितोपत्रमा हाल २० वटा कम्पनी सार्वजनिक निष्कासनको पर्खाइमा रहेका छन्। प्राथमिक चरणमा १० अर्ब ७७ करोड मूल्यबराबरको ६ करोड ७६ लाख कित्ता सेयर निष्कासनको तयारीमा रहेका थिए। जसमध्ये जगदम्बा स्टिल प्रिमियम मूल्यसहित तीन सय रुपैयाँमा ६ अर्ब मूल्यबराबरको २० करोड कित्ता सेयर निष्कासनको तयारीमा रहेको थियो। त्यस्तै, बोर्डको स्वीकृतिका लागि कम्पनीको समीक्षाको चरणमा रहेका हिमस्टार ऊर्जा कम्पनी रहेको छ भने समीक्षा र निष्कासनको अन्तिम तयारीको चरणमा सातवटा कम्पनी रहेका छन्। यस चरणमा बुक बिल्डिङमा आउन लागेको रिलायन्स स्पिनिङ मिल्ससहित ६ करोड ५४ लाखबराबरको सात लाख ३१ हजार कित्ता सेयर निष्कासनको तयारीमा थिए।

त्यस्तै, १२ कम्पनी १३ अर्ब ११ करोड मूल्यबराबरको १३ करोड ११ लाख कित्ता सेयर निष्कासनको तयारीमा रहेका थिए। एफपिओ निष्कासनका लागि पाँचवटा कम्पनी पाइपलाइनमा रहेका छन्। पहिलो चरणमा पाँच करोड २२ लाख रुपैयाँबराबरको पाँच लाख २२ हजार कित्ता, कम्पनीको समीक्षा चरणमा नयाँ सारथी वित्तीय संस्थाको तीन करोड ८२ लाख मूल्यबराबरको तीन लाख २९ हजार कित्ता र समीक्षाको अन्तिम चरणमा रहेका समता घरेलु लघुवित्त र किसान लघुवित्तको १९ करोड ९९ लाख मूल्यबराबरको १९ लाख ९९ हजार कित्ता सेयर बोर्डको स्वीकृतिको प्रतीक्षामा रहेका थिए। बोर्डले कात्तिकमा मात्रै हिमालयन रिइन्स्योरेन्स, सर्वोत्तम सिमेन्ट, भिजन लुम्बिनीसहित ६ वटा कम्पनीलाई आइपिओ निष्कासनका लागि अनुमति दिएको थियो। बोर्ड स्रोतका अनुसार अनुमति पाएका कम्पनीको समेत निष्कासन रोकिनेछ।

अपाचे आरटिआर १६० भी फोर एफआई नेपाल आउँदै

काठमाडौं/ टिभिएस अपाचे आरटिआर १६० भी फोर एफआईको विशेष संस्करण नेपालमा सार्वजनिक हुने तयारीमा रहेको छ। टिभिएस मोटर्सको नेपालका लागि आधिकारिक विक्रेता जगदम्बा मोटर्सले उक्त मोटरसाइकलको विशेष संस्करण नेपालमा सार्वजनिक गर्ने तयारी गरेको हो।

अपाचे आरटिआर १६० भी फोर एफआई सेग्मेन्टमा ग्राहकका लागि थप छनोटको विकल्प दिने उद्देश्यका साथ विशेष संस्करण ल्याउने तयारी भएरहेको कम्पनीले जनाएको छ। उक्त मोटरसाइकलको विशेष संस्करणमा कम्पनीले सेग्मेन्टमै पहिलोपटक विभिन्न थप फिचर पनि उपलब्ध गराउने जनाइएको छ। कम्पनीले सेग्मेन्टमै पहिलोपटक तीन राइडिङ मोड तथा समायोजनको सुविधासहितको ह्यान्ड ब्रेक लिभर र क्लच लिभर पनि उपलब्ध गराउने सम्भावना रहेको कम्पनीको भनाइ छ। साथै, हल्का र लाउडर बुल्पप एड्जस्ट डिजाइनसँगै टिभिएसका उपभोक्ताले बाटो र मौसमको आवश्यकताअनुसार ड्राइभिङ मोड छनोट गर्न सक्ने उल्लेख छ।

उक्त मोटरसाइकलमा स्पोर्टी बडी डिलक्स र स्पेसल कलर थिममा तयार गरिएको कम्पनीको भनाइ छ। जगदम्बा मोटर्स नेपालमा टिभिएसका दुईपांग्रे सवारीसाधनका लागि आधिकारिक वितरक हो। कम्पनीले देशभर एक सय ४० भन्दा बढी डिलरमार्फत बिक्री तथा बिक्रीपछिको सेवा प्रदान गरिरहेको जनाएको छ।

अर्किड गार्डेन नेपाल परियोजनालाई महालक्ष्मी विकास बैंकको सहयोग

काठमाडौं/ महालक्ष्मी विकास बैंक लिमिटेडले अर्किड गार्डेन नेपाल परियोजनालाई आर्थिक सहयोग गरेको छ। बैंकले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत पिछडिएका बालबालिकाको अधिकार, कल्याण र स्वास्थ्य सुरक्षित गर्ने मुख्य उद्देश्यले स्थापित उक्त परियोजनालाई सफल बनाउन राउन्ड टेबल नेपालसँग समन्वय गरी आर्थिक सहयोग प्रदान गरेको हो।

१७ वर्षदेखि पिछडिएका बालबालिकालाई दिवा स्याहार तथा शिक्षा प्रदान गरिरहेको बाल विद्यालयको हालको अवस्था अत्यन्त नाजुक रहेकाले विद्यालयको अवस्था सुधार गरी बालबालिकाको पठनपाठनमा सहजता पुऱ्याउने उद्देश्यले ५० हजार रुपैयाँ आर्थिक सहयोग गरेको बैंकले जनाएको छ।

विद्यालयको मैदान जमिनको सतहभन्दा करिब चार फिट तल रहेकाले वर्षायाममा कक्षाकोठामा बाढी पस्ने समस्या देखिएको बैंकले जनाएको छ। बाढीकै कारण विद्यालय बन्द गर्नुपर्ने र सरकारी प्राधिकरणबाट विद्यालय सुधारका लागि सूचनासमेत आइसकेकोले उक्त सहयोगले विद्यालय सुधार गर्न सहयोग पुग्ने बैंकले विश्वास व्यक्त गरेको छ। हाल ६ महिनादेखि नौ वर्षसम्मका एक सय ५० बालबालिकाले शिक्षा तथा स्याहार प्राप्त गरेकामा सुधारपछि दुई सय बालबालिकाले सेवा पाउन सक्ने बैंकले जनाएको छ।

नेपाल एसबिआई बैंकका कर्मचारीको प्रतिज्ञा

काठमाडौं/ 'सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारण दिवस'को अवसरमा नेपाल एसबिआई बैंक लिमिटेडका कर्मचारीले बैंकका सेवाहरू, माध्यमहरू र खाताहरू सम्पत्ति शुद्धीकरण र आतंकवादी क्रियाकलापमा वित्तीय लगानी वा अन्य गैरकानुनी प्रयोजनका लागि दुरुपयोग हुनबाट बचाउने प्रतिज्ञा गरेका छन्। उनीहरूले यसका लागि उच्चतम एएमएल-सिएफटी प्रावधान ग्रहण एवं पालना गर्नका लागि प्रतिज्ञा गरेका हुन्।

बैंकका नायब प्रमुख कार्यकारी अधिकृत तथा प्रमुख वित्तीय अधिकृत राजेशकुमार पन्डा र प्रमुख जोखिम तथा अनुपालन अधिकृत विष्णुदेव यादव, प्रमुख सञ्चालन अधिकृत यादवेन्द्र कान्त, प्रमुख कर्जा अधिकृत अर्जुन नेपाल र अन्य पदाधिकारीको उपस्थितिमा बैंकका सम्पूर्ण कर्मचारीलाई प्रतिज्ञा गराएको जनाइएको छ।

सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय बट्टार, नुवाकोटको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८०/०७/१७ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको लेना रकम नबुझाई ऋण लिँदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फछर्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैँतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछर्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्यादभित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो जहाँ जो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिने, कर्जा असुलीको लागि ऋण असुली न्यायाधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समय अवधीभित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

तपसिल

ऋणीको विवरण	व्यक्तिगत जमानीकर्ताको विवरण
मोतीराम अधिकारीको नाति, टिकाराम अधिकारीको छोरा, नुवाकोट जिल्ला, तारकेश्वर गा.पा. वडा नं. २ बस्ने **राममणी अधिकारी** (ना.प्र.नं. ८०७९६, जारि मिति २०५९/०८/२४, जि.प्र.का. नुवाकोट)।	टिकाराम अधिकारको बुहारी, राममणी अधिकारीको पत्नी, नुवाकोट जिल्ला, तारुका गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल नुवाकोट जिल्ला, तारकेश्वर गा.पा. वडा नं. २ बस्ने **रन्जना अधिकारी** (ना.प्र.नं. २५१००१/९००, जारी मिति २०६७/१२/२०, जि.प्र.का. नुवाकोट)।
धितोको विवरण	
मोतीराम अधिकारीको नाति, टिकाराम अधिकारीको छोरा, नुवाकोट जिल्ला, तारकेश्वर गा.पा. वडा नं. २ बस्ने **राममणी अधिकारी** (ना.प्र.नं. ८०७९६, जारि मिति २०५९/०८/२४, जि.प्र.का. नुवाकोट) को नाममा मालपोत कार्यालय विदुर, नुवाकोटमा दर्ता भई यस बैंकको पक्षमा धितो दृष्टिबन्धक पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको नुवाकोट जिल्ला, बुधसिङ गा.वि.स. वडा नं. ९ अ स्थित कि.नं. ३६०, ३६३, ३६१, ४७३ को क्षेत्रफल क्रमशः ०-६-२-३, ०-१५-१-१, ०-८-०-० र ०-४-०-० (रोपनी) बमोजिमको जग्गा र सो जग्गामा जडित सम्पूर्ण लिगलगापात समेत।	

Siddhartha Bank
शाखा कार्यालय : बट्टार, नुवाकोट
फोन नं. ०१०-५६१९४६
Website : www.siddharthabank.com

वासेश्वर-मंगला बचत तथा ऋण सहकारी संस्था लि.
विजुलीबजार, काठमाडौं

कर्जा तिर्ने बारे ३५(पैतिस) दिने सार्वजनिक सूचना

सूचना प्रकाशित मिति : २०८०/०७/१७

यस वासेश्वर-मंगला बचत तथा ऋण सहकारी संस्था लि. सँस्था लि.का तपसिलमा उल्लेखित तपाई ऋणीले कर्जा उपभोग गर्दै आउनु भएकोमा उक्त कर्जाको सँस्थालाई समय समयमा तिर्न बुझाउनु पर्ने साँवा ब्याज आदि भुक्तान गर्न आउन तपाईलाई पटक पटक पत्राचार गर्दै तथा व्यक्तिगत रुपमा सम्पर्क गरि तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्न चासो नदेखाई बेवास्ता गरेकोले ३५(पैतिस)दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। उक्त मिति भित्र संस्थामा उपस्थित भई कर्जाको चुक्ता गर्न वा कर्जाको किस्ता तिरि नियमित गर्न जानकारी गराईन्छ। उक्त म्याद भित्र कर्जा चुक्तागर्न वा सो मिति सम्मको मासिक किस्ता नियमित गर्न नआउनु भएमा सहकारी ऐन २०७४ तथा प्रचलित नेपाल कानून बमोजिम कारवाहि अगाडी बढाउन संस्था बाध्य हुनेछ।

तपशिल

सि.नं.	ऋणीको विवरण	जमानीकर्ताको विवरण
१.	**नाम : माला देवी वर्मा** ठेगाना : धर्मपुर-१, रौतहट, हाल: सितापाईला १ काठमाडौं ना.प्र.नं. : ३२१०८७/५२३ उमेर : ३७ वर्ष बाबुको नाम : राम अयोध्या साह बाजेको नाम : भृगुनाथ साह	**नाम : राज कुमार वर्मा**

कर्जा चुक्ता गर्ने सम्बन्धी ७ दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मितिः २०८०/०७/१७ गतेको नयाँ पत्रिका दैनिक)

तपसिलमा उल्लेखित ऋणीले यस सहकारी संस्थाबाट लिएको ऋण कर्जाको शर्त बमोजिम नियमित बुझाउनु पर्ने किस्ताहरु, साँवा, ब्याज, हर्जाना रकम नतिरी नबुझाई बाँकी राख्नु भएको तथा पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत निजले कर्जा किस्ताहरु चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगर्नु भएकोले यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्नु हुन सूचित गरिन्छ। अन्यथा उल्लेखित मिति भित्रमा तिर्न बुझाउनु पर्ने ब्याज तथा हर्जाना रकम भुक्तान नगरेमा यस संस्थालाई कर्जाको सुरक्षण वापत लेखी लेखाई दिएको तपसिल बमाजिमको चल/अचल सम्पति सहकारी ऐन तथा नियमावलीले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गर्ने, कालो सुचिमा समावेश गर्ने र ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गर्ने लगाएतका कर्जा असुल उपर गरी लिनका लागि अन्य आवश्यक कानूनी कारवाहीहरु समेत गरी संस्थाले आफ्नो लेना रकम असुल उपर गरी लिने व्यहोरा समेत ऋणी, जमानीकर्ता, धितो सुरक्षण दिने व्यक्तिहरु तथा अन्य सबैलाई जानकारी गराइन्छ ।

ऋणीको विवरण	धनजमानीकर्ताहरूको विवरण
ऋणी सरोज कुमार शाह लाडटाङ्ग एग्रो फार्म प्रा.लि. का अध्यक्ष जियालाल साहको नाती, गौरिशंकर साहको छोरा, स्थायी ठेगाना कोशी अञ्चल, मोरङ्ग जिल्ला, विराटनगर न.पा वडा नं. ११, स्थायी घर भई हाल वागमती अञ्चल, काठमाडौं जिल्ला, नागार्जुन न.पा वडा नं. १० बस्ने वर्ष ४२ को **सरोज कुमार साह** (ना.प्र.प.नं. ३६७८७ जारी मिति २०५४/१०/१४ जि.प्र.का. मोरङ्ग)	राम बहादुर साहीको नाती, जगत बहादुर साहीको छोरा, स्थायी ठेगाना वागमती अञ्चल, काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १९ बस्ने वर्ष ६० को **जगदिश्वर साही** (ना.प्र.प.नं. ३६०५ जारी मिति २०४८/०७/१७ जि.प्र.का. काठमाडौं)
धितोको विवरण	कुल नारायण महर्जन नाती, देव नारायण महर्जनको छोरा, स्थायी ठेगाना वागमती अञ्चल, काठमाडौं जिल्ला, खिचापोखरी वडा नं. २२, स्थायी घर भई हाल वागमती अञ्चल, काठमाडौं जिल्ला, टेकु वडा नं. १२ बस्ने वर्ष ४७ को **महेश महर्जन** (ना.प्र.प.नं. ७७८० जारी मिति २०५०/०१/१७ जि.प्र.का. काठमाडौं)
स्थायी ठेगाना वागमती अञ्चल, रसुवा जिल्ला, धुन्चे वडा नं. ३, को लाडटाङ्ग एग्रो फार्म प्रा.ली. को नाममा मालपोत कार्यालय रसुवामा दर्ता रहि तिरो कायम रहेको रसुवा जिल्ला, धुन्चे गा.वि.स/न.पा वडा नं. ३ स्थित कित्ता नं. १३९, २२३ र २१४ को क्षेत्रफल क्रमशः ५-२-१-०, ६-११-२-२ र ३-९-०-० को जग्गा	माणिकमान प्रधानको नाती, जुजुमान प्रधानको छोरा, स्थायी ठेगाना वागमती अञ्चल, किर्तिपुर जिल्ला, किर्तिपुर वडा नं. १, स्थायी घर भई हाल वागमती अञ्चल, ललितपुर जिल्ला, धोवीघाट न.पा वडा नं. ६ बस्ने वर्ष ५५ को **प्रचन्द्रमान प्रधान** (ना.प्र.प.नं. २७१०५८/१०२७१७ जारी मिति २०६९/०६/१४ जि.प्र.का. काठमाडौं)

CASH क्याश सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड
CASH Saving & Credit Co-operative Ltd.
ज्याथा, काठमाडौं
फोन : ५३५१८७७, ५३५२३११, ५३५३२५२
Email :info@cashco-op.com.np

महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रियस्तरको इजाजत प्राप्त संस्था)

15 DAYS TENDER NOTICE
INVITATION FOR SEALED BIDS

Published date: 2080/07/17

Mahalaxmi Bikas Bank Limited a leading national level development bank invites sealed bids from interested bidders for Supply and Delivery of Dual Interface Debit Card.

Other Details are as under:
The card should be integrated to NIBL Switch
Else, the integration cost to be borne by the applicant itself.

Terms and Conditions:

1. The Tender Form can be purchased from Bank's General Service Department at Head Office, Thapathali within office hours (9:30 AM till 5.00 PM) upon payment of non-refundable fee of NPR 5,000.00 (NPR Five Thousand Only) on or before 15th day of the first date of publication of this notice.
2. The Tender Form fee should be deposited in the following account of our Bank:
   - Account Number : 99950505000050
   - Account Name : Miscellaneous Income
3. Bids must be valid for a period of 90 days from the date of bid opening and must be accompanied by a bid bond, amounting to a minimum of 5% of the Bid amount, which shall be valid for 30 days beyond the validity of the bid (total 120 days validity bid bond). The bid bond may also be deposited through cash margin deposit in the following account of the Bank:
   - Account Number : 99921607031017
   - Account Name : Miscellaneous Sundry Creditors
4. Interested bidders must submit documentary evidence indicating minimum of three years' experience in the relevant field in Banking & Financial Institutions (BFIs)
5. Sealed proposals must be submitted within office hours on or before 15th day of the date of publication of this notice. Documents received after this deadline will be rejected.

The bids shall be opened at 3:00 PM on next working day of the last date of bid submission.

If the last date of purchasing, submission and opening of the bid falls on a public holiday, it shall be extended to the next working day.

The Bank reserves the right to accept partly or reject any or all bids without assigning any reason whatsoever.

केन्द्रीय कार्यालय
दरबारमार्ग, काठमाण्डौं
फोन नं. ०१-५३६८१५३, ५३६८७१९

सामान्य प्रशासन विभाग
थापाथली, काठमाण्डौं
फोन नं. ०१-५९११५१९/२०

सबल बैंक, सफल सहकार्य
www.mahalaxmibank.com

कुमारी बैंक लिमिटेड शाखा कार्यालय सुन्दरीजल, काठमाण्डौको धितोमा रहेको सम्पति पुनः लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०/०७/१७ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड (साविक एन.सी.सी. बैंक) शाखा कार्यालय सुन्दरीजल, काठमाण्डौबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्नु बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाहरुको सुरक्षण वापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न पटक पटक धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले **८ औं दिन अर्थात मिति २०८० कात्तिक २४ गते शुक्रबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय सुन्दरीजल, काठमाण्डौमा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

१. ऋणीको विवरण:

क. कम्पनी ऐन, २०६३ (संशोधन सहित) बमोजिम, नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७७/११/०९ मा दर्ता नं. २५६६३४/०७७/०७८ दर्ता कायम भई काठमाण्डौ जिल्ला, गोकर्णेश्वर न.पा. वडा नं.०२ स्थित रजिष्टर्ड कार्यालय रहेको **जय बंगलामुखी माँ सप्लायर्स एण्ड हार्डवेयर प्रा.लि.**।

सञ्चालक तथा व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. तेज बहादुर श्रष्ठको नाति, कान्छा श्रष्ठको छोरा, लक्ष्मी शोभा श्रष्ठको पति, काठमाण्डौ जिल्ला, गोकर्णेश्वर न.पा., वडा नं.०१, (साविक काठमाण्डौ जिल्ला, नयाँपाटी गा.वि.स/न.पा. वडा नं.०२), बस्ने **केशव कुमार श्रेष्ठ** (ना.प्र.नं. १८६१९, जारी मिति २०५४/०४/३०, जिल्ला प्रशासन कार्यालय काठमाण्डौ)।

२. इश्वरी प्रसाद श्रष्ठको नातिनी, भीम प्रसाद श्रष्ठको छोरी, केशव कुमार श्रष्ठको पत्नी, काठमाण्डौ जिल्ला, गोकर्णेश्वर न.पा., वडा नं.०१, (साविक काठमाण्डौ जिल्ला, नयाँपाटी गा.वि.स/न.पा. वडा नं.०२) बस्ने **लक्ष्मी शोभा श्रेष्ठ** (ना.प्र.नं. १११६, जारी मिति २०४४/१२/२२, जिल्ला प्रशासन कार्यालय भक्तपुर)।

३. कान्छा श्रष्ठको नातिनी, केशव कुमार श्रष्ठको छोरी, काठमाण्डौ जिल्ला, गोकर्णेश्वर न.पा., वडा नं.०१ बस्ने **आइशा श्रेष्ठ** (ना.प्र.नं. २७-०२-७६-००१८६, जारी मिति २०७६/०२/०९, जिल्ला प्रशासन कार्यालय काठमाण्डौ)।

४. अजोदा चौधरीको नाति, विन्देश्वर चौधरीको छोरा, सपना चौधरीको पति, सलाही जिल्ला, बबरगञ्ज गा.वि.स/न.पा , वडा नं.०२ बस्ने **केदार चौधरी** (ना.प्र.नं. १९३०५३/३४७, जारी मिति २०६३/१२/२४, जिल्ला प्रशासन कार्यालय सलाही)।

ऋणीको विवरण:

ख. तेज बहादुर श्रष्ठको नाति, कान्छा श्रष्ठको छोरा, लक्ष्मी शोभा श्रष्ठको पति, काठमाण्डौ जिल्ला, गोकर्णेश्वर न.पा., वडा नं.०१, (साविक काठमाण्डौ जिल्ला, नयाँपाटी गा.वि.स/न.पा. वडा नं.०२) बस्ने **केशव कुमार श्रेष्ठ** (ना.प्र.नं. १८६१९, जारी मिति २०५४/०४/३०, जिल्ला प्रशासन कार्यालय काठमाण्डौ)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. इश्वरी प्रसाद श्रष्ठको नातिनी, भीम प्रसाद श्रष्ठको छोरी, केशव कुमार श्रष्ठको पत्नी, काठमाण्डौ जिल्ला, गोकर्णेश्वर न.पा., वडा नं.०१, (साविक काठमाण्डौ जिल्ला, नयाँपाटी गा.वि.स/न.पा. वडा नं.०२) बस्ने **लक्ष्मी शोभा श्रेष्ठ** (ना.प्र.नं. १११६, जारी मिति २०४४/१२/२२, जिल्ला प्रशासन कार्यालय भक्तपुर)।

२. कान्छा श्रष्ठको नातिनी, केशव कुमार श्रष्ठको छोरी, काठमाण्डौ जिल्ला, गोकर्णेश्वर न.पा., वडा नं.०१ बस्ने **आइशा श्रेष्ठ** (ना.प्र.नं. २७-०२-७६-००१८६, जारी मिति २०७६/०२/०९, जिल्ला प्रशासन कार्यालय काठमाण्डौ)।

ऋणीको विवरण:

ग. इश्वरी प्रसाद श्रष्ठको नातिनी, भीम प्रसाद श्रष्ठको छोरी, केशव कुमार श्रष्ठको पत्नी, काठमाण्डौ जिल्ला, गोकर्णेश्वर न.पा., वडा नं.०१ (साविक काठमाण्डौ जिल्ला, नयाँपाटी गा.वि.स/न.पा. वडा नं.०२) बस्ने **लक्ष्मी शोभा श्रेष्ठ** (ना.प्र.नं. १११६, जारी मिति २०४४/१२/२२, जिल्ला प्रशासन कार्यालय भक्तपुर)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. तेज बहादुर श्रष्ठको नाति, कान्छा श्रष्ठको छोरा, लक्ष्मी शोभा श्रष्ठको पति, काठमाण्डौ जिल्ला, गोकर्णेश्वर न.पा., वडा नं.०१, (साविक काठमाण्डौ जिल्ला, नयाँपाटी गा.वि.स/न.पा. वडा नं.०२), बस्ने **केशव कुमार श्रेष्ठ** (ना.प्र.नं. १८६१९, जारी मिति २०५४/०४/३०, जिल्ला प्रशासन कार्यालय काठमाण्डौ)।

२. कान्छा श्रष्ठको नातिनी, केशव कुमार श्रष्ठको छोरी, काठमाण्डौ जिल्ला, गोकर्णेश्वर न.पा., वडा नं.०१, बस्ने **आइशा श्रेष्ठ** (ना.प्र.नं. २७-०२-७६-००१८६, जारी मिति २०७६/०२/०९, जिल्ला प्रशासन कार्यालय काठमाण्डौ)।

लिलाम हुने सम्पतीको विवरण:

१. **केशव कुमार श्रेष्ठ**को नाममा मालपोत कार्यलय साँखुमा दर्ता कायम रहेको काठमाण्डौ जिल्ला, नयाँपाटी गा.वि.स/न.पा वडा नं.०२, स्थित कि.नं ३४८ को क्षेत्रफल ०-६-०-० (रोपनी) को जग्गा तथा सोको सम्पूर्ण लिगलगापात समेत।

२. **केशव कुमार श्रेष्ठ**को नाममा मालपोत कार्यलय नुवाकोटमा दर्ता कायम रहेको नुवाकोट जिल्ला, मदानपुर गा.वि.स/न.पा वडा नं.०३, स्थित कि.नं ३३८, १०२५ र ३६२ को क्षेत्रफल क्रमश ४-६-०-२, ३-०-०-० र ०-१४-२-० (रोपनी) को जग्गा तथा सोको सम्पूर्ण लिगलगापात समेत।

३. **लक्ष्मी शोभा श्रेष्ठ**को नाममा मालपोत कार्यलय साँखुमा दर्ता कायम रहेको काठमाण्डौ जिल्ला, नयाँपाटी गा.वि.स/न.पा वडा नं.०२, स्थित कि.नं. ३९० र १२४ को क्रमश क्षेत्रफल ०-१२-०-० र ०-५-०-० (रोपनी) को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापात समेत।

शर्तबन्देजहरु:

१. शिलवन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले **मितिले ७ (सातौं) दिन अर्थात २०८० कात्तिक २३ गते** भित्र बैंकको शाखा कार्यालय सुन्दरीजल, काठमाण्डौमा कार्यालय समय भित्र प्राप्त भईसक्नु पर्नेछ।

२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय सुन्दरीजल, काठमाण्डौबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ, उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हु

संघीय निजामती ऐनको प्रक्रिया फेरि थाती

मन्त्रिपरिषद्ले सैद्धान्तिक स्वीकृतिको निर्णय गरेको दुई महिनामा पनि संसद्मा पेस भएन विधेयक

काठमाडौं / संघीय निजामती सेवा ऐन जारी गर्ने प्रक्रिया फेरि पनि थाती रहेको छ। मन्त्रिपरिषद्ले सैद्धान्तिक स्वीकृतिको निर्णय गरेको दुई महिनामा पनि संसद्मा पेस नभएको विधेयक संसद्को चालू अधिवेशन अन्त्य भएसँगै थाती रहन पुगेको हो।

सरकारको सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले संघीय संसद्को चालू अधिवेशन बिहीबार राति १२ बजेबाट लागू हुने गरी अन्त्य गर्ने निर्णय गरेका छन्। अब संसद्को अर्को अधिवेशन सुरु नहुन्जेलसम्मका लागि ऐनको प्रक्रिया अघि बढ्नेछैन।

०७२ मा नयाँ संविधान जारी भएपछि हालसम्म पनि संघीय संरचनाअनुरूपको छाता प्रशासनिक कानुन बन्न सकेको छैन। जसले प्रशासनिक व्यवस्थापन र सेवाप्रवाहसमेत प्रभावित हुँदै आएको छ। सरकारले विभिन्न समयमा ऐन ल्याउने प्रयास गरे पनि प्रस्तावित व्यवस्थाहरूमा विवाद हुँदा हालसम्म बन्न सकेको छैन। यसअघि संसद्मा पुगेको विधेयक सरकारले कहिले फिर्ता लिने त कहिले संसदीय समितिले सहमति जुटाइसकेको विधयेक पनि निष्क्रिय हुन पुगेका थिए।

पछिल्लोपटक संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले अर्थ मन्त्रालय र कानुन मन्त्रालयसहितको सहमति लिएर ऐन जारी गर्ने प्रक्रियाका लागि विधयेकको मस्यौदा मन्त्रिपरिषद्मा पेस गरेको थियो। तर, मस्यौदामा प्रस्तावित विषयमाथि कर्मचारीका विभिन्न तहबाट आन्दोलन भए। विवादित विषयहरू टुंग्याएर विधेयकलाई सर्वस्वीकार्य बनाउन सरकारले गत २० वैशाखमा उपप्रधान तथा रक्षामन्त्री पूर्णबहादुर खड्काको संयोजकत्वमा उच्चस्तरीय समिति गठन गर्ने निर्णय गरेको थियो। समितिमा कानुनमन्त्री, अर्थमन्त्री, संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री र उक्त मन्त्रालयका सचिव सदस्य थिए। समितिले विवादित विषय टुंग्याएर प्रतिवेदन बुझाएपछि २१ भदौको मन्त्रिपरिषद् बैठकले संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाको सर्तसम्बन्धी विधेयक, २०८० संघीय संसद्मा पेस गर्ने निर्णय गरेको थियो। यसबीचमा सहमतिका लागि पठाइएकामा लोकसेवा आयोगले पनि केही नमिलेका विषयमा आफ्नो रायसहित भदौ दोस्रो साता विधेयक सरकारलाई फिर्ता पठाएको थियो। यी आवश्यक सबै प्रक्रिया पूरा गरेर मन्त्रिपरिषद्ले विधयेक संसद्मा पठाउने निर्णय गरेको थियो।

तर, मन्त्रिपरिषद्ले सैद्धान्तिक स्वीकृति दिइसकेको विधेयक दुई महिनासम्म पनि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमै अल्झिएको छ। ऐनमा खासगरी स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत संघको हुने कि प्रदेशको, प्रदेश सचिव प्रदेशकै रहने कि संघको, कर्मचारीका सेवा सुविधा, वृत्तिविकास, ट्रेड युनियन, सरुवा, बढुवालगायतका विषय विवादित छन्।

रिगललाई...

पृष्ठ १ बाट क्रमशः

सरकारको सिफारिसमा राष्ट्रपतिबाट पाएको आममाफीको निर्णय बदर हुने निर्णय गरेको हो। सरकारको सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले गत ३ असोजमा रिगललाई कैद सजाय कट्टा गरी जेलमुक्त गर्ने निर्णय गरेका थिए। जसविरुद्ध रिगलबाट हत्या गरिएका नेपालगन्जका चेतन मानन्धरकी पूर्वपत्नी भारती शेर्पा अदालत पुगेकी थिइन्।

सर्वोच्चको आदेशमा भनिएको छ, 'रिगल ढकाललाई कर्तव्य ज्यान मुद्दामा सुरु बाँके जिल्ला अदालत र उच्च अदालत तुलसीपुर नेपालगन्ज इजलासबाट हुने ठहर गरिएको जन्मकैदको सजायमध्ये भुक्तान गर्न बाँकी कैद सजाय कट्टा गर्ने गरी भएको कामकारबाही सम्माननीय राष्ट्रपतिबाट भएको निर्णय र सोसम्बन्धी पत्राचारहरूसमेत उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ।' बाँकी सजाय भुक्तानका लागि सर्वोच्चले आदेश दिएलगत्तै रिगल बिहीबारै नेपालगन्जबाट पक्राउ परेका छन्।

२८ असार ०७२ मा नेपालगन्जका चेतन मानन्धरको खुँडा प्रहार गरेर हत्या भएको थियो। हत्याका मुख्य योजनाकार थिए, रिगल। मानन्धर हत्या अभियोगमा रिगलविरुद्ध जिल्ला अदालत बाँकेले ११ वैशाख ०७५ मा जन्मकैद (२० वर्ष कैद) हुने फैसला गरेको थियो। उनीविरुद्ध उच्च अदालत तुलसीपुर नेपालगन्जले पनि २८ माघ ०७६ मा जिल्ला अदालतकै फैसला सदर गर्दै जन्मकैदको फैसला गरेको थियो। ७ भदौ ०७२ देखि थुनामा रहेका रिगलले गत ३ असोजसम्ममा आठ वर्ष २५ दिन मात्रै कैद सजय भुक्तान गरेका थिए। अर्थात् उनले भुक्तान गर्न बाँकी ११ वर्ष ११ महिना पाँच दिन (५९.६६ प्रतिशत) कैद सजाय कट्टा गर्ने निर्णय सरकारले गरेको थियो। जुन फौदजारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३७ विपरीत हो। उक्त ऐनको दफा ३७ मा कैद सजाय कट्टा गर्न प्रतिवादीले ५० प्रतिशत सजाय भुक्तान गरेकै हुनुपर्ने व्यवस्था छ। अझ जन्मकैद सजाय पाएकाको हकमा त यो सुविधा लागू नै नहुने उल्लेख छ। तर, रिगलको हकमा ४०.३४ प्रतिशत मात्रै कैद सजाय भुक्तान गरेपछि आममाफी दिइएको थियो। उक्त दफामा भनिएको छ, 'कसुरदारको कैदमा रहँदा चालचालनमा सुधार आएमा र निजले ५० प्रतिशत कैद सजाय भुक्तान गरेमा निजलाई भएको कैद सजाय कारागारले तोकिएबमोजिम कट्टा गर्न सक्नेछ।'

रिगललाई कैदमुक्त गर्ने निर्णय मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५९ को उपदफा (५) को पनि विपरीत रहेको सर्वोच्चको निष्कर्ष छ। उक्त दफाअनुसार कैद सजाय कट्टा गर्न सम्बन्धित प्रतिवादीको मुद्दाले अन्तिम किनारा अनिवार्य रूपमा पाउनुपर्छ। तर, रिगलको हकमा मुद्दाले अन्तिम किनारा अझै पाइसकेको छैन। किनकि उनले सर्वोच्चमा दिएको पुनरावेदन अन्तिम किनारा लाग्नुअघि नै १० भदौ ०८० मा फिर्ता लिएका थिए। उक्त दफामा उल्लेख छ, 'कुनै अदालतमा पुनरावेदन, साधक जाँच वा पुनरावलोकन वा मुद्दा दोहोऱ्याउने अवस्थाको रोहमा विचाराधीन रहेको वा जुन अदालतको फैसलाबाट सजाय तोकिएको हो, त्यस्तो सजाय अन्तिम भइनसकेको अवस्थामा गृह मन्त्रालयले उपदफा (३) अनुसारको कारबाही गर्न सक्नेछैन।' उपदफा ३ मा राष्ट्रपतिले कैद माफी दिन सक्ने उल्लेख छ।

सर्वोच्चले रिगलको कैद सजाय कट्टा गर्ने निर्णय नेपालको संविधानको धारा २१ ले प्रदान गरेको अपराधपीडितको हक प्रतिकूलसमेत रहेको औंल्याएको छ। त्यस्तै, उक्त निर्णय संविधानको धारा १२८ को उपधारा (४) को समेत प्रतिकूल रहेको सर्वोच्चको ठहर छ।

संविधानको धारा २१ मा अपराधपीडितलाई आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारबाहीसम्बन्धी जानकारी पाउने हक रहेको र पीडितलाई कानुनबमोजिम सामाजिक पुनर्स्थापना र क्षतिपूर्तिसहितको न्याय पाउने हक रहेको उल्लेख छ। त्यस्तै, धारा १२८ को उपधारा (४)मा सर्वोच्च अदालतले आफ्नो वा मातहत अदालतको न्यायसम्पादनको कार्यमा कसैले अवरोध गरेमा वा आदेश वा फैसलाको अवज्ञा गरेमा कानुनबमोजिम अवहेलनामा कारबाही चलाई सजाय गर्न सक्ने उल्लेख छ।

त्यस्तै, रिगलको रिहाइ कारागार नियमावली, २०२० को नियम २९ मा रहेको प्रावधानहरूलाई अदालतबाट भएको व्याख्याअनुकूल हुने गरी प्रयोग गरिएको नदेखिएको पनि सर्वोच्चको भनाइ छ।

सुरक्षाविद् तथा नेपाल प्रहरीका पूर्वडिआइजी हेमन्त मल्ल रिगलको रिहाइका सम्बन्धमा सर्वोच्चले गरेको आदेश सरकारका नाममा ठूलो झापड भएको बताउँछन्। मौलाउँदै गएको दण्डहीनतालाई सर्वोच्चको आदेशले नियन्त्रण गर्ने काम गरेको उनको भनाइ छ।

अब कैद...

पृष्ठ १ बाट क्रमशः

अपराधमा दोषी ठहर भएकालाई कैद छुट तथा कैद माफी दिनुअघि सर्वोच्चले दुई प्रक्रिया पूरा गर्न परमादेश दिएको छ। पहिलो, पीडित पक्षको सहमति अनिवार्य र दोस्रो, कैदीको असल चालचलन भएको पुष्टि हुने आधार। अबका दिन सरकारले राष्ट्रपतिलाई कैद कट्टी तथा माफीका लागि सिफारिस गर्दा यो प्रक्रिया पूरा गर्नुपर्नेछ।

सर्वोच्चले पीडितको सहमति लिएर मात्र यस्तो छुट लिन परमादेश दिएको हो। संक्षिप्त फैसलामा भनिएको छ, 'कैद कट्टा गर्ने/कम गर्ने, छोट्याउने वा मिनाहा दिनेजस्ता कामकारबाही तथा निर्णय गर्दा कानुनद्वारा निर्धारित प्रतिशतको सीमा बन्देजका अतिरिक्त पीडितको हक संरक्षित रहने गरी निजको सहमति मञ्जुरीसमेत लिई, पीडितलाई सामाजिक पुनर्स्थापना र क्षतिपूर्तिसहितको न्याय प्राप्त भएको अवस्था सुनिश्चित गरी, यस अदालतको आदेश र प्रतिपादित सिद्धान्तसहित कानुनमा उल्लेख भएका अन्य सर्तहरूसमेतको समुचित रूपमा अनुशरण गरी तथा अवस्थाअनुसार सार्वजनिक हित, चासो र सरोकारका विषयहरूसमेत दृष्टिगत गरी सजाय कम गर्ने वा घटाउने, छुट दिने निर्णय गर्नु र यसरी गरिने निर्णयमा वस्तुगत आधार र उचित कारण अभिव्यक्त रूपमा खुलाएर मात्र निर्णय गर्नु भनी प्रत्यर्थीहरूको नाममा परमादेश जारी हुने ठहर्छ।' यसले फौजदारी न्याय प्रणालीलाई बलियो बनाउने प्रहरी अधिकारीको विश्वास छ।

पूर्वएआइजी राजेन्द्रसिंह भण्डारीले फौजदारी न्याय प्रणालीमा देखिएको विचलनलाई सर्वोच्चले सच्याएको बताए। यसले राज्य पीडितको पक्षमा उभिनुपर्दछ भन्ने सन्देश दिएको उनको भनाइ छ। 'जेल बसेकाहरू छुटेपछि फेरि अपराधमा लाग्ने भएकाले कैद छुट रोक्नुपर्छ भनेर भन्दै आएका थियौं,' उनले भने, 'सर्वोच्चको फैसलाले राज्यलाई पीडितमैत्री हुनुपर्ने आफ्नो दायित्व सम्झाएको छ।' यसले फौजदारी न्याय प्रणालीमा सुधार हुनुका साथै अपराध नियन्त्रणमा पनि सहयोग पुग्ने उनको विश्वास छ। अपराध राज्यसत्ताको अभिन्न अंग बनिसकेकाले यसमा सुधारका लागि निरन्तर दबाब दिन जरुरी रहेको पूर्वएआइजी भण्डारीले बताए।

जेलबाट कैदीहरू छुटेलगत्तै फेरि अपराधमा संलग्न हुने प्रवृत्ति देखिएपछि प्रहरी अधिकारीले कैद माफीको प्रावधान हटाउन पटक-पटक आग्रह गर्दै आएका थिए। तर, सरकारले त्यसलाई कहिल्यै गम्भीरताका साथ लिएन, बरु उल्टो कैदीको हितमा कानुन संशोधन गर्दै गयो। जसअनुसार हरेक वर्ष करिब १५ सय कैदी आधा कैद छुट पाएर छुट्ने गरेका छन्। यो क्रम अब रोकिनेछ।

सर्वोच्चको परमादेशसँगै गृह मन्त्रालयले पनि अब यससम्बन्धी कानुन संशोधन गर्नुपर्नेछ। गृहप्रवक्ता नारायणप्रसाद भट्टराईले यससम्बन्धी प्रावधानमा अब सुधार गरिने बताए। 'सर्वोच्चको फैसलालाई हामीले सकारात्मक रूपमा लिएका छौं,' उनले भने, 'यो विषय व्यवस्थित गराउन फैसलालाई हामीले अवसरका रूपमा लिएका छौं। अहिलेको प्रावधानमा रिथिंक गर्छौं।'

एक उच्च प्रहरी अधिकारीले सर्वोच्चको फैसला कार्यान्वयन भएमा अपराध नियन्त्रणमा पनि सहज हुने बताए। 'अहिले जेल परे पनि आधा भुक्तान गरेर छुटिहाल्छु भन्ने मनोवृत्ति छ,' उनले भने, 'अब त्यो अवस्था रहन्न, त्यसकारण अपराध नियन्त्रणमा सहयोग पुग्छ।'

दलित महिलाको...

पृष्ठ १ बाट क्रमशः

प्रहरीले पहिलो घटनालगत्तै दोषीलाई कारबाही प्रक्रियामा नल्याउँदा दोस्रोपटक गम्भीर आक्रमण

गम्भीर चोटपटक लाग्ने गरी पछिल्लो आक्रमण मंगलबार (१४ कात्तिक) को हो। त्यसअघि २७ असोज (घटस्थापनाको अघिल्लो दिन)मा उनीहरूमाथि पहिलो आक्रमण भएको थियो। स्थानीयहरूका अनुसार २६ कात्तिकमा स्थानीय राम केवल महतो नुनियाले सोही ठाउँका 'धामी' विनोद पासमानलाई बोलाएर बैठका (धामी खेलाउन स्थान) राखेका थिए। सोही बैठकामा राम केवलकी अन्दाजी १७ वर्षीया छोरी लीलावती कुमारी शरीरमा देवी चढेको भन्दै बर्बराएकी थिइन्। इतरियादेवीले मरिसकेको सासूको आत्मालाई कब्जामा राखेर बोक्सीको काम गर्ने गरेको र छरछिमेकका बालबालिका बिरामी पार्ने गरेको आरोप लगाउँदै बैठकाबाट विनोद पासमान र राम केवल महतोको परिवार उनको घरमा छिरेर कुटपिट गरेका थिए।

घटनाको भोलिपल्टै इतरियाका श्रीमान् राजेन्द्रले इलाका प्रहरी कार्यालय गौशालामा निवेदन दिएका थिए। प्रहरीले निवेदन अस्पष्ट भएको भन्दै झन्डै २० दिनको म्याद राखेर १७ कात्तिकका लागि (शुक्रबार) छलफलमा बोलाएको थियो। प्रहरीले पहिलो घटनालगत्तै दोषीलाई कारबाही प्रक्रियामा नल्याउँदा पीडित परिवारमाथि दोस्रोपटक गम्भीर आक्रमण भयो। मंगलबार उनीहरूले पीडित परिवारका सदस्यहरू गम्भीर घाइते हुने गरी आक्रमण गरे। आक्रमणकारीबाट पीडित परिवारलाई जोगाउने क्रममा केही स्थानीयसमेत घाइते भएका छन्। दोस्रो घटनापछि मात्रै प्रहरीले दुई आरोपीलाई पक्राउ गरेको छ। किटानी जाहेरी परेका सन्तोष यादव र विनोद पासमान पक्राउ परे पनि चन्द्रशेखर यादव र केवल महतो अझै पक्राउ परेका छैनन्।

खाद्य कम्पनीले...

पृष्ठ १ बाट क्रमशः

सरकारी कम्पनीले धान खरिद सुरु नगर्दा पनि व्यापारीबाट धानको उचित मूल्य नपाएको किसानको गुनासो छ। 'धान बेचेरै गहुँका लागि बिउ, मलखाद, खनजोत, सिँचाइका लागि खर्चको जोहो गर्नुपर्छ। चाडबाडका वेला घरखर्च पनि जुटाउनुपऱ्यो,' धनगढीका किसान मोहन रानाले भने, 'सरकारले किन्ने वेलासम्म पर्खिए गहुँ लगाउने समय गइसक्छ। त्यही भएर गल्लावाला (व्यापारी)ले भनेको भाउमै बेचिदिएँ।'

खाद्यले न्यूनतम समर्थन मूल्यमा धान खरिद सुरु गरे प्रतिस्पर्धा हुने भएकाले व्यापारीले पनि मूल्य बढाएर खरिद गर्छन्। यद्यपि, खाद्यले थोरै मात्रामा धान किन्ने भएकाले त्यहाँ पनि किसानलाई बिक्रीका लागि सहज हुँदैन।

खाद्यले ढिलो खरिद गर्ने भएकाले त्यसअघि व्यापारीले मिलेमतोमा कम मूल्य तोक्ने गरेको अर्का किसान सन्तुराम चौधरीले बताए। लगानी र मिहिनेतअनुसार धानको उचित मूल्य नपाए पनि कुनै निकायले चासो नदिएको उनको गुनासो छ। 'सरकारले तोकिदिएको न्यूनतम मूल्य पनि पाइएको छैन,' उनले भने, 'व्यापारीले तोक्ने मूल्यमा धान बेच्नुपर्छ।' धान बेचेरै हिउँदे खेती लगाउनुपर्ने बाध्यतामा रहेका किसानको फाइदा व्यापारीले उठाउने गरेको उनले बताए। तर, खाद्यको प्रादेशिक कार्यालय धनगढीका प्रमुख इन्जिला बस्नेतले भने काट्नेबित्तिकैको धानको तौल पछि घट्ने भएकाले अलिक ढिलो गरी खरिदको योजना रहेको सुनाइन्। 'काट्नेबित्तिकै धानमा चिस्यान बढी हुन्छ। चिस्यान बढी भएको धान लामो समय भण्डारण गर्न समस्या हुने र पछि तौल घट्ने भएकाले पनि खरिदमा केही ढिलो हुन्छ,' बस्नेतले भनिन्। खाद्यले खरिद गर्ने धानमा चिस्यान बढीमा १५ प्रतिशत हुनुपर्ने मापदण्ड तोकेको उनले बताइन्।

कैलालीका ६ ठाउँबाट ६० हजार क्विन्टल धान किन्ने खाद्य कम्पनीको तयारी

खाद्य कम्पनीले कैलालीका ६ स्थानबाट ६० हजार क्विन्टल धान किन्ने तयारी गरेको छ। खाद्यको प्रादेशिक कार्यालय धनगढीका प्रमुख इन्जिला बस्नेतले धनगढीको मोहनपुर र टीकापुर डिपोबाट केही दिनमा धान खरिद सुरु हुने बताइन्। तर, कैलालीका बाँकी चार ठाउँबाट पनि धान किन्ने तयारी रहे पनि कहिलेबाट सुरु हुन्छ यकिन छैन। खाद्यले कैलालीबाट ६० हजार क्विन्टल धान खरिदको कोटा पाएको छ। खाद्यले गत वर्ष कैलालीबाट ४० हजार क्विन्टल धान खरिद गर्ने लक्ष्य लिएकामा ३० हजार क्विन्टल मात्र खरिद गरेको थियो। गोदाममा भण्डारणको समस्या भएपछि गत वर्ष लक्ष्यअनुसार धान खरिद गर्न नसकिएको बस्नेतले बताइन्।

खाद्यको धनगढी, टीकापुर र शक्तिमा गरी तीनवटा गोदाममा ३५ हजार क्विन्टल भण्डारणको क्षमता छ। 'खाद्यसँग यहाँ ६० हजार क्विन्टल भण्डारणको क्षमता छैन,' उनले भनिन्, 'तर पहाडी जिल्लामा चामल ढुवानीका लागि धान खरिदसँगै कुटानी सुरु गरिने भएकाले भण्डारणमा केही सहज पनि होला।'

कृषि ज्ञान केन्द्र कैलालीका अनुसार धान उत्पादनको पकेट क्षेत्रको रूपमा रहेको कैलालीमा ६९ हजार हेक्टरभन्दा बढी क्षेत्रमा बर्खायाममा धान खेती हुने गरेको छ। जिल्लामा करिब बर्खे सिजनमा करिब सवा तीन लाख टन धान उत्पादन हुने गरेको कृषि ज्ञान केन्द्रका प्रमुख खगेन्द्रराज शर्माले जानकारी दिए। यहाँ धानको उत्पादकत्व औसतमा प्रतिहेक्टर ४.५ टन छ। त्यस्तै, करिब एक हजार हेक्टरमा चैते धान खेती गरिन्छ।

खाद्यलाई धान बेच्न वडाको सिफारिस, शुल्क असुल्दै पालिका

कञ्चनपुरमा खाद्य कम्पनीलाई धान बेच्न सम्बन्धित वडाको सिफारिसपत्र अनिवार्य गरिएको छ। तर, भीमदत्त नगरपालिकाका केही वडाले सिफारिसका लागि एक सय १० रुपैयाँसम्म शुल्क लिइरहेको छ। धान बिक्री गर्न वडाबाट सिफारिसका लागि भीमदत्त नगरपालिका-१० ले एक सय १० रुपैयाँ शुल्क लिएको सुकासालका किसान उर्वादत्त जोशीले बताए। भीमदत्त-७ हल्दुखालका किसान उत्तम बोहराले आफूले उत्पादन गरेका धान खाद्य कम्पनीलाई बेच्न वडाबाट सिफारिस लिनुपर्ने झन्झटिलो व्यवस्था रहेको र शुल्क तिनुपर्ने बाध्यता राखेर किसानलाई मारमा पारेको बताए। हल्दुखालकै अर्का किसान नारायण केसीले किसानलाई सुविधा दिनुको साटो स्थानीय सरकारले सिफारिसकै शुल्क तोकेर मारमा पार्ने काम गरेको बताए।

भीमदत्त नगरपालिकाका प्रवक्ता महेन्द्र खडकाले भने आर्थिक ऐन अनुसार साधारण सिफारिस बाफत शुल्क लिइएको बताए। खाद्य व्यवस्था शाखा कार्यालय महेन्द्रनगरका प्रमुख राजु मोक्तानले धान बिक्रीका लागि आफू किसान भएको प्रमाणित गर्न सम्बन्धित वडाबाट सिफारिस ल्याउनुपर्ने व्यवस्था गरिएको बताए। 'वास्तविक किसानले धानको मूल्य पाऊन् भनेर सिफारिससहित कागजात मागेका हौं,' उनले भने।

खाद्यको महेन्द्रनगर शाखाले बुधबारदेखि धान खरिद गर्न सुरु गरेको हो। १५ हजार क्विन्टल खरिदको लक्ष्य रहेकामा बुधबार १६ जना किसानको धान खाद्यले किनेको छ। एकजना किसानबाट अधिकतम ३० क्विन्टल धान खरिद गरिने उनले बताए।

Panauti Municipality
Office of the Municipal Executive
Panauti, Kavre

Invitation for E-Bids for the Construction of Ward No. 9 Office Building

Contract Identification No: **ConW9/40/2080/81**

First Date of publication: 2080/07/17

1. Panauti Municipality, Office of the Municipal Executive ***has allocated funds*** towards the cost of **Construction of Ward No.9 Office Building** and intends to apply part of the funds to cover eligible payments under the Contract ***for Construction of Ward No.9 Office Building***. Bidding is open to all eligible as per Section V of bidding document.
2. ***Panauti Municipality, Office of the Municipal Executive*** invites electronic bids from eligible bidders for the construction of ***Ward No. 9 Office building located at Sunthan*** under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***Panauti Municipality, Office of the Municipal Executive, Panauti Municipality-4,Taukhal, Kavre,*** or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.

छेडागाड नगरपालिका
नगर कार्यपालिका को कार्यालय
कार्किगाऊ, जाजरकोट
कर्णाली प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकशित मिति : २०८०/०७/१७

यस कार्यालयबाट मिति २०७९/०५/२४ गते दैनिक पत्रिकामा प्रकाशित Medicine supply & Delivery Of chhedagad Municipality सूचना अनुसार प्राप्त हुन आएका फर्महरुको प्राविधिक तथा आर्थिक प्रस्तावको मूल्याकंन गर्दा सबैभन्दा कम अंक कवोल गर्ने देहायबमोजिम बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्याकिंत सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागि सिफारिस भई आएबमोजिम सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ को प्रयोजनार्थ सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) बमोजिम स्वीकृतिको आशयको सूचना सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि प्रकाशित गरिएको छ।

S. N	IFB no	Specification	Contactor Name and Address	Bid Price (WithVat)
1	CM/NCB/GOODS/ 01/080/81	Medicine supply & Delivery Of chhedagad Municipality	Helping Health Polycllinc PVT LTD	NPR 1861371.60

के.आई.सिंह गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
वायल, डोटी
सुदुरपश्चिम प्रदेश, नेपाल

आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

प्रकाशित मितिः २०८०/०७/१७ (3rd Nov, 2023)

यस गाउँपालिकाको मिति २०८०/०५/२५ गते सार्वजनिक खरिद अनुगमन कार्यालयको e-GP Portal (www.bolpatra.gov.np/egp) मा प्रकाशित सार्वजनिक सूचना अनुसार E-bid द्वारा प्राप्त भएका बोलपत्रहरुमध्ये रित पूर्वक दर्ता हुन आएका बोलपत्रको प्राविधिक प्रस्तावको विस्तृत मूल्याङ्कन हुदाँ तपसिल बमोजिमका बोलपत्रदाताहरुको प्राविधिक प्रस्ताव यस कार्यालयबाट माग भएको मूल्याङ्कन तथा योग्यताका सबै आधार पूरा भएको हुदा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(ङ) उपनियम (४) बमोजिम सारभूत रुपमा प्रभावग्राही भएको हुदा तपसिल अनुसारको मिति,समय र स्थानमा आर्थिक प्रस्ताव खोलिने भएकोले सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ३१ (ङ) को उपनियम ५ बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

सि. न.	ठेक्का नम्बर	विवरण	सफल बोलपत्रदाताको नाम र ठेगाना	आर्थिक प्रस्ताव खोलिने मिति, समय र स्थान
1	01/KISRUM/ 2080/081	Construction of Nari Dadimati Lift Water Supply Project, K.I.Singh R.M. 2 Doti	Rukmini Engineering and Construction Pvt. Ltd. Bhaktapur	२०८०।०७।२२ (Nov 8,2023) दिउसो २:०० बजे,के.आई.सिंह गाउँपालिकाको कार्यालय वायल डोटी।

प्रमुख प्रशासकीय अधिकृत

नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि. को जग्गा खरिद गर्ने सम्बन्धि सूचना

(प्रकाशित मिति २०८०/०७/१७)

यस नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडलाई आफ्नो कार्यालय भवन बनाउनको लागि जग्गा आवश्यक भएको हुँदा आंशिक वा पुरै जग्गा बिक्री गर्न इच्छुक जग्गाधनीहरुले निम्न लिखित शर्तहरुको अधिनमा रहने गरी आजको मितिले ७ (सात) दिनभित्र यस बैंकको काठमाडौं जिल्ला का.म.न.पा. वडा नं.१, दरबारमार्ग स्थित सामान्य सेवा विभागमा सिलबन्दी प्रस्ताव पत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

- जग्गा का.जि. का.म.न.पा., त्रिपुरेश्वर, बागदरबार, सुन्धारा, विशालनगर, खिचापोखरी क्षेत्र अन्तर्गतको हुनुपर्नेछ।
- जग्गाको क्षेत्रफल कम्तीमा २ देखि ६ रोपनी हुनुपर्नेछ।
- बिक्रि गरिने जग्गाको चालु आर्थिक वर्ष सम्मको मालपोत, पूँजीगत लाभकर सम्बन्धित बिक्रेताले नै तिर्नुपर्नेछ।
- घर/जग्गा कुनै प्रकारको सांध सिमाना, सडक, सन्धि सर्पण, ढल निकासा आदि विवाद एवं मुद्धा नभएको तथा विवाद रहित हुनुपर्नेछ।
- घर/जग्गा प्रचलित मापदण्ड बमोजिम सडक क्षेत्राधिकार भित्र नपरेको हुनुपर्नेछ। यदि प्रस्तावित घर जग्गा सडक विस्तार योजनामा पर्ने भएमा विस्तारमा पर्ने जग्गा घटाएर प्रस्ताव गर्नुपर्नेछ।
- स्थानीय निकाय (महानगरपालिका) ले उपलब्ध गराएको ढल निकास, विद्युत, खानेपानी लगायत सुविधा भएको घर जग्गालाई प्रथामिकता दिइनेछ, साथै प्रस्तावित घर जग्गाको भित्र उच्च क्षमताको विद्युतीय तार प्रवाह नभएको हुनुपर्नेछ।
- पेश हुन आएको प्रस्ताव पत्र मध्ये बैंकलाई उपयुक्त एवं चित्त बुझ्दो लागेको प्रस्तावका सम्बन्धमा थप छलफलको लागि सम्बन्धित जग्गाधनीलाई सम्पर्क गरिनेछ र बैंकलाई उपयुक्त एवम् चित्त बुझ्दो नलागेको प्रस्तावका सम्बन्धमा कुनै जानकारी दिइने वा सम्पर्क गरिने छैन।
- यस सम्बन्धमा थप कुनै जानकारी आवश्यक भएमा यस बैंकको का.जि. का.म.न.पा. वडा नं.१, दरबारमार्ग स्थित केन्द्रिय कार्यालयमा अवस्थित सामान्य सेवा विभागमा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ।
- सिलबन्दी प्रस्ताव पत्रका साथ बिक्रि गरिने जग्गाको जग्गाधनी दर्ता प्रमाणपत्रको प्रमाणित फोटोकपी सहित सम्बन्धित जग्गाधनीबाटै प्रस्तावित बिक्रि मूल्य समेत स्पष्ट रुपमा खुलाई प्रस्ताव पत्र पेश गर्नु पर्नेछ।
- आवेदन दर्ता गराउँदा अनिवार्य रुपमा निम्न उल्लेखित विवरण र कागजातहरु बुझाउनु पर्नेछ।
  १. जग्गाधनी दर्ता प्रमाणपत्रको प्रतिलिपी
  २. बाटो प्रष्ट देखिने नापी नक्सा।
  ३. जग्गाको फोटो।
  ४. जग्गाधनीको प्रमाणित नागरिकताको फोटोकपी।
  ५. प्रस्तावित मुल्य अङ्क र अक्षरमा उल्लेख गर्नुपर्नेछ।
  ६. घर सहित जग्गाको हकमा निर्माणधीन भएमा इजाजत पत्र तथा निर्माण भइसकेको भएमा निर्माण सम्पन्नताको प्रमाणपत्र।
  ७. आ.व. २०८०/८१ सम्मको मालपोत, सम्पत्ती कर, कर चुक्ता आदि चुक्ता गरेका प्रमाणका प्रतिलिपीहरु।
- प्रस्तावित घर जग्गा कम्पनी वा फर्मको नाममा दर्ता कायम रहेको हकमा सिलबन्धी प्रस्तावमा निम्न लिखित कागजातहरु अनिवार्य रुपमा संलग्न हुनुपर्नेछ।
  १. कम्पनी/फर्म को दर्ता प्रमाणपत्रको फोटोकपी।
  २. आय कर दर्ता प्रमाणपत्रको फोटोकपी।
  ३. कम्पनीको प्रबन्धपत्र/नियमावलीको फोटोकपी।
  ४. आ.व. ०७९/०८० सम्मको कर चुक्ता प्रमाणपत्रको फोटोकपी।
  ५. आंशिक वा पूर्ण रुपमा जग्गा बिक्री गर्ने सम्बन्धि संचालक समितिको निर्णय।
- सिलबन्धी खाम बाहिर घर जग्गा बिक्रि सम्बन्धी प्रस्ताव पृष्ट रुपमै लेखि प्रस्तावकको नाम, ठेगाना, सम्पर्क फोन नम्बर,एवं बिक्रि का लागि प्रस्तावित घर जग्गा भएको स्थानको ठेगाना प्रष्ट उल्लेख गरेको हुनुपर्नेछ।
- कुनै पनि प्रस्ताव स्वीकार गर्ने वा नगर्ने तथा पेश गरिएका प्रस्तावहरुको आधारमा घर जग्गा खरिद गर्ने वा नगर्ने सम्बन्धि सम्पूर्ण निर्णय लिने अधिकार बैंकमा सुरक्षित रहनेछ। साथै अस्वीकृत कुनै पनि प्रस्तावको कारण दिन बैंक बाध्य हुने छैन।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

प्रधान कार्यालय
दरबारमार्ग, काठमाडौं
फोन नं:- ५३४२५३०
५३२८२२९

■ आइसिसी टी-२० विश्वकप एसियन छनोट

नेपाल र युएईमध्ये एक विश्वकपमा पुग्ने

ओमानसँग पाँच रनले पराजित भएको नेपाल समूह 'बी'को विजेता युएईसँग आज सेमिफाइनलमा भिड्दै

रमेश सुवेदी/नयाँ पत्रिका

नेपालले आइसिसी टी-२० विश्वकपअन्तर्गत एसियन छनोटको सेमिफाइनलमा चिरपरिचित प्रतिद्वन्द्वी युएईविरुद्ध शुक्रबार मूलपानी क्रिकेट मैदानमा प्रतिस्पर्धा गर्दै छ। युएई र नेपालका लागि यो खेल विश्वकपको ढोका हो। विजयी टोलीले अर्को वर्ष अमेरिका र वेस्ट इन्डिजमा आयोजना हुने आइसिसी टी-२० विश्वकपमा स्थान बनाउनेछ। मूलपानी क्रिकेट मैदानमा पराजित हुने टोली प्रतियोगिताबाट मात्र बाहिरिँदैन, विश्वपकप खेल्ने सपनासमेत अधुरो बन्नेछ। नेपाल र युएईको एउटै लक्ष्य विश्वकप खेल्ने हो। एसियन छनोट प्रतियोगिता सुरु हुनुअघि नेपाल र युएईलाई फाइनलका प्रत्यासीका रूपमा हेरिएको थियो। यी दुवै टोलीबीच सेमिफाइनलमै भिडन्तको समीकरण तयार भयो। फाइनल र विश्वकप प्रवेश खेलमा नेपाल आफ्नै कारणले युएईलाई प्रतिद्वन्द्वीका रूपमा पाएको हो।

त्रिवि क्रिकेट मैदानमा बिहीबार ओमानसँग पाँच रनले पराजित नेपाल समूह 'ए' को उपविजेता बन्यो। ओमान समूह 'ए'को विजेता भयो। समूह 'ए'को उपविजेताले समूह 'बी'को विजेताविरुद्ध खेल्नुपर्छ। समूह 'बी'को विजेता युएई हो। नेपालले ओमानलाई हराउँदा शुक्रबार त्रिवि मैदानमा बहराइनसँग खेल्नुपर्ने थियो। तर, पाँच रनको नमिठो हारले नेपालले अन्तर्राष्ट्रिय क्रिकेटकै निकै परिचित प्रतिद्वन्द्वी युएईविरुद्ध खेल्नुपर्ने बाध्यात्मक अवस्था सिर्जना भयो। मूलपानी क्रिकेट मैदानको नतिजाले उपाधि दाबेदार एक टोली बाहिरिने पक्का छ।

त्रिवि मैदानमा ओमानले पहिलो ब्याटिङ गरी नौ विकेटको क्षतिमा एक सय ४५ रनको मध्यम योगफल बनाएको थियो। टी-२० फर्म्याटमा यस योगफललाई सहजै मान्न सकिन्छ। अझ उत्कृष्ट लयमा रहेको नेपाललाई यो लक्ष्य सामान्यजस्तै थियो। तर, नेपाली ब्याट्सम्यानले जिम्मेवारीपूर्वक ब्याटिङ नगर्दा सिंगो टोली नै २० ओभरमै एक सय ४० रनमै समेटियो। हारसँगै नेपालको भेट युएईसँग हुन पुग्यो। त्रिवि मैदानमा शुक्रबारै ओमानले बहराइनको सामना गर्नेछ।

ओमानका कप्तान जिसन मक्सुदले फाइनलमा नेपाल वा युएईमध्ये को पुग्छ भन्न नसकिने बताएका छन्। 'नेपाल र युएई उस्तै प्रतिस्पर्धी हुनु, यही टोली फाइनल पुग्छ भनेर अहिले भन्न सकिँदैन, नेपालको बलियो पक्ष घरेलु मैदान हो,' समूह 'ए'को विजेता बनेपछि मक्सुदले भने।

अन्तिम ओभरमा २६ रन आवश्यक

नेपालले लक्ष्य पछ्याएको इनिङ्सको अन्तिम ओभरमा २६ रन आवश्यक थियो। क्रिजमा विवेक यादव र करण केसी थिए। ओमानका लागि अनुभवी बलर विलाल खानले बलिङ गरेका थिए। विवेकले १९.१ ओभर, १९.२ ओभर र १९.३ ओभरमा विलालविरुद्ध छक्का प्रहार गर्दै खेल नेपालतर्फ ल्याउन कोसिस गरेका थिए। विलालले एक वाइड र तीन छक्कासहित अन्तिम ओभरको तीन बलमा १९ रन खर्चिसकेका थिए। नेपाललाई तीन बलमा सात रन आवश्यक थियो। इनिङ्सको कुनै समय हारको नजिक पुगेको नेपाल विवेककै विस्फोटक ब्याटिङका कारण सहज अवस्थामा पुगेको हो।

तर, इनिङ्सको १९.४ ओभरमा विलालविरुद्ध अर्को छक्का प्रहार गर्ने क्रममा विवेक आयन खानबाट क्याचआउट भए। उनी आउट हुँदा दुई बलमा सात रन नै आवश्यक रहेथो। इनिङ्सको १९.५ ओभरमा अभिनाश बोहराले एक रन लिँदै स्ट्राइक करणलाई दिए। करण पनि लामो प्रहार गर्न सक्ने खेलाडी हुन्। अन्तिम बलमा नेपाललाई जितका लागि ६ रन र ओमानलाई एक विकेट आवश्यक रहयो। विलालले अन्तिम बलमा करणलाई कलिमउल्लाहबाट क्याच गराउँदै ओमानलाई रोमाञ्चक जित दिलाए। १३ रनमा करण क्याचआउट भएसँगै खेलाडी र समर्थक निराश भए। नेपाललाई जितको आशा दिलाएका विवेकले २४ बलमा पाँच छक्काको सहयोगमा सर्वाधिक ३९ रन बनाए।



ओमानविरुद्धको अन्तिम ओभरमा छलफल गर्दै विवेक यादव र करण केसी। तस्बिर : **ज्ञानेन्द्र कार्की**/नयाँ पत्रिका

घरमै बसेर खेल हेर्न क्यानको अनुरोध

मूलपानी क्रिकेट मैदानमा नेपाल र युएईबीचको सेमिफाइनल खेलका लागि आयोजक नेपाल क्रिकेट संघ (क्यान)ले घरमै बसेर प्रत्यक्ष प्रसारण हेरेर सहयोग गर्न अनुरोध गरेको छ। मूलपानीमा सुविधा नाजुक अवस्थामा छ। दर्शक बस्ने प्यारापिट छैन। शौचालयको सुविधा छैन। क्यानले करिब पाँच सय अट्ने अस्थायी प्यारापिट बनाएको छ। घाँसे मैदानसमेत राम्रो नभएको भन्दै समर्थकले यसअघि नै विरोध गरेका थिए। क्यानले युएईसँगको खेलका लागि ३५ सय टिकट मात्रै वितरणमा राखेको छ। क्यानले अतिथिलाई पास वितरण नगरिएको जनाएको छ। 'नेपाल र युएईबीचको सेमिफाइनल खेलको पास वितरण नगरिएको हुँदा घरमै बसेर खेल हेर्दै सहयोग गर्नुहुन हार्दिक अनुरोध गर्दछौं,' क्यानले विज्ञप्तिमा भनेको छ।

चलेनन् भरपर्दा ब्याट्सम्यान

ओमानविरुद्धको महत्त्वपूर्ण खेलमा नेपालका विश्वासिला ब्याट्सम्यान चल्न सकेनन्। उनीहरूले अनावश्यक सट रोज्दा सस्तै रनमा आउट भए। नेपालको ब्याटिङमा कुनै पनि विकेटका लागि गतिलो साझेदारी भएन। गतिलो साझेदारी हुन नसक्दा नेपाल पराजित भएको मानिएको छ। ओपनर कुशल भुर्तेलले १८ बलमा तीन छक्का र एक चौका प्रहार गरी २६ रन जोडे। अर्का ओपनर आसिफ शेखले पाँच रन मात्र बनाए। मध्यक्रममा अवसर पाएका सोमपाल कामीले १२ रन, कुशल मल्लले १० रन, कप्तान रोहितकुमार पौडेलले १२ रन तथा सन्दीप जोराले १२ रन जोडे। जोरा आउट हुँदा नेपाल १४.५ ओभरमा ८२/७ को दयनीय अवस्थामा थियो। ओमानका लागि विलालले ३० रनमा तीन विकेट लिए। सकिल अहमेद, महरान खान र अविव इयासले समान दुई विकेट लिएका थिए।

ओमानको मध्यम योगफल

करण केसीले सर्वाधिक तीन विकेट लिँदा पहिलो ब्याटिङ गरेको ओमानले मध्यम योगफल खडा गऱ्यो। करणले चार ओभरमा ४३ रन खर्चिए। सन्दीप लामिछाने र सोमपाल कामीले समान दुई विकेट हात पारे। गुल्शन झा र अभिनाश बोहराले समान एक विकेट लिएका छन्। ओमानको इनिङ्समा कप्तान जिसन मक्सुदले सर्वाधिक ३२ रन बनाउन २६ बलमा एक चौका र तीन छक्का प्रहार गरे। मक्सुदलाई अभिनाश बोहराले विकेटकिपर आसिफ शेखबाट क्याच गराए। ओपनर प्रतीक अथाभाले १८ बलमा २४ रन जोडे। नसिम खुसीले २५ रन, आयन खानले १८ रनको योगदान गरे।

ओमानविरुद्ध लामिछाने ह्याट्रिकबाट चुकेका थिए। उनले १३औं ओभरमा लगातार बलमा विकेट लिएका थिए। १३.१ ओभरमा उनले आयन खानलाई बोल्ड गरे। १३.२ ओभरमा मेहरान खानलाई एलबिडब्लूमा गोल्डेन डकआउट पारे। १३.३ ओभरको ह्याट्रिक बलमा नसिमले चौका हानेका थिए। सन्दीपले अन्तर्राष्ट्रिय टी-२० करिअरमा ९४ विकेट पूरा गरेका छन्।

अंक तालिका

समूह ए

टोली	खेल	जित	हार	अंक	रनरेट
ओमान	३	३	०	६	०.९८
नेपाल	३	२	१	४	०.७२
मलेसिया	३	१	२	२	०.१८
सिंगापुर	३	०	३	०	-१.९३

समूह बी

युएई	३	३	०	६	१.४४
बहराइन	३	१	२	२	-०.३९
हङकङ	३	१	२	२	-०.४३
कुवेत	३	१	२	२	-०.६४

सोमपालको ५० विकेट पूरा



तीव्र गतिका बलर सोमपाल कामीले अन्तर्राष्ट्रिय टी-२० मा ५० विकेटको कोसेढुंगा पूरा गरेका छन्। उनले ओमानविरुद्ध दुई विकेट लिँदै ५० विकेट पूरा गरेका हुन्। नेपालबाट यो सफलता प्राप्त गर्ने उनी चौथो खेलाडी हुन्। यसअघि सन्दीप, करण र अभिनाश बोहराले ५० विकेट पूरा गरेका थिए। ओमानविरुद्ध सोमपालले दुई ब्याट्सम्यानलाई बोल्ड गरेका थिए। उनले अकिव इल्यास र सोइब खानको विकेट लिएका थिए।

खेल संक्षेप

नेपालगन्ज म्याराथन ५ मंसिरमा

काठमाडौं/ नवौं नेपालगन्ज म्याराथनको तयारी अन्तिम चरणमा पुगेको छ। ९ मंसिरमा आयोजना हुने म्याराथनको नगद पुरस्कार राशि वृद्धि गर्न लागिएको आयोजक क्रिएटिभ ह्यान्ड्सले बिहीबार जनाएको छ। यसपटक केही सरप्राइज प्याकेज पनि रहने म्याराथनमा नगद पुरस्कारसम्बन्धी विस्तृत जानकारी आयोजकले चाँडै दिनेछ। हरेक वर्ष ५ मंसिरमा नेपालगन्जको बिपी चोक र कोहलपुर चौराहामा दीप प्रज्वलन हुनेछ। क्रिएटिभ ह्यान्ड्सको आयोजना एवं क्रिएटिभगन्ज मिडिया एन्ड इभेन्ट म्यानेजमेन्टको व्यवस्थापन रहेको नेपालगन्ज म्याराथनका लागि गत १ भदौदेखि नै खेलाडी दर्ता खुला गरिएको थियो।

यो म्याराथन एसोसिएसन अफ इन्टरनेसनल म्याराथन एन्ड डिस्टेन्स रेस (एम्स)बाट मान्यताप्राप्त हो। एम्सबाट नेपालगन्ज म्याराथनको ४२.१९५ किमि, २१ किमि, १० किमि र ५ किमि प्रमाणीकरण भएको छ। यस वर्ष अघिल्लो वर्षमा चार विधा थप गरी विभिन्न १४ वटा विधामा स्पर्धा हुनेछ। स्कुलस्तरीयमा बाह्य जिल्ला र स्कुलस्तरीय दौडमा पनि कक्षा ६ देखि ८ तथा ९ देखि १२ सम्मको अलग-अलग स्पर्धा गराइनेछ। प्रतियोगितामा पुरुषतर्फ म्याराथन (४२.१९५ किमि), महिलातर्फ हाफ म्याराथन (२१ किमि) १० किमि पुरुष र महिला खुला स्पर्धा रहेको छ। पाँच किमि स्कुलस्तरीय छात्र एवं छात्रा, किड्स रन (८ देखि १२ वर्ष उमेरसमूह), ५ किमि कर्पोरेट रन, ५ किमि ट्राइसाइकल र ५ किमि वाकाथन समावेश गरिएको छ।

अरुणभ्याली फुटबलको तयारी

संखुवासभा/ संखुवासभाको खाँदबारी नगरपालिका-३ मानेभञ्ज्याङमा आयोजना हुने आठौं अरुणभ्याली आमन्त्रित फुटबल प्रतियोगिताको तयारी अन्तिम चरणमा पुगेको छ। एड्भान्स क्लब मानेभञ्ज्याङको आयोजनामा २० देखि २४ कात्तिकसम्म हुने फुटबल प्रतियोगितामा १२ क्लबले सहभागिता जनाउनेछन्। लोहोरुङ क्लब पाङ्मा, खाँदबारी युथ क्लब खाँदबारी, तुम्लिङटार स्पोर्टिङ तुम्लिङटार, मिमिरे युवा तामाफोक, अरुण एड्भान्स क्लब काठमाडौं, सेकाहा सामुदायिक सेकाहा र शीतलपाटी फुटबल शीतलपाटी रहेका छन्। यसैगरी, कोसी प्रदेश प्रहरी टिम, तीनपोखरी समाज विकास खाँदबारी, पञ्चकन्या धर्मदेवी र सभापोखरी फुटबल सभापोखरीको सहभागिता रहने एड्भान्स क्लबका अध्यक्ष जिल्लामान राईले जानकारी दिए। प्रतियोगिताका विजेताले दुई लाख र उपविजेताले एक लाख पाउनेछन्।

हेटौंडामा खेलकुद महोत्सव हुने

मकवानपुर/ मकवानपुर जिल्ला खेलकुद विकास समितिको आयोजनामा हेटौंडामा ५-१७ पुससम्म खेलकुद महोत्सवको आयोजना हुने भएको छ। खेल क्षेत्रको विकास तथा कोषवृद्धिका लागि महोत्सव आयोजना गर्न लागिएको समितिका अध्यक्ष वेष खड्कीले जानकारी दिएका छन्। महोत्सवमा पुरुष र महिला इभेन्ट्समा उसु, भलिबल र कबड्डी रहेको खड्काले बताए। यसैगरी, जिल्लास्तरीयमा करौंते, फुल कन्ट्याक्ट, आर्चरी र रेस्लिङको आमन्त्रित खेल हुनेछ। महोत्सवमा ब्याडमिन्टनको खुला प्रतियोगिता हुनेछ। आइटिएफ तेक्वान्दो र हकीको प्रदेशस्तरीय प्रतियोगितासमेत समावेश रहेको खड्काले बताए।

वीरगन्ज गोल्डकप शनिबारदेखि

वीरगन्ज/ पाँच वर्षपछि मधेस प्रदेशकै ठूलो धनराशिको प्रथम वीरगन्ज फुटबल गोल्डकप प्रतियोगिताको सम्पूर्ण तयारी पूरा भएको छ। आदर्शनगर रंगशालामै बिहीबार आयोजकले पत्रकार सम्मेलन गर्दै प्रतियोगिताको सबै तयारी पूरा भएको जानकारी दिएको छ। आयोजक भेट्रान सिटी क्लब वीरगन्जले १८ देखि २५ कात्तिकसम्म प्रतियोगिता चल्ने जनाएको छ। वीर गन्जमा हुन लागेको फुटबल प्रतियोगिता मधेश प्रदेशकै ठूलो धनराशि भएको आयोजक क्लबका अध्यक्ष सविन बस्नेतको भनाइ छ। नेपालका पाँच, भारतका दुई र आयोजक क्लबसहित आठ क्लबको सहभागिता रहने अध्यक्ष बस्नेतले बताए। उनका अनुसार प्रतियोगितामा 'ए' डिभिजनका त्रिभुवन आर्मी, नेपाल पुलिस, संकटा, चर्च ब्वाइज युनाइटेड र झापा एफसी क्लब सहभागी हुनेछन्। यस्तै, भारतको क्लाइभ हाउस कोलकाता, नर्थ जोन फुटबल दिल्ली र आयोजक भेट्रान सिटी क्लब वीरगन्जको सहभागिता रहनेछ।

आयोजक भारत सेमिफाइनलमा

श्रीलंकालाई तीन सय दुई रनले हराएको भारत चालू विश्वकप क्रिकेट प्रतियोगिताको अन्तिम चारमा पुग्ने पहिलो टोली

मुम्बई/ आयोजक भारत एकदिवसीय विश्वकप क्रिकेट प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ। मुम्बईको वाँखडे रंगशालामा भारतले बिहीबार पूर्वविजेता श्रीलंकामाथि तीन सय दुई रनको फराकिलो अन्तरले पराजित गर्दै अन्तिम चारको स्थान सुरक्षित गरेको हो। भारतले सात जित खेलमा लगातार निकाली सर्वाधिक १४ अंक जोडेको छ। भारतले पहिलो ब्याटिङ गरी ५० ओभरमा आठ विकेट गुमाउँदै तीन सय ५७ रनको योगफल खडा गरेको थियो। प्रत्युत्तरमा श्रीलंका १९.४ ओभरमा सबै विकेट गुमाउँदै ५५ रनमै समेटियो।

एकदिवसीय खेलमा श्रीलंका १४औं कम योगफलमा अलआउट भएको हो। एकदिवसीय खेल इतिहासमा जिम्बावे अहिलेसम्म ३५ रनको कम योगफलमा धराशायी भएको छ। भारतले विश्वकप इतिहासमा पहिलोपटक फराकिलो जितअन्तर निकाल्यो। यसअघि सन् २००७ मा भारतले बमुन्डालाई दुई सय ५७ रनले हराएको थियो।

सामीले लिए ५ विकेट

भारतलाई वाँखडे रंगशालामा सानदार जित दिलाउने क्रममा बलिङतर्फ मोहमद सामीले पाँच विकेट लिएका थिए। उनले पाँच ओभरमा एक मेडन राखी १८ रन खर्चेका थिए। यसैगरी, मोहमेद सिराजले सात ओभरमा दुई मेडन राखी १६ रन दिँदै तीन विकेट हात पारे। जसप्रित बुमराह र रवीन्द्र जडेजाले समान एक विकेट लिए। श्रीलंकाको कमजोर ब्याटिङ प्रदर्शनमा पाँच ब्याट्सम्यान डकआउट भएका थिए। श्रीलंकाका लागि महिश थिक्षनाले २३ बलमा १२ रन तथा कुसन रजिथाले १७ बलमा १४ रनको योगदान दिएका थिए।

इनिङ्सको एक समय श्रीलंका १३.१ ओभरमा २ ९/८ को अवस्थामा थियो। श्रीलंका इतिहासमै पहिलोपटक जिम्बावेको खराब रेकर्डनजिक पुगेको थियो। तर, कुसन र महिशले नवौं विकेटका लागि २० रन जोडेपछि श्रीलंकाले ४९/९ को प्रदर्शन गऱ्यो। श्रीलंकाले पावर प्लेमै पाँच विकेट गुमाउँदा स्कोर बोर्डमा १४ रन मात्र बनाएको थियो। हारसँगै श्रीलंका विश्वकपको सेमिफाइनल पुग्ने दौडबाट बाहिरिएको छ। श्रीलंकाले सात खेलबाट चार अंक मात्र बनाएको छ। श्रीलंका अहिले सातौं स्थानमा छ।



कोहली सचिनको बराबरी गर्न चुके

पहिलो ब्याटिङ गरेको भारतका पूर्वकप्तान विराट कोहली सचिन तेन्दुलकरको कीर्तिमानी ४९औं एकदिवसीय रेकर्ड बराबरी गर्नबाट चुकेका छन्। कोहलीको नाममा ४८ एकदिवसीय शतक रहेको छ। प्रतियोगिताअन्तर्गत नै उनले बंगलादेशविरुद्ध शतकीय इनिङ्स खेलेका थिए। श्रीलंकासँगको खेलमा उनी ८८ रनमा आउट भए।

उनले ९४ बलमा ११ चौका प्रहार गरेका थिए। भारतको सुरुवात गतिलो भएन। इनिङ्सको दोस्रो बलमै कप्तान रोहित शर्मालाई भारतले गुमाएको थियो। त्यसपछि कोहली र शुभमन गिलले दोस्रो विकेटका लागि एक सय ८९ रनको साझेदारी गर्दै भारतलाई १९३/२ को बलियो स्थितिमा पुऱ्याए। गिलले ९२ बलमा ११ चौका र दुई छक्काको सहयोगमा ९२ रन जोडे। यसैगरी, श्रेयस ऐयरले ५६ बलमा तीन चौका र ६ छक्काको सहयोगमा ८२ रन बनाए। लोकेश राहुल र सूर्यकुमार यादवबीच चौथो विकेटका लागि ५० रनको साझेदारी भएको थियो। जडेजाले २३ बलमा ३५ रन बनाए।

पनौती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पनौती, काभ्रे

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मिति : २०८०/०७/१७ गते)

पनौती नगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट विभिन्न मितिमा प्रकाशित सिलबन्दी बोलपत्र आव्हानको सूचनाबमोजिम यस कार्यालयमा तोकिएको अवधिभित्र रितपूर्वक विद्युतीय माध्यमबाट पेश/दर्ता हुन आएका बोलपत्रहरूको नियमानुसार मूल्याकंन समितिबाट मूल्याकंन गरी न्यूनतम मूल्याकिंत सारभूत रूपमा प्रभावग्राही रहेको भनी स्वीकृतीका लागि सिफारिश भएअनुसार तपशिलको बोलपत्रदाताहरूको बोलपत्र स्वीकृतीका लागि छनौट गर्ने निर्णय भएकाले सार्वजनिक खरीद ऐन, २०६३ को दफा २७(२) बमोजिम छनौट भएको बोलपत्र स्वीकृत गर्ने आशयको यो सात दिने सूचना सम्बन्धित बोलपत्रदाताहरूको जानकारीका लागि प्रकाशित गरिएको छ।

तपशिल

क्र.सं.	कामको विवरण	ठेक्का संकेत नं.	छनौट भएका बोलपत्रदाताको नाम र ठेगाना	कबोल अंक रु. (मू.अ.कर र पिएस बाहेक)
१.	श्वेत गणेश खेल मैदान, बिन्धबासिनी नर्सरी हाइल्याण्ड सडक स्तरोन्नति कार्य,	Upnurssary/20/2080/81	श्री जानुका निर्माण सेवा	रु.३०,८४,५२२.२५
२.	जलदेवी मुक्तिनाथ काभ्राबोट र मुक्तिनाथ कार्कीगाउँ सडक स्तरोन्नति कार्य	Upmukti/21/2080/81	श्री भुग्देउ महाँकाल निर्माण सेवा	रु.३७,६१,००५.००
३.	दोभान चापडाँडा पुराने भोटेगाउँ सडक स्तरोन्नति कार्य, पनौती	Updovan/22/2080/81	श्री आर एस कन्स्ट्रक्सन, मन्थली	रु.११,२७,०४३.२५
४.	ठाडेखोला पर्लाखे पञ्चकन्या सिमाचौर रानीकोट र बाँझखेत मानेपोखरी पर्लाखे भन्ज्यांग सडक स्तरोन्नति कार्य, पनौती १	Upthado/23/2080/81	श्री एभरेष्ट कन्स्ट्रक्सन, मेथिनकोट	रु.३९,५७०९३.७०
५.	बिर्ताडाँडा गोलडाँडा गुर्दुम मोटरबाटो र बि.क. बस्ती सडक स्तरोन्नति	Upbirta/24/2080/81	श्री सुवोदिता कन्स्ट्रक्सन प्रा.लि.	रु.४४,३०,५४१.२०
६.	आचार्यगाउँ नकल खोल्सा गौखुरेश्वर मन्दिर तथा पुछारी बान्डाडा सडक स्तरोन्नति कार्य	Upacharya/25/2080/81	श्री पाल्साङ्ग निर्माण सेवा पनौती-११	रु.३३,५०,९०३.५०
७.	खहरेखोला देविस्थान सिताखाडी ह्याचरी र ढलमले बाहुनगाउँ सडक स्तरोन्नति	Upkhahare/26/2080/81	श्री जय सन्तोषी माँ निर्माण सेवा गोकर्णेश्वर-१३	रु.२७,०३,०४६.२४
८.	दुधमिल बस्नेत गाउँ सडक स्तरोन्नति कार्य,	Updudh/27/2080/81	श्री जय सन्तोषी माँ निर्माण सेवा गोकर्णेश्वर-१३	रु.२६,९५,९८६.६३
९.	जोरघट्ट पोखरीडाँडा गुर्दुम सडक स्तरोन्नति कार्य	Updovan/28/2080/81	श्री सुबोदिता कन्स्ट्रक्सन प्रा.लि	रु.१६,५२,९५९.३०
१०.	टौखाल संखेल र देउराली चामखर बाटो स्तरोन्नति, पनौती-४	Uptaukhal/29/2080/81	श्री अनुपम मल्टिपर्पोज एण्ड कन्सट्रक्सन प्रा.लि., बनेपा-९	रु.३०,७९,९८९।-
११.	खत्री गाउँ तल्लो बाटो, खत्री गाउँ माथिल्लो बाटो र बाँसको झाङ्ग चामखर सडक स्तरोन्नति तथा बाँसडोल खोला पूर्वतर्फ अधुरो कोरिडोर निर्माण,	Upkhatri/30/2080/81	श्री जानुका निर्माण सेवा, पनौती	रु.३४,२९,२१०.००

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com